# घ्याङलेख दर्पण

## (बस्तुगत बिबरण, नीति, कार्यक्रम, बजेट र उपलब्धि समेटिएको पुस्तक)

**प्रकाशक**

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

**संरक्षक/सल्लाहकार**

जगत बहादुर भोलन

दुर्गादेवी सुनुवार

राम कुमार कार्की

**प्रकाशन समिति**

सुरेश कुमार अधिकारी

सुरेन्द्र कुमार स्याङतान

गिरीराज खनाल

किशोर कुमार वाइबा

लक्ष्मण दत्त पन्त

भरतजंग थापा

छिरिङ दार्जे लामा

सुदिप थापा

**प्रकाशन मिति**

२०७८ मंसिर

**प्रकाशन प्रति**

१०००

**तस्बिर**

आवरण पृष्ठः लाखाङ गुम्बा

पछाडीः हायुटार बजार क्षेत्र

**मुद्रण**

वेभ प्रिन्ट एण्ड ट्रेडर्स

काठमाडौं, ९८५१०७८०२७

# प्रकाशकीय

घ्याङलेख गाउँपालिकाले आ. व. ०७८/०७९ को नीति, कार्यक्रम तथा वजेट सम्मानित गाउँ सभाबाट पारित गरिसकेको छ । यसको पूर्ण कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु । नेपालको संविधान, स्थानीय सरकार संञ्चालन ऐन, २०७४ चालु १५ औं योजना, गाउँपालिकाको पहिलो आवधिक योजना तथा अन्य विद्यमान कानूनको अधिनमा रही नीति, कार्यक्रम तथा वजेटको निर्माण गरेका छौं । वजेटको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण विषय हो । यसका लागि सरोकारवाला सबैको एकीकृत पहलको आवश्यकता हुन्छ । एकातिर गाउँपालिकाको वहुआयामिक विकासका लागि आवश्यक कार्यक्रम/योजनाको लामो सूची छ, अर्कातिर नागरिक आवश्यकता पूरा गर्न वजेटको न्यूनता । यसै ले हामीले निर्वाचनमा जनतासामू गरेका सबै वाचा यसपालिको वजेटमा पूरा हुन सक्ने देखिदैन ।

स्थानीय सरकारको निर्वाचन पछि विगतको चार वर्षमा धेरै काम गर्ने प्रयत्न गरेका छौ । भूकम्प पछिको पुननिर्माण, कर्मचारी व्यवस्थापन, विद्युत लाइनको विस्तार, सडक निर्माण, शिक्षा, स्वास्थ्य खानेपानी, सिंचाई, कृषि लगायतका क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएका छन । तथापि उल्लेखित क्षेत्रको विकास, दिगोपन र गुणस्तर कायम गर्न अझ धेरै कार्यहरु बाँकी छ । मर्यादित रोजगारीका अवसरको सिर्जना, गरिवी निवारण तथा सामाजिक आर्थिक रुपान्तरणका लागी अझ थप मेहनतको जरुरी छ ।

विकास निरन्तर चलिरहने प्रकृया हो । दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी यसका आर्थिक, सामाजिक र पर्यावरणीय तीन आयामहरुको विकास गर्न स्थानीय योजना र कार्यक्रमको आवश्यकता छ । उल्लेखित आजको हाम्रो विकासको कार्यसूचि पूरा गर्न हामी सबैको साथ सहयोग र सुझावको अपेक्षा छ ।

प्रस्तुत पुस्तकमा घ्याङलेख गाउँपालिकाको चालु आर्थिक वर्षको नीति, कार्यक्रम, बजेट, गाउँपालिकाको आधारभूत विषयहरु समेटिएको वस्तुगत विवरण, जनप्रतिनिधि तथा कर्मचारीहरुको विवरण, विगत ४ वर्षको प्रगति र आगामी कार्यभार जस्ता विषयहरु आम नागरिक तथा सरोकारवाला सबैको जानकारीका लागि प्रकाशन गरिएको छ । नागरिकको सूचनाको हकको संवैधानिक अधिकारको कार्यान्वयनमा समेत यो प्रकाशान कोशेढुङ्गा सावित हुने अपेक्षा राखेका छौँ । अन्त्यमा घ्याङलेख दर्पण प्रकाशनमा सहयोग गर्नुहुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

# शुभकामना मन्तव्य



सहकारिता, समन्वय र सहअस्तित्वलाई तीन तहको सरकार संचालनको मार्गदर्शक सिद्धान्तको रुपमा हाम्रो संविधानले स्वीकारेको छ । सङ्घीय-प्रादेशिक योजना, नीति, कार्यक्रम तथा बजेटको अधिनमा रहि स्थानीय तहमा विकासका कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । स्थानीय सरकार संचालनको चौथो वर्षमा आईपुग्दा संविधानले कल्पना गरेको आर्थिक-सामाजिक समानता सहितको समतामूलक समाज निर्माण गर्ने राष्ट्रिय कार्यसूचिको एक महत्वपूर्ण हिस्सेदारको रुपमा हाम्रो गाउँपालिका पनि प्रयत्नशील छ ।

स्रोतको सीमितता तथा आवश्यकताको असीमितता बीच सन्तुलन कायम गर्न स्रोतसाधनको दक्षतापूर्ण व्यवस्थापनका लागि नीति, कार्यक्रम र बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ । दिगो विकासको लक्ष्य, सरकारको दीर्घकालिन सोच, आवधिक योजनासँग तादम्यता मिलाउँदै स्थानीय योजनाको कार्यान्वयन गर्नुपर्ने हाम्रो विकासको कार्यादेश हो ।

विश्यव्यापी महामारीका रुपमा रहेको कोरोना भाईरसका (COVID–19) कारण प्रभावित भएको नेपालको अर्थतन्त्रको पुनरुत्थानका लागि प्रभावपकारी कदम चाल्नुपर्ने अतिरिक्त दायित्व हाम्रो काँधमा आइपरेका छ । जसले गर्दा एकातिर वजेटको आकार घटेको छ भने अर्कातिर विनियोजित वजेटको ठुलो हिस्सा महामारीको नियन्त्रणमा खर्च हुनेछ । अझ वजेटको प्राप्तिको सुनिश्चितताको प्रश्न पनि छ ।

विकासका कार्यक्रमको दिगो र वैज्ञानिक व्यवस्थापन गर्दै त्यसको प्रतिफलको समतामूलक बाँडफाँड गरी विगतमा सन्तुलित विकासको ऐतिहासिक वञ्चितीकरणको क्षतिपूर्ति सहित भौतिक र मानवीय विकासको प्यास मेटाउने हाम्रो इमान्दार प्रयत्नमा सबैको साथ, सहयोग र रचनात्मक भूमिकाका लागि अनुरोध गर्दछौं ।

घ्याङलेख गाउँपालिकाको यस प्रकाशनले यस पालिकाको नीति, योजना, कार्यक्रम, वजेट, आर्थिक- सामाजिक, राजनैतिक, भौगोलिक,शैक्षिक, स्वास्थ्य, पूर्वाधार आदिको यथार्थ चित्रणको प्रयत्न गरिएको छ। यसलाई आगामी दिनमा थप परिस्कृत गरिदै लगिने छ। यस प्रकाशनका लागि प्रत्यक्ष अपत्यक्ष सहयोग पुऱ्याउने जनप्रतिनिधि, विभिन्न शाखाका कर्मचारीहरु, समाजसेवी, विज्ञ, शुभचिन्तक तथा सरोकारवाला सबैमा हार्दिक आभार व्यक्त गर्दछौ ।

धन्यवाद !

**जगत बहादुर भोलन**
अध्यक्ष

# शुभकामना मन्तव्य



२०७२ आश्विन ३ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान जारी भएसँगै तीन तहका सरकारहरु क्रियाशील छन । आधारभूत तहको सरकारको रुपमा रहेको स्थानीय सरकार संवैधानिक जिम्मेवारी अनुसार आफ्नो नीति, योजना र कार्यक्रम सहित वजेटको कार्यान्वयन गरिरहेको छ । आ. व. २०७८/०७९ को पाँचौ वजेट कार्यान्वयनको चरणमा छ । हाम्रो घ्याङलेख गाउँपालिका विगतमा विकासका अवसरहरुबाट बञ्चित रहेको यथार्थ हामी सामु छिपेको छैन ।

कृषि, सडक, शिक्षा, स्वास्थ्य, विद्युत, सिंचाई, पर्यटन,संचार लगायतका भौतिक एवम् मानवीय विकासका पूर्वाधारको तीव्र विकास हाम्रो मूख्य प्राथमिकता हो । यी क्षेत्रहरुको विकासबाट मात्र हाम्रो जनतासामुको प्रतिवद्धता पुरा हुने देखिन्छ । यी हाम्रा न्यूनतम कार्यक्रम समेत हुन ।

संघ र प्रदेशबाट प्राप्त न्यून सोत तथा हाम्रो आन्तरिक आयको सीमितताका कारण वजेट निर्माणमा वित्तीय चाप रहेको छ । संविधान, प्रचलित कानून तथा कार्यविधिको अधिनमा रहि प्राथमिकताका आधारमा सीघ्र प्रतिफल दिने, स्थानीय स्रोत साधन र कच्चा पदर्थको परिचालन हुने, रोजगारीका अवसर सिर्जना हुने, गरिवी निवारण तथा सामाजिक विकासमा प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरुको छनैाट गर्ने हाम्रो प्रयत्न रहेको छ ।

वजेट तर्जुमा गर्नु आधारभूत कार्य भएतापनि यसको सफल कार्यान्वयन बिना यसले मुर्तता प्राप्त गर्न सक्दैन । चालु आ.व.मा तर्जुमा गरिएको वजेटको कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी, समाजसेवी, सामुदायिक संस्था, नियामक निकाय तथा आम जनसमुदायको जिम्मेवार भुमिका निर्वाह अपरिहार्य छ । सामाजिक न्याय र समानताको जगमा सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न सँगसँगै हातेमालोको आह्वान गर्दछौ ।

धन्यवाद !

**दुर्गादेवी सुनुवार**
उपाध्यक्ष

# दर्पण प्रकाशन सम्वन्धमा



बर्तमान नेपालको संविधान जारी भएपछि मुलुकको समग्र विकास र सेवा प्रवाहलाई सहज र सरल बनाउन नागरिकको सबैभन्दा नजिकको अधिकार सम्पन्न निकायबाट शासन र सेवाको वितरणको निम्ति स्थानीय तहको संरचनागत व्यवस्था गरियो । अर्थात 'गाउँगाउँमा सिंहदरवार' को अवधारणालाई अनुभूत गराउने र व्यवहारमा लागु गर्ने गरी राज्य शक्तिको प्रयोग गर्ने तीन तहहरु मध्ये एक तह हो स्थानीय तह ।

राज्य संघीय संरचनामा रुपान्तरण भए सँगै नागरिकहरुको सबै भन्दा नजिकको स्थानीय तह घ्याङलेख गाउँपालिकामा २०७६ फाल्गुण देखि रहेर काम गर्ने अवसर प्राप्त भयो । यस अवधिमा कतै श्रोत साधनको अभाव त कतै जनशक्तिको अभावहरुको सामना गर्दै आफ्नो सामर्थ्यले भ्याएसम्म प्राप्त जिम्मेवारी बहन गर्न ईमान्दार प्रयास गरियो । सिन्धुली जिल्लाको भौगोलिक रुपमा विकट तथा दुर्गम क्षेत्रको रुपमा चिनिदै आईरहेको घ्याङलेख गाउँपालिकामा सेवा गर्ने मौकालाई मैले अवसर र चुनौतीको रुपमा पाएको महशुस गरेको छु । घ्याङलेख बसाईको छोटो अवधिमा बिगतका कामहरुको निरन्तरता, केही नयाँ कामहरुको थालनी तथा कतिपय महत्वपूर्ण आयोजनाहरु सम्पन्न हुनु सन्तुष्टीको विषय रहयो ।

घ्याङलेख गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि, वर्तमान वस्तुस्थिति र स्थानीय तह घोषणा भए पश्चात्का सम्पूर्ण उपलब्धीहरु समेटिने गरी "**घ्याङलेख दर्पण**" प्रकाशन हुन गईरहेको छ । गाउँपालिकाको समग्र वस्तुस्थिति, आवश्यक तथ्यांक र सूचनाहरुलाई एकै ठाउँमा समेटी सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, घ्याङलेखका आदरणीय नागरिक र गाउँपालिकाका शुभचिन्तकहरुको उपयोगको लागि "**घ्याङलेख दर्पण**" प्रकाशन गरिएको हो । यस दर्पणको माध्यमबाट सर्वसाधारणहरुले गाउँपालिकाको भौतिक विकासको अवस्था थाहा पाउनुका साथै गाउँपालिको पहिचान झल्कने गीत र लोगो बारे जानकारी प्राप्त गर्नु हुने छ । प्रस्तुत दर्पणमा चालु आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट जस्ता विषयहरु समेत समेटिएकोले यसबाट सर्वसाधारणका साथै निर्माण व्यवसायी, परामर्शदाता र उपभोक्ता समितिहरुले समेत आवश्यक सूचना प्राप्त गर्न सक्नेछन् ।

विभिन्न आरोह अवरोहहरु पार गर्दै प्रकाशित "**घ्याङलेख दर्पण**" को प्रकाशनमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु लगायत कार्यपालिका सदस्यहरु र जनप्रतिनिधिज्यूहरु तथा समस्त घ्याङलेखवासीहरुको महत्वपूर्ण सहयोग रहेको छ । साथै गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, बुद्धिजीविहरु, शिक्षकहरु लगायत संघ सस्थाहरुको योगदानको प्रशंसा गर्दछु । यस "**घ्याङलेख दर्पण**" प्रकाशनमा आफ्नो योगदान सहित महत्वपूर्ण जिम्मेवारी पुरा गरेकोमा पुस्तक प्रकाशन समितिलाई बधाई तथा धन्यवाद दिन चाहन्छु । जय घ्याङलेख ॥

वि.सं. २०७८ मंसिर

**राम कुमार कार्की**
प्रमुख प्रशासकीय अधिकृत

# शुभकामना मन्तव्य



संविधानले स्थानीय तहलाई राजनीतिक, अर्थिक, प्रशासनिक तथा केही हदसम्मका न्यायिक अधिकारहरुको प्रत्याभूति गरेको छ । हामी संघीयता कार्यन्वयनको सैशवकालमा छौ । संविधान र कानूनले सुम्पिएको ऐतिहासिक जिम्मेवारीको परिपालनामा हामीले इमान्दार प्रयास गरेका छौ । गाउँपालिकाले विगत चार वर्षमा हासिल गरेका प्रमुख उपलब्धिहरु, गाउँपालिकाको चिनारी झल्कने प्रोफाइल, चालु आ.व. को नीति तथा कार्यक्रम, वजेट, र महत्वपूर्ण खोजमुलक सामाग्रीहरुको संग्रहको प्रकाशन गर्नु प्रशंसनीय काम हो । यसको प्रकाशनको तयारीमा खटिनुहुने सम्पूर्ण टिमप्रति हार्दिक आभार प्रकट गर्दछु ।

स्थानीय सरकार संचानन ऐनको दफा १२ ले वडा समितिलाई विभिन्न अधिकारहरुको सूचिकरण गरी दिएको छ । साथै अन्य प्रचलित कानूनहरुले सुशासन, विकास र नागरिकसामु सेवा प्रवाहको खातिर जिम्मेवारीहरु सुम्पिएको छ । नागरिकको घरदैलोको सरकारको रुपमा स्थापित स्थानीय सरकारको सेवा प्रवाहको आधारभूत भूमिकामा वडा रहेको छ । सिमित स्रोत साधन, अनुभवको अभाव, चर्को जनशक्तिको अभावका बावजुत हामीले यस अवधिमा सेवा प्रवाहको जग खडा गरेका छौं । हालको संघीय लोकतान्त्रिक गागतन्त्रत्मक व्यावस्था अनुसार स्थानीय तहको निर्वाचन सम्पन्न भई कार्यकालको पाँचौ वर्ष चलिरहेको छ । नागरिकका आकांक्षाहरुको परिपूर्ति लागि क्रियाशिल हुदै आएको विषय हामीसामु छिपेको छैन । यस अवधिमा आफ्नो कानूनी जिम्मेवारीलाई बुझ्दै, सिक्दै निरन्तर सुधार गर्दै लगिरहेका छौं ।

स्थानीय स्तरमा जनताको चाहाना, आवश्यकताको पहिचान गरी एक आपसमा सहकार्य गर्दै अगाडी बढ्ने दृढता व्यक्त गर्न चाहान्छु । जनअपेक्षा तथा स्थानीय आवश्यकता र प्राप्त स्रोत साधनको उचित व्यावस्थापन गरी गाउँसभाबाट पारित नीति तथा कार्यक्रम तथा वजेटको कार्यन्वयनमा गाउँपालिका बासी सम्मूर्ण दाजु-भाइ तथा दिदि-बहिनीहरुको साथ सहयोगको अपेक्षा राखेको छु । धन्यवाद !

जय घ्याङलेख ।

**एक बहादुर खड्का**
प्रवक्ता तथा अध्यक्ष वडा नं.२

विषय सूची


परिच्छेद १: गाउँपालिकाको चिनारी . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १२

१.१ भौगोलिक अवस्थिति . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १२

१.२ ऐतिहासिक चिनारी तथा नामाकरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १२

१.३ राजनीतिक अवस्थिति . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१३

१.४ धरातलीय अवस्था . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१३

१.५ प्राकृतिक सम्पदा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१३

१.६ साँस्कृतिक उत्कृष्टता . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१३

१.७ विकासका सम्भावना . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१३

१.८ ग्राहस्थ उत्पादन . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१३

१.९ मानव विकास सूचकाङ्क . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१३

परिच्छेद २: पारिवारिक विवरण तथा जनसंख्याको अवस्था . . . . . . . . . . . . . . . . . . . . . . . . . . १४

२.१ घरधुरी विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १४

२.२ जनसंख्या वितरणको अवस्था . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १४

२.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १४

२.४ मातृभाषाको आधारमा जनसंख्या विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १५

२.५ धर्म अनुसार जनसंख्या विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १५

२.६ जातिगत आधारमा जनसंख्या विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१६

२.७ घरमुलीको विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१६

२.८ पेशाको आधारमा जनसंख्या विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१६

२.९ आर्थिक रुपले सकृय जनसंख्याको विवरण : . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १७

२.१० अपाङ्गताको आधारमा जनसंख्या विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १९

२.११ बसाइंसराइ सम्बन्धी विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २०

२.१२ व्यक्तिगत घटना सम्बन्धि विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २२

२.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २३

२.१४ संस्थागत विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .२४

परिच्छेद ३: आर्थिक अवस्था . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २५

३.१ प्रमुख आर्थिक विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २५

३.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण . . . . . . . . . . . . . . . . २५

३.१.२ मुख्य पेशा सम्बन्धी विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २५

३.१.३ औसत आम्दानी, खर्च तथा वचत विवरण . . . . . २६
३.१.४ पारिवारिक ऋणको विवरण . . . . . २६
३.१.५ विपन्नता स्तरीकरण विवरण . . . . . २७
३.१.६ खाद्यान्न सुरक्षाको अवस्था . . . . . २७
३.१.७ आवास संरचना विवरण . . . . . २७
३.१.८ गरिबीको दर (गरिबीको रेखामुखी रहेको जनसंख्या) . . . . . २८
३.१.९ आयात र निर्यातको अवस्था . . . . . २८
३.१.१० औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था (काठ, खोटो, जडिबुटी, लोक्ता, अल्लो, चुनढुङ्गा, मार्वल, स्लेट आदि) . . . . २८
३.१.११ बेरोजगार सम्वन्धी विवरण . . . . . २८
३.१.१२ वैदेशिक रोजगारीमा गएकाहरुको विवरण . . . . . २९
३.२ भू-उपयोग तथा स्वामित्व . . . . . ३०
३.२.१ वर्तमान भू-उपयोग . . . . . ३०
३.२.२ भू-स्वामित्व . . . . . ३१
३.२.३ जग्गाको किसिम . . . . . ३२
३.३ कृषि तथा पशु विकास . . . . . ३३
३.३.१ सार्वजनिक पोखरी तथा माछापालन सम्बन्धी विवरण . . . . . ३४
३.३.२ सिंचाइ सुविधाको उपलब्धता विवरण . . . . . ३५
३.३.३ सिंचाइको स्रोत सम्वन्धी विवरण . . . . . ३६
३.३.४ कृषि उत्पादन र बिक्री सम्बन्धी विवरण . . . . . ३६
३.३.५ पशुपन्छीजन्य उत्पादन सम्वन्धी विवरण . . . . . ३७
३.३.६ खाद्यन्न बालीमा लाग्ने रोग तथा कीरा . . . . . ४१
३.३.७ पशुपन्छिमा लाग्ने रोग तथा कीरा . . . . . ४१
३.३.८ व्यवसायिक कृषि गर्न इच्छुकको विवरण . . . . . ४१
३.३.९ व्यवसायिक कृषि तथा पशु फर्महरु र सम्बन्धित मानव संशाधन . . . . . ४२
३.३.१० आधुनिक (व्यवसायिक) साझेदारी फार्महरु सम्वन्धी विवरण . . . . . ४३
३.३.११ कृषि बजार तथा हाट बजार सम्बन्धी विवरण . . . . . ४३
३.४ पर्यटन विकास . . . . . ४३
३.४.१ पर्यटकीय स्थलहरुको विवरण . . . . . ४३
३.४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण . . . . . ४३
३.४.३ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विवरण . . . . . ४३
३.५ उद्योग, व्यापार तथा बैंकिङ्ग . . . . . ४५
३.५.१ औद्योगिक विकास (लघु, घरेलु, साना, मझौला, ठूला, उद्योग, सरकारी, पब्लिक, निजी र सहकारी) . . . . . ४५

३.५.२ निर्माण सेवा सम्वन्धी विवरण ........ ४५
४.५.३ होटेल सम्वन्धी विवरण ........ ४५
३.५.४ कम्प्यूटर/प्रेस/इन्स्टिच्यूट सम्वन्धी विवरण ........ ४६
३.५.५ सिलाई बुनाई सम्वन्धी विवरण ........ ४६
३.५.६ अन्य उद्योग सम्वन्धी विवरण ........ ४६
३.५.७ बैक तथा वित्तिय संस्था सम्वन्धी विवरण ........ ४६
३.५.८ सहकारी संस्थाहरुको विवरण ........ ४७
परिच्छेद ४: सामाजिक अवस्था ........ ४८
४.१ शैक्षिक तथा मानव संशाधनविकास ........ ४८
४.१.१ तहगत रुपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत, मदरसा, गुम्बा) र विद्यार्थी विवरण ........ ४८
४.२ स्वास्थ्यतथा पोषण ........ ५३
४.२.१ स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को विवरण ........ ५३
४.२.२ उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरु ........ ५४
४.२.३ प्रमुख रोग र उपचार सम्बन्धी विवरण ........ ५४
४.३ खानेपानी तथा सरसफाई ........ ५५
४.३.१ खानेपानी सुविधाको अवस्था : ........ ५५
४.३.२ खानेपानीको श्रोतको विवरण ........ ५६
४.३.३ शौचालय प्रयोगको अवस्था ........ ५६
४.३.४ फोहोरमैला व्यवस्थापन ........ ५६
परिच्छेद ५: वन तथा वातावरणीय स्थिति ........ ५७
५.१ वन तथा वातावरणीय : ........ ५७
५.१.१ वन क्षेत्र र प्रकार सम्वन्धी विवरण ........ ५७
५.१.२ वन प्रकार सम्बन्धी विवरण ........ ६०
५.१.३ नदी तथा खोला सम्बन्धी विवरण ........ ६१
५.१.४ विपद् जोखिम व्यवस्थापन ........ ६१
५.१.५ जोखिमयुक्त (संवेदनशिल स्थानमा बसोबास गरेका परिवार) विवरण ........ ६१
५.१.६ विपद्/प्रकोपको प्रकार विवरण ........ ६२
परिच्छेद ६: भौतिक विकासको अवस्था ........ ६३
६.१ यातायात पूर्वाधार ........ ६३
६.१.१ सडक संजालको विद्यमान अवस्था ........ ६३
६.१.२ मुख्य सडकहरु ........ ६३
६.१.३ झोलुंगे पुल तथा पुलपुलेसा ........ ६४

६.२ विद्युत तथा वैकल्पिक उर्जा . . . . . ६४
६.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार). . . . . ६४
६.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार . . . . . ६५
६.२.३ जलविद्युत, सौर्य उर्जा, वायु उर्जाबाटा विद्युत उत्पादन विवरण :. . . . . ६५
६.२.४ परिवारले उपभोग गरेको सुविधाहरु . . . . . ६६
६.३ आवास तथा भवन . . . . . ६६
६.३.१ छानोको प्रकारका आधारमा घरधुरी . . . . . ६६
अनुसुची १ जनप्रतिनिधिहरुको विवरण . . . . . ६७
अनुसुची २ घ्याङलेख गाउँपालिकाको कर्मचारी विवरण . . . . . ६८
अनुसुची ३ सिन्धुली जिल्लास्थित विभिन्न कार्यालयहरु . . . . . ७२
परिच्छेद ७ : नीति, कार्यक्रम र बजेट तथा आर्थिक ऐन . . . . . ७३
परिच्छेद ८ : बिविध . . . . . १९१
८.१ विगत ४ वर्षका उपलब्धि र अवको कार्यदिशा. . . . . १९१
८.२ घ्याङलेखमा सूचना प्रविधिको विकास र भविष्य . . . . . १९५
८.३ महत्तवपूर्ण तस्विरहरुको संग्रह . . . . . १९७

परिच्छेद
१

# गाउँपालिकाको चिनारी

## १.१ भौगोलिक अवस्थिति

घ्याङलेख गाउँपालिका १६६.७७ वर्ग कि.मि. क्षेत्रफलमा फौलिएको छ । समुन्द्री सतहबाट तल्लो सतह ४८४ मिटर देखि माथिल्लो सतह फापरचुली २३८० मिटर सम्म उचाइमा अवस्थित यस गाउँपालिकामा उष्ण मनसुनी, न्यानो समशितोष्ण, ठण्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । यस गाउँपालिकाको औसत तापक्रम २० डिग्री सेल्सियस र औषत वर्षा १८४१ मिलिमिटर हुन्छ । महाभारतको काखमा रहेको यस घ्याङलेख गाउँपालिकामा प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पथ्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ ।

अक्षांश : २७ डिग्री १८ मिनटदेखि २७ डिग्री २१ मिनट उत्तरी ।
देशान्तर : ८५ डिग्री ४१ मिनटदेखि ८५ डिग्री ५२ मिनटदेखि पूर्वी ।

**सिमाना**

पूर्वमा : सिन्धुली जिल्लाको कमलामाई नगरपालिका ।
पश्चिममा : काभ्रेपलान्चोक जिल्लाको महाभारत र सिन्धुली जिल्लाको मरिण गाउँपालिका ।
उत्तरमा : काभ्रेपलान्चोक जिल्लाको रोशी र सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका ।
दक्षिणमा : सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र मरिण गाउँपालिका ।
**क्षेत्रफल** : १६६.७७ वर्ग कि.मि.
लम्बाई : सरदर २०.५ कि.मि.
चौडाई : सदरदर ६.५ कि. मि.

## १.२ ऐतिहासिक चिनारी तथा नामाकरण

साविकको नेत्रकाली गा.वि.स.मा रहेको घ्याङलेख डाँडोबाटनै यस गाउँपालिकाको नाम 'घ्याङलेख' रहन गएको हो । तामाङ भाषामा 'घ्याङ' भन्नाले देवी देवता बस्ने ठाउ र 'लेख' भन्नाले अग्लो ठाउँ जनाउने हुँदा सो अग्लो डाँडामा तामाङहरुको इष्टदेवता रहने भएको हुनाले त्यस ठाउँको नाम **घ्याङलेख** रहन गएको देखिन्छ । त्यस घ्याङलेख डाँडामा परापूर्व समय देखि नै माघे सक्रान्तीका दिन ठूलो मेला लाग्ने गरेको र यस क्षेत्र वरिपरिका मानिसहरु सो मेला भर्न ठूलो संख्यामा आउने गरेको तथ्यबाट पनि सो ठाउँको ऐतिहासिक महत्व रहेको छ । वर्तमान समयमा सो ठाउँमा मेला लाग्ने प्रचलन हराएता पनि यस ठाउँको ऐतिहासिक महत्वलाई पुनर्ताजगी गराउन यस गाउँपालिकाको नाम घ्याङलेख राखिएको हो ।

घ्याङलेख गाँउपालिकाको शिरमा रहेको फापरचुली(शिवजीको वासस्थान) मानिने यस धार्मिक एवंम पर्यटकीय स्थानमा फापर चुली भ्यूटावरको निर्माण गरिँदै छ । सहिद भूमी भनेर चिनिने सिम्ले गाउँले कान्ती देखाउँछ भने लाखाङ गुम्बा, सोलाभञ्ज्याङ जस्ता स्थानहरुलाई शान्तीको प्रतिकको रुपमा चिनारी पाएका छन् । सातदोबाटो, हायुटार, चौकी डाँडा, सिम्पाल जस्ता विभिन्न स्थानहरुले यस गाउँपालिकाको ऐतिहासिक महत्वलाई दर्शाएका छन् । सर्वेक्षण अनुसार यस गाउँपालिकामा देहाय वमोजिमका पर्यटकीय स्थलहरु रहेका छन, जसमा तल उल्लेख गर्न सकिन्छ ।

१. फापरचुली क्षेत्र
२. सिम्ले गाउँ
३. सोलाभञ्ज्याङ
४. सात दोबाटो
५. चौकी डाँडा
६. तामाजोर क्षेत्र
७. सिम्पाल
८. गोपे क्षेत्र

## १.३ राजनीतिक अवस्थिति

साविक मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको सिन्धुली जिल्लाको साविकको ५३ वटा गा.वि.स.हरु मध्ये अमले, बस्तिपुर, तामाजोर, नेत्रकाली र शान्तेश्वरी गा.वि.स.हरुलाई समायोजन गरी ५ वटा वडामा विभाजन गरी २०७३ साल फाल्गुण २७ गते घ्याङलेख गाउँपालिका गठन भएको हो । संघीय लोकतन्त्र गणतन्त्र नेपालको ७ वटा प्रदेश मध्ये बागमती प्रदेशको १३ वटा जिल्लामध्ये सिन्धुली जिल्लाको संघीय निर्वाचन क्षेत्र नं. २ प्रदेश निर्वाचन क्षेत्र २ ख मा यो घ्याङलेख गाउँपालिका पर्दछ ।

## १.४ धरातलीय अवस्था

यस गाउँपालिका महाभारत पर्वतमापर्ने हुनाले प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पथ्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ ।

## १.५ प्राकृतिक सम्पदा

प्राकृतिक रुपले मनोरम साल, सिरिस, खयर, बर्रो, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते कटुस, चिलाउने, उत्तिस, लाकुरी आदी जस्ता रुखहरु र लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, आदि प्रकारका जनावर आदिको बासस्थानको रुपमा रहेको यस गाँउपालिकामा मरिण खोला, तामाजोर खोला, चाउखोला, रातु खोला, सिम्ले खोला, ठाडो खोला, चालिसे खोला आदि खोला, रातु खोला, लिपे खोला आदी ।

## १.६ साँस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा मनाईने मुख्य चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, रामनवमी, शिवरात्री, फागुपुर्णिमा, बुद्धपूर्णिमा, नागपञ्चमी, माघेसकान्ती, साउने संकान्ती, कृष्णजन्माष्टमी, चैतेदशै, हरिशयनी एकादशी, हरीवोधनी एकादशी, कुशेऔंसी आदि पर्दछन भने सोनाम ल्होछार, ग्याल्पो, साकेला नाच, लाखे नाच, बालन नाच, साकेला नाचले संस्कृतिलाई जगेर्ना गरेको छ ।

## १.७ विकासका सम्भावना

सिन्धुली जिल्लाको सांस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण यस गाउँपालिकामा विकासका धेरै नै सम्भावना भएता पनि भौगोलिक विकटता को कारण ले विकास ले सोचे जस्तो फड्को मार्न सकिरहेको छैन ।

## १.८ ग्राहस्थ उत्पादन

उत्पादनको दृष्टिले यस गाउँपालिकामा मकै, कोदो, धान, आलु, तोरी, प्याज, लसुन, गहुँ आदि खेती गरिने गरिन्छ । यस गाउँपालिकामा तोरी र आलु धेरै मात्रामा उत्पादन हुने गरेको छ ।

## १.९ मानव विकास सूचकाङ्क

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सन् २०२० को प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०२, प्रतिव्यक्ति कुल राष्ट्रिय आय ११९६ डलर र कुल गंहास्थ उत्पादन ११९१ डलर रहेको देखिन्छ । विश्व विकास बैंकको सन् २०१९ को सर्वेक्षण अनुसार नेपालीको औषत आयु ७०.७७८ वर्ष रहेको छ ।

परिच्छेद
२

# पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## २.१ घरधुरी विवरण

पाँच वडामा विभाजित यस घ्याङलेख गाउँपालिकामा जम्मा २७११ घरधुरी छन् । जसमध्ये वडा नं.४ मा सबै भन्दा बढी घरधुरी ७२१ र सबै भन्दा कम घरधुरी ३७३ वडा नं.१ मा अवस्थित छन् । तलको तालिकामा वडागत रुपमा घरधुरीको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.१ वडागत रूपमा घरधुरी विवरण**

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| घरधुरी | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

## २.२ जनसंख्या वितरणको अवस्था

घ्याङलेख गाउँपालिकामा जम्मा १७३०३ जनसंख्याको बसोबास रहेको छ ।  सबै भन्दा बढी जनसंख्या वडा नं. ४ मा ४७५६ र सबै भन्दा कम जनसंख्या वडा नं. १ मा २०६४ छन् । नेपालको कुल जनसंख्याको ०.०६५ प्रतिशत जनसंख्या यस गाउँपालिकामा छन् । तलको तालिकामा वडागत रुपमा जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.२ वडागत रूपमा जनसंख्याको विवरण**

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| जनसंख्या | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ |

## २.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

यस गाउँपालिकाको कुल जनसंख्याको ५१.४ प्रतिशत पुरुष र ४८.६ प्रतिशत महिला छन् । वडा अनुसार हेर्दा पनि सबै वडामा पुरुषकै बाहुल्यता बढी भएको देखियो । तलको तालिकामा वडागत रुपमा लिङ्गको आधारमा जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.३ (१) लिङ्गको आधारमा जनसंख्याको विवरण**

| लिङ्ग/ वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| पुरुष | १०५८ | १९२१ | १५६४ | २४५७ | १८८८ | ८८८८ |
| महिला | १००६ | १८८७ | १४४८ | २२९९ | १७७५ | ८४१५ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ |
| पुरुष % | ५१.६ | ५०.४ | ५१.९ | ५१.७ | ५१.५ | ५१.४ |
| महिला % | ४८.७ | ४९.६ | ४८.१ | ४८.३ | ४८.५ | ४८.६ |

### तालिका नं. २.३ (२) उमेरको आधारमा जनसंख्याको विवरण

| वडा /उमेर | ०-१८ | १८-४० | ४०-६० | ६० + | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७२९ | ७६४ | ३७७ | १९४ | २०६४ |
| २ | १३७३ | १४६९ | ६४७ | ३१९ | ३८०८ |
| ३ | १२७८ | १०९६ | ४३३ | २०५ | ३०१२ |
| ४ | २०४२ | १८०० | ६४९ | २६५ | ४७५६ |
| ५ | ५४२२ | ५१२९ | २१०६ | ९८३ | १३६४० |
| जम्मा | ६९२३ | ६५३७ | २६२१ | १२२२ | १७३०३ |

## २.४ मातृभाषाको आधारमा जनसंख्या विवरण

यस गाउँपालिकामा तामाङ भाषा मुख्य भाषाको रुपमा रहेको सर्भेक्षणबाट देखिन आउँछ । कुल जनसंख्याको ७४.१ प्रतिशत बासिन्दाले बढी मात्रामा तामाङ भाषा प्रयोग गर्ने गरेको र दोस्रो स्थानमा खस पर्वते भाषा/नेपाली भाषा १८ प्रतिशतले मात्रा प्रयोग गर्ने गरेको देखिन्छ । यस्तै विभिन्न भाषा प्रयोग गर्ने जनसंख्याको आधारमा वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २.४ मातृभाषाको आधारमा जनसंख्याको विवरण

| मातृभाषा / वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| तामाङ भाषा | १७४३ | २२७० | २५५२ | ४१४१ | २१३१ | १२८३७ | ७४.१९ |
| खस पर्वते भाषा/नेपाली भाषा | ३०६ | ६३४ | १६९ | ५७५ | १४४७ | ३१३१ | १८.१० |
| मगर भाषा | १ | ३४५ | ४१ | ४० | ५८ | ४८५ | २.८० |
| थामी भाषा | ० | ३४८ | ० | ० | ० | ३४८ | २.०१ |
| सुनुवार भाषा | १३ | १९८ | ६३ | ० | ० | २७४ | १.५८ |
| नेवारी भाषा | ० | ० | १८६ | ० | २६ | २१२ | १.२३ |
| भाषा नखुलेको | १ | १३ | १ | ० | १ | १६ | ०.०९ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ | १००.०० |

## २.५ धर्म अनुसार जनसंख्या विवरण

यस गाउँपालिकामा बौद्ध धर्म मान्ने जनसंख्या सबै भन्दा धेरै छन् । कुल जनसंख्याको ७५ प्रतिशत जनसंख्याले बौद्ध धर्म मान्छन् । बौद्ध धर्म मान्ने जनसंख्या पछि हिन्दु धर्म मान्ने जनसंख्या २३ प्रतिशत छन् । त्यस्तै गरि क्रिश्चियन धर्म, किरात धर्म आदि धर्म मान्ने जनसंख्याको वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २.५ धर्मका आधारमा जनसंख्याको विवरण

| धर्म / वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| बौद्ध | १७६५ | २२३२ | २५५२ | ४१०६ | २३१२ | १२९६७ | ७४.९४ |
| हिन्दु | २६६ | १३७७ | ४५९ | ५७८ | १२६७ | ३९४७ | २२.८१ |
| क्रिश्चियन | २० | १३८ | ० | ७१ | ७२ | ३०१ | १.७४ |
| किरात | १२ | ५८ | ० | ० | ० | ७० | ०.४० |
| बोन | ० | १ | ० | ० | ११ | १२ | ०.०७ |
| खुलाउन नचाहेको | १ | २ | १ | १ | १ | ६ | ०.०३ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ | १००.०० |

## २.६ जातिगत आधारमा जनसंख्या विवरण

यस गाउँपालिकामा तामाङको जनसंख्या सबै भन्दा धेरै छन । जसमा कुल जनसंख्याको ७४.५७ प्रतिशत छन ।

**तालिका नं. २.६ जातिगत आधारमा जनसंख्याको विवरण**

| जाति | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| तामाङ | १७७९ | २२३५ | २५५३ | ४१६६ | २१६९ | १२९०२ | ७४.५७ |
| थामी | ० | ३५५ | ० | ० | ० | ३५५ | २.०५ |
| नेवार | ० | ० | १९० | ४५३ | ४६४ | ११०७ | ६.४० |
| दमाई | ७ | ३६ | ११ | ० | ५३ | १०७ | ०.६२ |
| मगर | २ | ४८२ | ४१ | ४४ | ८३१ | १४०० | ८.०९ |
| कामी | १०५ | ९१ | १४९ | १८ | १४६ | ५०९ | २.९४ |
| क्षेत्री | ९४ | ३२८ | ५ | ३३ | ० | ४६० | २.६६ |
| बाह्मण | ० | १२ | ० | १२ | ० | २४ | ०.१४ |
| सार्की | ० | ० | ० | ३० | ० | ३० | ०.१७ |
| सुनुवार | ७७ | २६९ | ६३ | ० | ० | ४०९ | २.३६ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ | १००.०० |

## २.७ घरमुलीको विवरण

यस गाउँपालिकामा २१६० घरधुरीमा घरमुलीको रुपमा पुरुष छन् भने ५५१ घरधुरीमा घरमुलीको रुपमा महिला रहेका छन् । घरमुलीको वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.७ घरमुलीको विवरण**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २८९ | ८४ | ३७३ |
| २ | ५०४ | १०१ | ६०५ |
| ३ | ४२५ | ६९ | ४९४ |
| ४ | ५०६ | २१५ | ७२१ |
| ५ | ४३६ | ८२ | ५१८ |
| जम्मा | २१६० | ५५१ | २७११ |

## २.८ पेशाको आधारमा जनसंख्या विवरण

घ्याङलेख गाउँपालिकामा मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ । ४२८७ जनसंख्या जिविको पार्जनको लागि कृषि पेशामा आवद्ध छन् । ९४५ जनसंख्याले नोकरी पेशाबाट आफ्नो जिविको पार्जन गर्दै आइरहेका छन् । हाल सम्म पनि ६३० जनसंख्या बेरोजगार छन् । ५८८ जनसंख्या वैदेशिक रोजगारीमा आवद्ध छन् । अन्य पेशा जस्तै ज्याला, मजदुरी, उद्योग, व्यवसाय आदिमा आवद्ध जनसंख्याको वडागत विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २.८ पेशाको आधारमा जनसंख्याको विवरण

| पेशा / वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| कृषि तथा पशुपालन | ५१३ | १२३० | ४५० | १७७१ | ३२३ | ४२८७ | २४.७८ |
| विद्यार्थी (अध्ययनरत) | ४०९ | ७३२ | ५११ | ९३६ | ७०२ | ३२९० | १९.०१ |
| गृहणी | ५१९ | ६१५ | ६०८ | २९ | ८२७ | २५९८ | १५.०१ |
| नोकरी/जागीर | १०१ | १६४ | ४४ | ४११ | २२५ | ९४५ | ५.४६ |
| ज्याला/मजदुरी | ३६ | १२२ | २४७ | १३५ | ३४२ | ८८२ | ५.१० |
| वेरोजगार | २८ | ९३ | २०७ | ६० | २४२ | ६३० | ३.६४ |
| वैदेशिक रोजगारी | ९२ | ८६ | १२९ | २०४ | ७५ | ५८८ | ३.४० |
| उद्योग तथा व्यापार | २४ | ८६ | ६९ | ९७ | ४१ | ३१७ | १.८३ |
| व्यावसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि | २ | ९ | ३३ | ३ | ९५ | १४२ | ०.८२ |
| अन्य | ३३८ | ६७१ | ७१४ | १११० | ७९१ | ५२ | ०.३० |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ | १००.०० |

## २.९ आर्थिक रूपले सकृय जनसंख्याको विवरण :

आर्थिक रुपले हेर्दा १८ देखि ४० वर्ष को जनसंख्या कृषि तथा पशुपालन, नोकरी र बैदेसिक रोजगारी, मा लागेको देखिन्छ भने बाकी विवरण तलको तालिका मा हेर्न सकिन्छ।

### तालिका नं. २.९ उमेरको आधारमा आर्थिक रूपले सकृय जनसंख्याको विवरण

| उमेर | ०-१८ | १८-४० | ४०-६० | ६० + | जम्मा |
|---|---|---|---|---|---|
| वडा न १ | | | | | |
| अन्य | ३३७ | ० | १ | ० | ३३८ |
| उद्योग तथा व्यापार | १ | १७ | ५ | १ | २४ |
| कृषि तथा पशुपालन | ३७ | २१६ | १६२ | ९८ | ५१३ |
| गृहणी | ८ | २५२ | १६७ | ९२ | ५१९ |
| ज्याला/मजदुरी | ५ | २६ | ५ | ० | ३६ |
| विद्यार्थी (अध्ययनरत) | ३३१ | ७८ | ० | ० | ४०९ |
| नोकरी/जागीर | ३ | ७१ | २६ | १ | १०१ |
| वेरोजगार | ६ | १७ | ४ | १ | २८ |
| वैदेशिक रोजगारी | १ | ८७ | ५ | १ | ९४ |
| व्यावसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि | ० | ० | २ | ० | २ |
| जम्मा वडा न १ | ७२९ | ७६४ | ३७७ | १९४ | २०६४ |

| उमेर | ०-१८ | १८-४० | ४०-६० | ६० + | जम्मा |
|---|---|---|---|---|---|
| वडा न २ | | | | | |
| अन्य | ६६७ | १ | २ | १ | ६७१ |
| उद्योग तथा व्यापार | १ | ५७ | २४ | ४ | ८६ |
| कृषि तथा पशुपालन | १०३ | ५४३ | ३७५ | २०९ | १२३० |
| गृहणी | ९ | ३२६ | १८२ | ९८ | ६१५ |
| ज्याला/मजदुरी | ३ | १०० | १८ | १ | १२२ |
| नोकरी/जागीर | ६ | १२६ | २९ | ३ | १६४ |
| विद्यार्थी (अध्ययनरत) | ५७२ | १६० | ० | ० | ७३२ |
| वेरोजगार | ९ | ७९ | ४ | १ | ९३ |
| वैदेशिक रोजगारी | ३ | ७३ | १० | ० | ८६ |
| व्यावसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि | ० | ४ | ३ | २ | ९ |
| जम्मावडा न २ | १३७३ | १४६९ | ६४७ | ३१९ | ३८०८ |
| वडा न ३ | | | | | |
| अन्य | ७०४ | ४ | ४ | २ | ७१४ |
| उद्योग तथा व्यापार | १ | ५० | १६ | २ | ६९ |
| कृषि तथा पशुपालन | ४ | १५३ | १८० | ११३ | ४५० |
| गृहणी | १७ | ३४८ | १६७ | ७६ | ६०८ |
| ज्याला/मजदुरी | २५ | १९१ | २८ | ३ | २४७ |
| नोकरी/जागीर | ० | ३५ | ९ | ० | ४४ |
| विद्यार्थी (अध्ययनरत) | ४५३ | ५८ | ० | ० | ५११ |
| वेरोजगार | ६७ | १२५ | ७ | ८ | २०७ |
| वैदेशिक रोजगारी | १ | ११० | १८ | ० | १२९ |
| व्यावसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि | ६ | २२ | ४ | १ | ३३ |
| जम्मावडा न ३ | १२७८ | १०९६ | ४३३ | २०५ | ३०१२ |
| वडा न ४ | | | | | |
| अन्य | ११०१ | ५ | १ | ३ | १११० |
| उद्योग तथा व्यापार | २ | ७१ | १९ | ५ | ९७ |
| कृषि तथा पशुपालन | १०८ | ८९५ | ५२९ | २३९ | १७७१ |

| उमेर | ०-१८ | १८-४० | ४०-६० | ६० + | जम्मा |
|---|---|---|---|---|---|
| गृहणी | ० | २४ | ५ | ० | २९ |
| ज्याला/मजदुरी | ११ | ११२ | १० | २ | १३५ |
| नोकरी/जागीर | ४० | ३२१ | ४९ | १ | ४११ |
| विद्यार्थी (अध्ययनरत) | ७७६ | १६० | ० | ० | ९३६ |
| वेरोजगार | ३ | ३२ | १० | १५ | ६० |
| वैदेशिक रोजगारी | १ | १७९ | २४ | ० | २०४ |
| व्यावसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि | ० | १ | २ | ० | ३ |
| जम्मावडा न ४ | २०४२ | १८०० | ६४९ | २६५ | ४७५६ |
| वडा न ५ | | | | | |
| अन्य | ७६१ | २५ | २ | ३ | ७९२ |
| उद्योग तथा व्यापार | ० | ३३ | ७ | १ | ४१ |
| कृषि तथा पशुपालन | ५ | १३३ | १३३ | ५२ | ३२३ |
| गृहणी | २७ | ४७४ | २५३ | ७३ | ८२७ |
| ज्याला/मजदुरी | ४६ | २४३ | ५० | ३ | ३४२ |
| नोकरी/जागीर | १३ | १८३ | २६ | ३ | २२५ |
| विद्यार्थी (अध्ययनरत) | ५९७ | १०५ | ० | ० | ७०२ |
| वेरोजगार | ५० | ७४ | १९ | ९९ | २४२ |
| वैदेशिक रोजगारी | १ | ७१ | ३ | ० | ७५ |
| व्यावसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि | ० | ६७ | २२ | ६ | ९५ |
| जम्मावडा न ५ | १५०० | १४०८ | ५१५ | २४० | ३६६३ |
| कुल जम्मा | ६९२३ | ६५३७ | २६२१ | १२२२ | १७३०३ |

## २.१० अपाङ्गताको आधारमा जनसंख्या विवरण

घ्याङलेख गाउँपालिकामाशारीरिक अपाङगता भएका व्यक्तिहरु १०८ जना, बोल्न तथा सुन्न नसक्ने २२ जना, मनोसामाजिक अपाङगता भएका १३ जना, दृष्टिविहिन ११ जना, बोलाईसम्बन्धी अपाङगता भएका १२ जना श्रवण दृष्टीविहिन ५ जना र वौद्धिक अपाङगता भएका ४ जना गरि यस गाउँपालिकामा जम्मा १७५ जना अपाङ्ग नागरिकमा गनिन्छन् ।जसमध्ये ६३ जनाले अपाङ्गता परिचयपत्र हालसम्म लिएका छैनन् भने परिचय पत्र लिएका मध्ये रातो रंगको (क वर्ग) को परिचय पत्र ३७ जनाले, निलो रंग (ख वर्ग )को परिचय पत्र ३० जनाले र पहैंलो रंग ( ग वर्ग) को परिचय पत्र २१ जनाले लिएका छन् । वडागत रुपमा विस्तृत विवरण तपसिलका तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २.१० (१) अपाङ्गताको आधारमा जनसंख्याको विवरण

| अपाङ्गताको स्थिति | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| अपाङ्गता नभएको | २०३७ | ३७६७ | २९७८ | ४६९३ | ३६१९ | १७०९४ |
| शारीरिक अपाङ्गता | १८ | २१ | ११ | ४२ | २६ | ११८ |
| वोल्न तथा सुन्न नसक्ने (बहिरा) | १ | ४ | ५ | ८ | ६ | २४ |
| मनोसामाजिक अपाङ्गता | ३ | ७ | २ | १ | ३ | १६ |
| स्वर वोलाईसम्बन्धी अपाङ्गता (भकभके) | २ | ४ | ६ | ८ | ६ | २६ |
| दृष्टिविहीन | ३ | २ | ७ | ३ | १ | १६ |
| श्रवण दृष्टीविहीन | ० | ३ | २ | ० | ० | ५ |
| वौद्धिक अपाङ्गता | ० | ० | १ | १ | २ | ४ |
| जम्मा अपाङ्ग | २७ | ४१ | ३४ | ६३ | ४४ | २०९ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ |

### तालिका नं. २.१० (२) अपाङ्गताको परिचयपत्र लिएको/नलिएको आधारमा वडागत विवरण

| अपाङ्गताको परिचयपत्र/वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| थाहा छैन' | ७ | ० | ० | २ | ३ | १२ |
| निलो रंगको परिचयपत्र (ख बर्गको) | १ | ३ | ७ | १३ | ६ | ३० |
| पहेँलो रंगको परिचयपत्र (ग बर्गको) | ० | ५ | ० | ११ | ५ | २१ |
| रातो रंगको परिचयपत्र (क बर्गको) | २ | ९ | १५ | ६ | ५ | ३७ |
| लिएको छैन | ४ | ८ | ७ | १७ | २७ | ६३ |
| सेतो रंगको परिचयपत्र (घ बर्गको) | १ | ३ | ० | ६ | २ | १२ |
| जम्मा | १५ | २८ | २९ | ५५ | ४८ | १७५ |

## २.११ बसाइंसराइ सम्बन्धी विवरण

घ्याङलेख गाउँपालिकाबाट ३६७४ जनाले अन्यत्र बसाइसराई गरेका छन् । यस गाउँपालिकाबाट काठमाडौंमा बसाइसराई गर्नेको संख्या उच्च मात्रामा देखिएको छ । २५६३ जना काठमाडौंमा बस्दै आइरहेका छन् । काभ्रेपलाञ्चोक जिल्लामा ४२१ जना र भक्तपुरमा जिल्लामा २८२ जना बसाइसराई गरेका छन् । तपसिलको तालिकामा वडागत रुपमा विवरण प्रस्तुत गरिएको छ ।

### तालिका नं. २.११ (१) वडागत रूपमा बसाइंसराइ सम्बन्धी विवरण

| स्वदेशमा अन्यत्र बसेको जिल्ला | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| काठमाडौं | १५१ | ४४७ | ३५३ | ७३० | ८८२ | २५६३ |
| काभ्रेपलाञ्चोक | ० | १० | ९७ | १७१ | १४३ | ४२१ |
| भक्तपुर | ६ | २३ | १४३ | ६८ | ४२ | २८२ |
| सिन्धुली | ६६ | २४ | १७ | २७ | ५८ | १९२ |

| स्वदेशमा अन्यत्र बसेको जिल्ला | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| ललितपुर | ० | ५ | ३१ | ३ | ५१ | ९० |
| सर्लाही | ० | ६ | १० | ८ | ९ | ३३ |
| चितवन | ० | ० | ४ | ० | ८ | १२ |
| कास्की | ० | ० | ० | २ | ७ | ९ |
| रामेछाप | ० | ४ | ० | ४ | १ | ९ |
| महोत्तरी | ० | १ | ६ | १ | ० | ८ |
| धादिङ्ग | १ | ० | ३ | ० | ३ | ७ |
| सिन्धुपाल्चोक | ० | ० | २ | ४ | १ | ७ |
| कपिलवस्तु | ० | ० | ० | ३ | ३ | ६ |
| मकवानपुर | ० | १ | १ | ३ | १ | ६ |
| कञ्चनपुर | ४ | ० | ० | ० | ० | ४ |
| दोलखा | १ | २ | ० | ० | १ | ४ |
| मोरङ्ग | ० | ० | ० | २ | २ | ४ |
| धनकुटा | ० | ० | ३ | ० | ० | ३ |
| रौतहट | ० | ० | ० | ० | २ | २ |
| लमजुङ्ग | ० | १ | १ | ० | ० | २ |
| उदयपुर | ० | ० | १ | ० | ० | १ |
| ओखलढुंगा | ० | ० | ० | ० | १ | १ |
| खोटाङ्ग | ० | १ | ० | ० | ० | १ |
| दैलेख | ० | १ | ० | ० | ० | १ |
| धनुषा | ० | १ | ० | ० | ० | १ |
| पर्सा | ० | ० | १ | ० | ० | १ |
| बागलुङ्ग | ० | १ | ० | ० | ० | १ |
| रसुवा | ० | ० | ० | १ | ० | १ |
| संखुवासभा | ० | ० | १ | ० | ० | १ |
| सोलुखुम्बु | ० | १ | ० | ० | ० | १ |
| जम्मा | २२९ | ५२९ | ६७४ | १०२७ | १२१५ | ३६७४ |

**तालिका नं. २.११ (२) बसोबासको आधारमा**

| बसोबासको अवस्था | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| गणना गरेको ठाउँमा बसेको | १७४३ | ३१७२ | २२०२ | ३४५४ | २३२७ | १२८९८ |
| विदेशमा बसेको | ९२ | १०७ | १३३ | २७१ | ११८ | ७२१ |
| सम्पर्क बिहिन/बेपत्ता | ० | ० | ३ | ४ | ३ | १० |
| स्वदेशमा अन्यत्र बसेको | २२९ | ५२९ | ६७४ | १०२७ | १२१५ | ३६७४ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ |

## २.१२ व्यक्तिगत घटना सम्बन्धि विवरण

### वैवाहिक स्थिति

घ्याङलेख गाउँपालिकामा ८२७३ जना विवाहित जनसंख्या छन् । यस गाउँपालिकामा ४७८१ जनसंख्या अविवाहित छन् भने ७७ जनाले बहुविवाह गरेका छन् भने २३ जनाको बालविवाह भएको सर्भेक्षणबाट देखिन आउँछ । तपसिलको तालिकामा वडागत रुपमा विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.१२ (१) वैवाहिक स्थितिको आधारमा वर्गीकरण**

| वैवाहिक स्थिति | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| विवाहित | १०५३ | १९९० | १३७४ | २१६६ | १६९० | ८२७३ |
| अविवाहित | ६१२ | १०८३ | ७८३ | १२९१ | १०१२ | ४७८१ |
| विधुर/विधवा | ४२ | ५१ | ९७ | १५० | १४० | ४८० |
| वहुविवाह | १२ | ६ | २१ | १८ | २० | ७७ |
| विवाहित तर अलग बसेका | ० | ५ | १८ | ३० | १८ | ७१ |
| पुनःविवाह | १ | ० | १४ | ० | ११ | २६ |
| बालबिबाह | ६ | ६ | ० | ० | ११ | २३ |
| अन्य | ३३८ | ६६७ | ७०५ | ११०१ | ७६१ | ३५७२ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ |

### मृत्यु भएका मानिसको वडागत विवरण

घ्याङलेख गाउँपालिकामा २०७७ सालमा मृत्यु भएका कुल ६९ जनाा मानिस मध्ये ४१ पुरुष र २८ महिला छन् । मृत्यु हुनेमा ५० जनाको रोग लागेर, ८ जनाको दुर्घटनामा र २ जना आत्महत्या गरेर मृत्यु भएको रहेछ । रोग लागेर मृत्यु हुनेमा मुटु सम्बन्धी रोगबाट मृत्यु हुने २१ जना छन् । १२ जनाको मृत्यु श्वास सम्बन्धी रोगले मृत्यु भएको छ । तपसिलको तालिकाहरुमा वडागत रुपमा विवरण प्रस्तुत गरिएको छ ।

### तालिका नं. २.१२ (२) मृत्यु भएको मानिसको लिङ्गको आधारमा वडागत वर्गीकरण

| मृत्यु भएको मानिसको लिङ्ग | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| पुरुष | ५ | ६ | ७ | ११ | १२ | ४१ |
| महिला | ६ | ६ | ६ | ३ | ७ | २८ |
| जम्मा | ११ | १२ | १३ | १४ | १९ | ६९ |

### तालिका नं. २.१२ (३) मृत्युको कारणको आधारमा वर्गीकरण

| मृत्युको कारण | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| रोग लागेर | ९ | १० | १० | ६ | १५ | ५० |
| अन्य | १ | १ | ३ | १ | ३ | ९ |
| दुर्घटना | १ | १ | | ५ | १ | ८ |
| आत्महत्या | | | | २ | | २ |
| जम्मा | ११ | १२ | १३ | १४ | १९ | ६९ |

### तालिका नं. २.१२ (४) मृत्यु हुनेमा लागेको रोगको आधारमा वर्गीकरण

| मृत्यु हुनेमा लागेको रोग | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| मुटु सम्बन्धी रोग/उच्च रक्तचाप/ब्लड प्रेसर | ४ | ४ | ७ | १ | ५ | २१ |
| श्वासप्रशास सम्बन्धी रोग | २ | २ | १ | २ | ५ | १२ |
| क्यान्सर | ३ | २ | २ | १ | १ | ९ |
| अन्य | | | | १ | २ | ३ |
| मानसिक | | १ | | १ | १ | ३ |
| मृगौला सम्बन्धी रोग | | १ | | | १ | २ |
| जम्मा | ९ | १० | १० | ६ | १५ | ५० |

## २.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

घ्याङलेख गाउँपालिकामाविगत देखि नै सामाजिक सुरक्षा कार्यक्रम नियमानुसार सञ्चालन हुँदै आएको छ । उक्त कार्यक्रम अनुसार यस गाउँपालिकाका वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण यस प्रकार रहेको छ ।

### तालिका नं. २.१३ वडागत रूपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण

| सामाजिक सुरक्षा भत्ता | | | | | |
|---|---|---|---|---|---|
| विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं.३ | वडा नं.४ | वडा नं. ५ |
| जेष्ठ नागरीक | १२६ | १६६ | ११२ | ११० | १०७ |
| जेष्ठ नागरीक दलित | ८ | २ | २ | ४ | ५ |
| जेष्ठ नागरीक एकल महिला | १८ | २५ | १९ | ३५ | १५ |
| विधुवा | १४ | ४१ | २८ | ३९ | ३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्ण अपाङ्ग | १२ | १३ | ३४ | ६ | ५ |
| अति अशक्त | ८ | १२ | १९ | १७ | १३ |
| दलित बालदालिका | १० | ३ | १५ | १ | ९ |
| जम्मा | १९६ | २६२ | २०९ | २१२ | १८६ |

## २.१४ संस्थागत विवरण

घ्याङलेख गाउँपालिकमा विभिन्न किसिमका उद्योग तथा कलकारखाना/जलविद्युतको साथै विभिन्न संस्थागत संरचनाहरु सम्वन्धित निकायमा दर्ता भई सञ्चालनमा आएका छन् । यस गाउँपालिकामा हालसम्म सञ्चालनमा आएका संस्थागत विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.१४ संस्थागत विवरण**

| संस्थाको प्रकार वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| उद्योग तथा कलकारखाना/जलविद्युत | २ | ४ | | | ६ | १२ |
| गैसस/क्लब/समूह | | २ | | | १ | ३ |
| पुल तथा पुलेसा | १ | २ | | | ३ | ६ |
| प्राकृतिक श्रोत (पोखरी, झरना, खानी, गुफा, कुण्ड, कुवा, पधेरो) | १ | | | | १ | २ |
| बैंक तथा वित्तिय संस्था | | २ | | | १ | ३ |
| भवन (सरकारी, सभागृह, समुदायिक, सहकारी) | | १ | | १ | १ | ३ |
| व्यापार तथा व्यवसाय (किराना, मासु, कपडा) | २ | २० | १८ | २६ | ४३ | १०९ |
| शैक्षिक संस्था | ९ | ५ | ६ | ७ | १० | ३७ |
| संस्कृतिक सम्पदा (मठ मन्दिर, धर्मशाला, संग्रालय, दरवार) | २ | ४ | २ | २ | ७ | १७ |
| सुरक्षा निकाय | | १ | | | १ | २ |
| स्वास्थ्य संस्था | २ | २ | २ | ३ | ४ | १३ |
| होटल/रिसोर्ट/होमस्टे | २ | ४ | १ | २ | ४ | १३ |
| जम्मा | २१ | ४७ | २९ | ४१ | ८२ | २२० |

परिच्छेद

३

# आर्थिक अवस्था

## ३.१ प्रमुख आर्थिक विवरण

### ३.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

घ्याङलेख गाउँपालिकामा विगत ३ वर्षमा ४५९ जनाले विभिन्न विषयमा सीप तथा तालिम लिएका छन् । जसमध्ये निर्माण सम्बन्धी तालिम लिने १४६ जना, सिलाइ बुनाइ, बुटिक सम्बन्धी तालिम लिने ११८ जना छन् । यस्तै विभिन्न विधामा तालिम लिएका जनशक्तिहरुको वडागत विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.१.१ विगत ३ वर्षमा लिएको तालिमको आधारमा वर्गीकरण**

| विगत ३ बर्षमा लिएको तालिम | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| निर्माण सम्बन्धी (म्यासन, कार्पेन्ट्री आदी) | ४ | ८ | १२ | १२१ | १ | १४६ |
| सिलाई बुनाई, बुटिक, सृंगार, पार्लर आदि | ९ | ११ | ३१ | ४२ | २५ | ११८ |
| अन्य | ० | ० | २ | २ | ६३ | ६७ |
| कला सम्बन्धी | १ | ३ | २१ | १८ | १ | ४४ |
| सूचना तथा प्रविधि, इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स (कम्प्युटर, विद्युत, मोवाईल, रेडियो घडी आदि | ८ | ६ | ७ | ११ | १० | ४२ |
| जनस्वास्थ्य सम्बन्धी | ० | ४ | ७ | ३ | ० | १४ |
| कृषि सम्बन्धी (जेटी, जेटीएर खाद्य प्रसोधन आदि) | १ | २ | ५ | ४ | १ | १३ |
| इञ्जिनियरिङ्ग, अटोमोवाइल र मेकानिक्स | १ | १ | ० | ५ | १ | ८ |
| पशुस्वास्थ्य सम्बन्धी | २ | १ | ४ | ० | ० | ७ |

### ३.१.२ मुख्य पेशा सम्बन्धी विवरण

यस गाउँपालिकाका मानिसहरु विभिन्न पेशामा संलग्न भएको पाइन्छ । जसमध्ये सवैभन्दा वढी कृषि तथा पशुपालन सम्वन्धी पेशामा ४२८७ जना सहभागी छन् भने नोकरी तथा जागीरमा ९४५ जना, बैदेशिक रोजगारीमा ५८८ जना, उद्योग तथा व्यापारमा ३१७ जना, व्यवसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि) मा १४२ जना संलग्न भएको पाइन्छ । यस गाउँपालिकाको मुख्य पेशा सम्वन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

तालिका नं. ४.१.२ मुख्य पेशासम्वन्धि वडागत आधारमा जनसंख्याको विवरण

| पेशा / वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| कृषि तथा पशुपालन | ५१३ | १२३० | ४५० | १७७१ | ३२३ | ४२८७ |
| विद्यार्थी (अध्ययनरत) | ४०९ | ७३२ | ५११ | ९३६ | ७०२ | ३२९० |
| गृहणी | ५१९ | ६१५ | ६०८ | २९ | ८२७ | २५९८ |
| नोकरी/जागीर | १०१ | १६४ | ४४ | ४११ | २२५ | ९४५ |
| ज्याला/मजदुरी | ३६ | १२२ | २४७ | १३५ | ३४२ | ८८२ |
| वेरोजगार | २८ | ९३ | २०७ | ६० | २४२ | ६३० |
| वैदेशिक रोजगारी | ९२ | ८६ | १२९ | २०४ | ७५ | ५८८ |
| उद्योग तथा व्यापार | २४ | ८६ | ६९ | ९७ | ४१ | ३१७ |
| व्यावसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि) | २ | ९ | ३३ | ३ | ९५ | १४२ |
| अन्य | ३३८ | ६७१ | ७१४ | १११० | ७९१ | ५२ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ |

### ३.१.३ औसत आम्दानी, खर्च तथा वचत विवरण

घ्याङलेख गाउँपालिकाकोपरिवारको औसत वार्षिक आम्दानी करिब ज्ञ,टछ,ठछण्र खर्च करिबज्ञ,घघ,ण्ण छ। यस गाउँपालिकाको परिवारको औसत सञ्चित ऋण ९०,२४० देखिन आउँछ। यस तथ्यांकलाइ हेर्दा यस गाँउपालिकाको नागरिकको मानव विकास क्रम निरन्तर रुपमा अगि बढी रहेको देखिएको छ। वडागत औसत आम्दानी, खर्च तथा वचतको विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.१.३ औसत आम्दानी, खर्च तथा बचत विवरणको आधारमा वडागत वर्गीकरण**

| वडा | बार्षिक खर्च (रु हजारमा ) | बार्षिक आम्दानी (रु हजारमा ) | ऋण (रु हजारमा ) |
|---|---|---|---|
| १ | १३७.७६ | १३९.८६ | ५५.४५ |
| २ | १७२.०० | २१५.२५ | ८२.१३ |
| ३ | ९०.७६ | १४५.७८ | १०८.८७ |
| ४ | १२१.८७ | १३६.५९ | ९२.७१ |
| ५ | १३९.७८ | १८१.०१ | १०३.५४ |
| जम्मा | १३३.०० | १६४.७५ | ९०.२४ |

### ३.१.४ पारिवारिक ऋणको विवरण

यस गाउँपालिकाका २७११ घरधुरी मध्ये १४५० घरधुरीको पारिवारिक ऋण भएको र १२०३ घरधुरीको पारिवारिक ऋण नभएको सर्भेक्षणबाट देखिन आउँछ। अन्य घरधुरी ऋणको बारेमा अनविज्ञ छन्। सर्भेक्षण अनुसार आर्थिक रुपले हाल सम्म पनि आधा घरधुरी विपन्न वर्गमा पर्ने देखिन्छ। वडागत विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका नं. ३.१.४ पारिवारिक ऋणको आधारमा वडागत वर्गीकरण

| परिवारको ऋण | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | १७४ | २०६ | २६७ | ४१८ | ३८५ | १४५० |
| छैन | १९४ | ३८२ | २१८ | २७८ | १३१ | १२०३ |
| जम्मा | ३६८ | ५८८ | ४८५ | ६९६ | ५१६ | २६५३ |

## ३.१.५ विपन्नता स्तरीकरण विवरण

घ्याङलेख गाउँपालिकामा रहेका विपन्न परिवारको अवस्थालाई स्तरीकरण गर्नको लागि विभिन्न प्रयास गरिएको छ।

## ३.१.६ खाद्यान्न सुरक्षाको अवस्था

घ्याङलेख गाउँपालिकामा आफ्नो उत्पादन/आम्दानीले ९ महिना भन्दा वढि खान पुग्ने परिवारको संख्या ६५३ छ भने ३ महिना सम्म मात्र खान पुग्ने परिवारको संख्या ३७९ रहेको छ। यसको वडागत वर्गिकरण यसप्रकार रहेको छ।

### तालिका नं. ३.१.६ आफ्नो उत्पादन/आम्दानीले परिवारलाई खान पुग्ने महिनाको आधारमा वडागत वर्गीकरण

| आफ्नो उत्पादन/आम्दानीलेपरिवारलाई खान पुग्ने महिना / वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| ३ महिनासम्म | ४५ | ३२ | ५१ | २२७ | २४ | ३७९ |
| ४ देखि ६ महिनासम्म | १७१ | २०७ | २२१ | ३०५ | ७४ | ९७८ |
| ७ देखि ९ महिनासम्म | ७४ | १५४ | १६३ | १०९ | २०१ | ७०१ |
| ९ महिना भन्दा बढि | ८३ | २१२ | ५९ | ८० | २१९ | ६५३ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

## ३.१.७ आवास संरचना विवरण

घ्याङलेख गाउँपालिकामा माटो र ढुङ्गाको जगबाट बनेका घरहरु १४७६ वटा छन्, सिमेन्टको जगबाट बनेका घरहरु ८४९ वटा छन्। घर भवन मापदण्ड अनुसार बनेका घरधुरी जम्मा १८३५, मापदण्ड अनुसार नबनेको घरहरु ७३४ छन्। यस्तै विभिन्न घरको जगको प्रकार र मापदण्ड अवलम्वन गरेका घरधुरीको आधारमा वडागत रुपमा तपसिलको तालिकाहरुमा प्रस्तुत गरिएको छ।

### तालिका नं. ३.१.७ (१) आवास संरचना विवरणको आधारमा वडागत विवरण

| बसेको घरको जग | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| माटो र ढुङ्गा | २०२ | ३४१ | ११२ | ३८५ | ४३६ | १४७६ |
| सिमेन्ट र ढुङ्गा | १६० | १३४ | ३४४ | २३१ | ४२ | ९११ |
| काठको खम्बा | ११ | १२९ | ३६ | १०४ | ४० | ३२० |
| लोडवेयरिङ्ग | | १ | २ | १ | | ३ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

### ३.१.८ गरिबीको दर (गरिबीको रेखामुनी रहेको जनसंख्या)

राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना अनुसार गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) १८.७ प्रतिशत रहेको छ ।

### ३.१.९ आयात र निर्यातको अवस्था

#### आयात हुने बस्तु

| तखाद्यान्नश्रोत साधन | | | उत्पाजनजन्य वस्तुहरु | |
|---|---|---|---|---|
| तरकारी | फलफूल | अन्नदलहन | शैक्षिक सामग्री | नुनतेल |
| आलु | स्याऊ, आँप आदि | चामल, दाल | कापी, किताव, कलम | नुन, तेल,मसला |

#### निर्यात हुने बस्तु

| प्राकृतिक श्रोत साधन | | | कृषिजन्य वस्तुहरु | | | पशुजन्य वस्तुहरुमा | | |
|---|---|---|---|---|---|---|---|---|
| खानी, ढुङ्गा, गिटी, वालुवा | वन पैदावर | अन्य | तरकारी | फलफूल | दलहन | अन्य नगदे वाली | पशुजन्य | पंक्षी जन्य |
| ढुङ्गा | सिन्कौली | बोजो, पुदिना अन्य जडिवुटी | स्कुस, फर्सी, वोडी, निउरो आदि | जुनार, निवुवा, कागती, किवी, भुइँकटहर | मासको दाल, वोडीको दाल, सिमिको दाल आदि | अदुवा, अम्रिसो, बेसार, | खसी, बोका, बंगुर, राँगा | लोक्कल कुखुरा, आदि |

### ३.१.१० औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था (काठ, खोटो, जडिबुटी, लोक्ता, अल्लो, चुनढुङ्गा, मार्वल, स्लेट आदि)

घ्याङलेख गाउँपालिकामा धेरै भिरालो किसिमको भुभाग भएको र जङ्गलको मात्रा धेरै भएकाले यहाँ प्रशस्त मात्रामा काठ, खोटो, जडिबुटी, अल्लो, चुनढुङ्गा हरु प्राप्त गर्न सकिन्छ ।

### ३.१.११ बेरोजगार सम्वन्धी विवरण

यस गाउँपालिकामा बेरोजगार व्यक्तिहरुको जम्मा संख्या ६३० रहेको छ । जसको वडागत रुपमा विस्तृत विवरण यस प्रकार छ ।

**तालिका नं. ३.१.११ (१) बेरोजगार संख्या**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| वेरोजगारीको संख्या | २८ | ९३ | २०७ | ६० | २४२ | ६३० |

तालिका नं.४.१.११ (१)मा भएका बेरोजगारको संख्यालाई विस्तृत रुपमा हेर्दा निरक्षर भएर बेरोजगार हुने जनसंख्या जम्मा १५७ छन् । वडागत रुपमा विस्तृत विवरण यस प्रकार छ ।

### तालिका नं. ३.१.११ (१) आवास संरचना विवरणको आधारमा वडागत विवरण

| शैक्षिकस्तर | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखपढ गर्न नसक्ने (निरक्षर) | ४ | ६ | १८ | १८ | १११ | १५७ |
| साधारण लेखपढ (साक्षर) | २ | ३० | १६ | १५ | २० | ८३ |
| पूर्व प्राथमिक (कक्षा १ भन्दा कम) | १ | १ | २ | १ | ० | ५ |
| आधारभूत तह (कक्षा १ देखी ८) | ११ | ३२ | १०७ | ८ | ७० | २२८ |
| माध्यमिक तह कक्षा ( ९ देखी १२ ) | १० | २१ | ५८ | १६ | ३९ | १४४ |
| प्राविधिक एलएलसी | ० | ३ | ४ | ० | ० | ७ |
| स्नातक तह | | | १ | १ | १ | ३ |
| स्नातकोत्तर | | | १ | १ | १ | ३ |
| जम्मा | २८ | ९३ | २०७ | ६० | २४२ | ६३० |

## ३.१.१२ वैदेशिक रोजगारीमा गएकाहरूको विवरण

यस गाउँपालिकाबाट विभिन्न देशहरुमा रोजगारीको लागि जानेको जम्मा संख्या ७२१ छ। जसमध्ये सवैभन्दा वढी मलेशियामा रोजगारीको लागि जाने २२६ जना छन्। अन्य देशहरुमा जाने व्यक्तिहरुको संख्यात्मक विवरण वडागत रुपमा यस प्रकार रहेको छ।

| वैदेशिक रोजगारीको लागि गएको देश | वडा | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| मलेशिया | ३९ | ३१ | ४० | ७७ | ३९ | २२६ |
| साउदी अरेबिया | १२ | १३ | २४ | ६२ | १६ | १२७ |
| दुबई | ११ | २२ | २२ | ४६ | २४ | १२५ |
| कतार | १३ | १७ | १६ | २२ | ७ | ७५ |
| भारत | ३ | ३ | १२ | २१ | ७ | ४६ |
| कुवैत | ७ | ५ | ३ | १२ | ४ | ३१ |
| जापान | १ | ३ | १ | ३ | ४ | १२ |
| पोर्चुगल | ० | १ | १ | १० | ० | १२ |
| दक्षिण कोरिया | ३ | १ | २ | १ | ३ | १० |
| बहराईन | ० | १ | २ | ५ | २ | १० |
| माल्दिभ्स | ० | ४ | ४ | ० | १ | ९ |
| अष्ट्रेलिया | २ | ० | ० | ४ | २ | ८ |
| साइप्रस | ० | १ | १ | २ | १ | ५ |
| अमेरिका | ० | १ | ० | १ | २ | ४ |
| क्रोएशिया | १ | ० | १ | १ | ० | ३ |
| जोर्डन | ० | २ | ० | ० | १ | ३ |
| पोल्याण्ड | ० | १ | ० | १ | १ | ३ |

| वैदेशिक रोजगारीको लागि गएको देश | वडा | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| ओमान | ० | ० | १ | १ | ० | २ |
| अस्ट्रिया | ० | ० | ० | ० | १ | १ |
| आयरल्याण्ड | ० | ० | ० | ० | १ | १ |
| इराक | ० | ० | ० | १ | ० | १ |
| टर्की | ० | ० | ० | १ | ० | १ |
| थाईल्याण्ड | ० | १ | ० | ० | ० | १ |
| नीदरल्याण्ड | ० | ० | ० | ० | १ | १ |
| माली | ० | ० | १ | ० | ० | १ |
| रोमानिया | ० | ० | १ | ० | ० | १ |
| लेबनान | ० | ० | १ | ० | ० | १ |
| वेलायत | ० | ० | ० | ० | १ | १ |
| कुल जम्मा | ९२ | १०७ | १३३ | २७१ | ११८ | ७२१ |

## ३.२ भू-उपयोग तथा स्वामित्व

### ३.२.१ वर्तमान भू-उपयोग

घ्याङलेख गाउँपालिका भौगोलिक रुपमा २७ डिग्री १८ मिनटदेखि २७ डिग्री २१ मिनट उत्तरी अक्षांश र पुर्वि देशान्तर ८५ डिग्री ४१ मिनटदेखि ८५ डिग्री ५२ मिनटमा विश्वमानचित्रमा सरदर २०.५ कि.मि लम्वाई र ६.५ कि. मि. चौडाईमा कुल १६६.७७ वर्ग कि.मि. क्षेत्रफलमा फौलिएको छ । यस पालिकाको पूर्वमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका, पश्चिममा काभ्रेपलाञ्चोक जिल्लाको महाभारत र सिन्धुली जिल्लाको मरिण गाउँपालिका, उत्तरमा काभ्रेपलाञ्चोक जिल्लाको रोशी र सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका र दक्षिणमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र मरिण गाउँपालिका सिमानाका रुपमा रहेका छन् । समुन्द्री सतहबाट तल्लो सतह ४८) मिटर देखि माथिल्लो सतह फापरचुली २३८) मिटर सम्म उचाइमा अवस्थित यस गाउँपालिका मा उष्ण मनसुनी, न्यानो समशितोष्ण, ठण्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । घ्याङलेख गाँउपालिकाको शिरमा रहेको फापरचुली (शिवजीको वासस्थान) मानिने यस धार्मिक एवंम पर्यटकीय स्थानमा फापरचुली स्थानिय पर्यटन स्थलका रुपमा चर्चित छ । सात दोबाटो, हायुटार, चौकी डाँडा, सिम्पाल जस्ता विभिन्न स्थानहरुले यस गाउँपालिकाको ऐतिहासिक महत्वलाई दर्शाएका छन् । अन्य पर्यटकीय स्थलहरु फापरचुली, सिम्ले गाउँ सोल भञ्ज्याङ, सातदोबाटो, चौकी डाँडा, तामाजोर नदी रहेको छन् । शहिद भुमी भनेर चिनिने सिम्ले गाउँले क्रान्ती देखाउँछ भने लाखान, गुम्बा, सोल भञ्ज्याङ जस्ता स्थानहरुलाई शान्तीको प्रतिकको रुपमा चिनारी पाएका छन् ।

महाभारतको काखमा रहेको यस घ्याङलेख गाउँपालिकामा प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पत्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ । यस गाउँपालिकाको औसत तापक्रम २० डिग्री र औषत वर्षा १८४१ मिलिमिटर हुन्छ । प्राकृतिक रुपले मनोरम साल,सिरिस, खयर, बर्रा, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते कटुस, चिलाउने, उत्तिस, लाकुरी आदी जस्ता रुखहरु र लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, आदि प्रकारका जनावर आदिको बासस्थानको रुपमा रहेको छ । यस गाँउपालिकामा मरिण खोला, तामाजोर खोला, चाउखोला, रातु खोला, सिम्ले खोला, ठाडो खोला, चालिसे खोला आदि खोला र लिपे खोला आदीले खेतवारीहरुमा सिंचाई गर्न सहयोग गरिरहेका छन् ।

साविक अमले, बस्तिपुर, तामाजोर, नेत्रकाली र शान्तेश्वरी गा.वि.स.हरुलाई समायोजन गरी ५ वटा वडामा विभाजन गरी २०७३ साल फाल्गुण २७ गते घ्याङलेख गाउँपालिका गठन भएको हो । तत्कालिन नेत्रकाली गा.वि.स.मा रहेको घ्याङलेख डाँडोबाट नै यस गाउँपालिकाको नाम 'घ्याङलेख'रहन गएको हो । तामाङ भाषामा 'घ्याङ'भन्नाले देवी देवता बस्ने ठाउ र 'लेख'भन्नाले अग्लो ठाउँ जनाउने हुँदा सो अग्लो डाँडामा तामाङहरुको इष्टदेवता रहने भएको हुनाले त्यस ठाउँको नाम घ्याङलेख रहन गएको देखिन्छ । त्यस घ्याङलेख डाडामा परापूर्व समय देखि नै माघेसक्रान्तीका दिन ठूलो मेला लाग्ने गरेको र यस क्षेत्र वरिपरिका मानिसहरु सो मेला भर्न ठूलो संख्यामा आउने गरेको तथ्यबाट पनि सो ठाउँको ऐतिहासिक महत्व रहेको छ ।वर्तमान समयमा सो ठाउँमा मेला लाग्ने प्रचलन हराए तापनि ठाउँको ऐतिहासिक महत्वलाई पुनर्ताजगी गराउन यस गाउँपालिकाको नाम घ्याङलेख राखिएको हो ।

## ३.२.२ भू-स्वामित्व

घ्याङलेख गाउँपालिका आफ्नो नाममा जग्गा जमिन भएका घरधुरी जम्मा २४२५ छन् आफ्नो नाममा जग्गा नभएका घरधुरी २७३ छन् । अन्य विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३.२.२ (१) परिवारको नाममा जग्गा जमिन रहेका आधारमा वडागत वर्गीकरण

| परिवारको नाममा जग्गा जमिन | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | ३०६ | ५६७ | ४९२ | ६६० | ४०० | २४२५ |
| छैन | ६६ | ३७ | १ | ५६ | ११३ | २७३ |
| जग्गा जमिन नभएको भाडामा बस्ने | १ | १ | १ | ५ | ५ | १३ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

घ्याङलेख गाउँपालिका आफ्नो नाममा रहेको जग्गा जमिन जम्मा १९७४० रोपनी, १६१३ आना, २४९ पैसा र ६३ दाम रहेको छ । वडागत विवरण तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३.२.२ (२) आफ्नो परिवारको नाममा रहेको जग्गाको विवरण

| आफ्नो परिवारको नाममा रहेको जग्गाको विवरण | रोपनी | आना | पैसा | दाम |
|---|---|---|---|---|
| १ | ७६० | ६३९ | ४० | ३२ |
| २ | ४९७८ | ३५९ | १०८ | १७ |
| ३ | ३८९४ | १०९ | ८ | २ |
| ४ | ५३५८ | ४२४ | ९३ | १२ |
| ५ | ४७५० | ८२ | ० | ० |
| जम्मा | १९७४० | १६१३ | २४९ | ६३ |

## घरको स्वामित्वको आधारमा वडागत वर्गीकरण

घ्याङलेख गाउँपालिकामा आफ्नै घरमा बसोबास गर्ने घरधुरी २६६० छन् । आफन्तकोमा बसोवास गर्ने घरधुरी १४ र भाडामा बस्ने घरधुरी ३७ छन् । आफ्नो जग्गा प्रयोग गर्ने घरधुरी २५७१ छन् भने अरुको नामको जग्गा प्रयोग गर्ने घरधुरी ७६ छन् । तपसिलको तालिकाहरुमा वडागत विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३.२.२ (३) घरको स्वामित्वको आधारमा वडागत वर्गीकरण

| घरको स्वामित्व | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| निजी/आफ्नै | ३६८ | ५८७ | ४८९ | ७०६ | ५१० | २६६० |
| भाडामा | ५ | १६ | ३ | ६ | ७ | ३७ |
| आफन्त | | २ | २ | ९ | १ | १४ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

### तालिका नं. ३.२.२ (४) स्वामित्वको जग्गा प्रयोगको आधारमा वडागत वर्गीकरण

| स्वामित्वको जग्गा प्रयोग | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| आफ्नो परिवारको | ३७१ | ६०३ | ४६५ | ६५४ | ४७८ | २५७१ |
| परिवार बाहेक अरुको | | | २ | ६० | १४ | ७६ |
| अन्य | | | | १ | १ | २ |
| जम्मा | ३७१ | ६०३ | ४६७ | ७१५ | ४९३ | २६४९ |

## ३.२.३ जग्गाको किसिम

यस गाउँपालिकामा विभिन्न किसिमको जग्गा उपलब्ध छ। जसमध्ये खेतीयोग्य जग्गाको क्षेत्रफल ३५३१३० हेक्टर छ भने बाँझो जग्गाको क्षेत्रफल १९० हेक्टर रहेको छ । यस गाउँपालिकाको विभिन्न वडामा रहेको जग्गाको किसिम अनुसारको विवरण यसप्रकार रहेको छ।

### तालिका नं. ३.२.३ (१) जग्गाको किसिम (वडा गत रूपमा क्षेत्रफल हेक्टरको आधारमा)

| क्षेत्रहरू | वाड नं १ | वाड नं २ | वाड नं ३ | वाड नं ४ | वाड नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| खेतीयोग्य जग्गा | ७९५.२१ | ७७४.६६ | ६२४.६३ | ७४२.२७ | ५९४.५३ | ३५३१.३० |
| बाँझो जग्गा | ०.३६ | १.१४ | | | ०.४० | १.९० |
| जंगल क्षेत्र | ३०९९.५८ | २१४५.४१ | २८७३.८८ | २०६३.४२ | २४८०.३४ | १२६६२.६३ |
| घाँसे मैदान | ६६.४४ | ५७.९३ | ४६.५१ | ३३.३७ | ५१.२९ | २५५.५४ |
| झाँडी क्षेत्र | १२३.३२ | २४.९३ | २.४६ | ८.९५ | २६.५८ | १८६.२४ |
| नदि ,खोला क्षेत्र | २.३२ | | | ०.३९ | ११.३९ | १४.१० |
| जम्मा क्षेत्रफल | ४०८७.२३ | ३००४.०६ | ३५४७.४८ | २८४८.४० | ३१६४.५३ | १६६५१.७० |

### तालिका नं. ३.२.३ (२) उचाइको हिसावले गाउँपालिकाको विभिन्न स्थानको क्षेत्रफल

| उचाइ (मिटर) | वाड नं १ | वाड नं २ | वाड नं ३ | वाड नं ४ | वाड नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| ५०० मिटर भन्दा कम | २.०१ | | | | | २.०१ |
| ५००-१००० | २२३९.१६ | ५२८.४१ | ३९२.६२ | ७६५.०१ | १२२२.६३ | ५१४७.८२ |
| १०००- १५०० | ९०३.६१ | १४१२.४९ | २४८९.६३ | १३१८.१८ | १२४४.२३ | ७३६८.१४ |
| १५००- २००० | ८६७.६९ | ९४२.०६ | ५५४.१७ | ७२१.४४ | ५५०.१४ | ३६३५.५१ |
| २००० भन्दा माथि | ७७.२२ | १२१.८३ | ११२.४६ | ४४.८६ | १४९.३३ | ५०५.६९ |
| जम्मा | ४०८९.६७ | ३००४.८० | ३५४८.८८ | २८४९.४९ | ३१६६.३३ | १६६५९.१७ |

### तालिका नं. ३.२.३ (३) गाउँपालिकामा रहेको भिरालोपन (डिग्री)

| भिरालो पन (डिग्रीमा) | वाड नं १ | वाड नं २ | वाड नं ३ | वाड नं ४ | वाड नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| ०-१० | १७२.१९ | १६७.७७ | १६९.९१ | १४५.९५ | १५१.१६ | ८०६.९८ |
| १०-२० | ७५३.०३ | ३९५.२२ | ५६०.४४ | ४०२.४७ | ३८४.७२ | २४९५.८७ |
| २०-३० | १३९२.६७ | ८०५.६९ | ११५९.७९ | ८६३.३१ | ८८८.७९ | ५११०.२५ |
| ३०-४० | १२२२.८६ | १०७९.४१ | १२०७.३६ | १०५०.५९ | १०७६.०९ | ५६३६.३१ |
| ४० भन्दा माथि | ४८८.१८ | ५३७.४६ | ४२३.२८ | ३६९.०४ | ६२२.५७ | २४४०.५३ |
| जम्मा | ४०२८.९३ | २९८५.५५ | ३५२०.७८ | २८३१.३६ | ३१२३.३३ | १६४८९.९४ |

## ३.३ कृषि तथा पशु विकास

### कृषि क्षेत्रको वर्तमान अवस्था

विगत एक दशक देखि ताजा तरकारी र दुग्ध उत्पादनलाई कृषि पेशा भित्रको आम्दानीको स्रोतका रुपमा विकास हुदै आएको छ। यस पालिकाले काठमाण्डौंका वजारहरुमा ताजा तरकारीको आपुर्ति गरिरहेको अवस्था छ। गेडागुडीमा केराऊ, सिमी, वोडी निजी क्षेत्रको संलग्नतामा लगभग १३ वटा गाई, कुखुरा, बाखा र माछाहरुको व्यवसायिक उत्पादनको लागि फर्महरुको स्थापना गरी संचालन गरेका छन्। चिसो हावापानीका कारण यहाँ उत्पादन हुने मकैलाई स्वाद र पौष्टिकताका आधारमा विशेष महत्वपूर्ण मानिएको छ। आलुको उत्पादन निक्कै हुने गर्दछ भने स्थानीय बजारमा यहाँको उत्पादनको निक्कै माग पनि रहेको उत्पादकहरु बाताउँछन। ताजा तरकारीको उत्पादन अहिले फस्टाउँदो व्यवसाय रहिआएको छ। पालिकाका अधिकांश उत्पादन र वालीलाई प्राङ्गारिक उत्पादन मान्न सकिन्छ। विषादिको कम प्रयोग भएकै कारण परम्परागत मौरी पालनको अभ्यास प्रसस्त देख्न सकिन्छ। समग्रमा दुग्ध उत्पादन, ताजा तरकारी उत्पादन, फलफूल, मकै र आलु उत्पादनलाई व्यावसायिक रुपमा अगाडि बढाउन किसानहरुले प्रयत्न गरिरहेको अवस्था छ। काठमाण्डौ, सिन्धुली, वनेपा सम्म ताजा तरकारी बिक्री गरेर आम्दानी बढेको अवस्था छ।

घ्याङलेख गाउँपालिकाको मूख्य जिवीको पार्जनको कृषि उत्पादन गरी बिकी गर्ने घरधुरी १८१६ र पशु चौपाय पाल्ने घरधुरी २३७९ छन्। तलको तालिकाहरुमा वडागत रुपमा कृषि उपज उत्पादन र बिकीका साथै चौपाया तथा पशुपंक्षी पाल्ने घरधुरीको विस्तृत विवरण प्रस्तुत गरिएको छ।

### तालिका नं. ३.३ (१) कृषि उपज उत्पादन वा बिक्री गर्नेको आधारमा

| कृषि उपज उत्पादन वा बिक्री गर्नुभएको छ/छैन | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | ४ | ५२५ | ४५१ | ३८१ | ४५५ | १८१६ |
| छैन | ३६९ | ८० | ४३ | ३४० | ६३ | ८९५ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

### तालिका नं. ३.३ (२) परिवारले पालेको चौपाया तथा पशुपंक्षी

| परिवारले कुनै चौपाया तथा पशुपंक्षी पाल्नुभएको | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | ३१९ | ५०८ | ४५७ | ६४३ | ४५२ | २३७९ |
| छैन | ५४ | ९७ | ३७ | ७८ | ६६ | ३३२ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

## कृषि कार्यमा जग्गाको प्रयोग

घ्याङलेख गाउँपालिकामा कृषिको लागि जग्गा प्रयोग गर्ने घरधुरी २५८७ छन् । वडा नं. ४ को ७०७ घरधुरीले कृषि कार्यका लागि जग्गा प्रयोग गर्ने गरेको देखियो । तपसिलको तालिकामावडागत विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३.३ (३) कृषि कार्यका लागि जग्गा प्रयोगको आधारमा

| कृषि कार्यका लागि जग्गा प्रयोग गरेको | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | ३५९ | ५६५ | ४७७ | ७०७ | ४७९ | २५८७ |
| छैन | १३ | ३९ | १६ | ९ | ३४ | १११ |
| जम्मा | ३७२ | ६०४ | ४९३ | ७१६ | ५१३ | २६९८ |

## ३.३.१ सार्वजनिक पोखरी तथा माछापालन सम्बन्धी विवरण

घ्याङलेख गाउँपालिकामा माछा, मौरी तथा रेशमपालन गर्ने घरधुरी खासै धेरै छैनन् । जम्मा १३४ घरधुरीले मात्र माछार मौरी गर्ने गरेको देखियो जसमध्ये माछा पाल्ने घरधुरी १ र मौरी पाल्ने घरधुरी १३३ रहेको सर्भेक्षणबाट बुझ्न सकिन्छ । तलको तालिकाहरुमा वडागत रुपमा माछार मौरीपालन गर्ने घरधुरीको विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३.३.१ (१) माछा र मौरी

| माछारमौरी | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | १ | ३ | ६८ | ५६ | ६ | १३४ |
| छैन | ३७२ | ६०२ | ४२६ | ६६५ | ५१२ | २५७७ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

### तालिका नं. ३.३.१ (२) माछा र मौरी

| माछारमौरी | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| माछा | १ | | | | | १ |
| मौरी | | ३ | ६८ | ५६ | ६ | १३३ |
| कुल जम्मा | १ | ३ | ६८ | ५६ | ६ | १३४ |

## ३.३.२ सिंचाइ सुविधाको उपलब्धता विवरण

घ्याङलेख गाउँपालिकामा जम्मा २७ वटा भन्दा सिंचाइ योजना रहेका छन् । तलको तालिकामा सिंचाइ योजनाको नाम र ठेगाना प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३.३.२ (१) सिंचाइ योजना संख्याको आधारमा वडागत वर्गीकरण

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| सिंचाइयोजना संख्या | ५ | ९ | ४ | ६ | ३ | २७ |

## घ्याङलेख गाउँपालिकाको अनुरोध

१. शान्त, सुन्दर, सुरक्षित  र सामाजिक सद्भाव युक्त घ्याङलेख गाउँपालिका निर्माणको अभियानमा सम्पूर्ण गाउँपालिकाबासी मिली सहयोग गरौं ।
२. स्वच्छ र सभ्य समाजको निर्माण गरौं ।
३. घर, आँगन, चौंक, सडक नियमित सरसफाई गर्ने बानीको विकास गरौं ।
४. घर अगाडी सडक,चौक,गल्लीमा फोहर कदापी नफालौं । घरै भित्र संकलन हुने फोहोरहरुको समेत उचित व्यवस्थापन गरौं । हरेक हप्ता आफ्नो टोलको सरसफाई गरौं ।
५. आफ्नो घर, पसल, कार्यालयबाट निस्केको फोहरलाई कुहिने र नकुहिने फोहर छुट्टयाई उचित तरिकाले व्यवस्थापन गरी गाउँपालिकालाई सहयोग गरौं ।
६. घ्याङलेख गाउँपालिकालाई पूर्ण सरसफाई युक्त बनाउन सबै एकसाथ जुटौं ।
७. सडक अनुशासन र ट्राफिक नियमको पालना गरौं ।
८. सडक र सडक पेटी अतिक्रमण गरी व्यापार व्यवशाय गर्ने, घरटहरा निर्माण गर्ने, पशु चौपाया छाडा छोड्ने र निर्माण सामाग्री थुपार्ने कार्यलाई बन्द गरी आधुनिक सभ्यताको विकास गरौं ।
९. सडकको दायाँ बायाँ वा सडक पेटीमा निर्माण सामग्री कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई निरुत्साहित गरौं ।

## ३.३.३ सिंचाइको स्रोत सम्वन्धी विवरण

**तालिका नं. ३.३.३ सिंचाइको स्रोत सम्बन्धी विवरण**

| क्र.सं. | सिंचाई कुलाको ठेगाना | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | तामाजोर सिंचाई | वडा नं. ३ | |
| २ | चौकीटार सिंचाई | " | |
| ३ | कोल्टार सिंचाई | " | |
| ४ | रातु सिंचाइ | " | |
| ५ | बोक्से सिंचाइ | वडा नं. ४ | |
| ६ | हाडीखोला सिंचाइ | वडा नं. २ | |
| ७ | लामीटार सिंचाइ | " | |
| ८ | पीपलभञ्ज्याङ सिंचाइ | " | |
| ९ | सिम्ले सिंचाइ | " | |
| १० | चन्दनपुर सिंचाइ | " | |
| ११ | देवीटार सिंचाइ | " | |
| १२ | केराघारी सिंचाइ | " | |
| १३ | दमार सिंचाइ | " | |
| १४ | चारघरे सिंचाइ | " | |
| १५ | सिम्ले सिंचाइ | वडा नं. १ | |
| १६ | लिपीखोला सिंचाइ | " | |
| १७ | रजवास सिंचाइ | " | |
| १८ | खट्टार सिंचाइ | " | |
| १९ | अमले सिंचाइ | " | |
| २० | सिम्ले हायुटार सिंचाइ | वडा नं. ४ | |
| २१ | मदने सिंचाइ | " | |
| २२ | भैसे सिंचाइ | " | |
| २३ | कालीदोभान सिंचाइ | " | |
| २४ | राङचा सिंचाइ | वडा नं. ५ | |
| २५ | ठाकुरथान सिंचाइ | " | |
| २६ | बगरटोल सिंचाइ | " | |

## ३.३.४ कृषि उत्पादन र बिक्री सम्बन्धी विवरण

यस गाउँपालिकामा सबैभन्दा बढी घरधुरीले मकै खेती गर्ने गरेको देखिन्छ । दोस्रोमा कोदो खेती गरिन्छ । तेस्रोमा धान खेती गरिन्छ । आलु, तोरी, प्याज, लसुन, गहुँ आदि यस गाउँपालिकामा खेती गरिने गरिन्छ । तोरी र आलु धेरै मात्रा उत्पादन हुने गरेको छ । तलको तालिकाहरुमा कृषि उपज उत्पादन वा बिक्री वडागत रुपमा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३.३.४ कृषि उपज उत्पादन गरी बिक्री गर्ने घरधुरीको आधारमा

| कृषि उपज उत्पादन वा बिक्री | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| मकै | १२२ | ४९९ | ४४९ | ३७७ | ४४८ | १८९५ |
| कोदो | १३७ | १३९ | २९८ | १४२ | १२८ | ८४४ |
| धान | ११० | ३१२ | २११ | ७ | १३८ | ७७८ |
| आलु | ६५ | ९९ | ९४ | ६४ | ४ | ३२६ |
| तोरी/सर्स्यु | ६८ | २० | ३८ | ७५ | २ | २०३ |
| प्याज/लसुन | | | १६ | | ३ | १९ |
| गहुँ | ५ | १३ | | | | १८ |
| अदुवा/वेसार | २ | १ | ३ | | ४ | १० |
| बन्दा/काउली(काउली समुह) | | २ | ४ | १ | २ | ९ |
| भट्टमास | | २ | ४ | | | ६ |
| गोलभेंडा | | २ | २ | १ | | ५ |
| केरा | | | ५ | | | ५ |
| मास | | | ३ | | १ | ४ |
| काँक्रो,लौका,फर्सी | | | २ | २ | | ४ |
| सुन्तला/कागती (अमिलोजात) | | १ | | | ३ | ४ |
| परबल, कुन्दुक, काँक्रो | | | १ | | | १ |
| करेला, घिरौला, चिचिण्डो | | | | | | |
| च्याउ | | | | | | |

## ३.३.५ पशुपन्छीजन्य उत्पादन सम्वन्धी विवरण

यस गाउँपालिकामा गाइगोरु/बाच्छाबाच्छी/राँगाभैसी/पाडापाडी पाल्ने घरधुरी १९४७गरेका छन्। बाखा/खसी/बोका/च्याङग्रा पाल्ने घरधुरी २००० छन्। सुँगुर/वँगुर पाल्ने घरधुरी १५६ र कुखुरा/हाँस पाल्ने घरधुरी १६८७ रहेका छन्। तपसिलको तालिकाहरुमा चौपाया तथा पशुपंक्षी पाल्ने घरधुरीको आधारमा वडागत विवरण प्रस्तुत गरिएको छ।

### तालिका नं. ३.३.५ (१) चौपाया तथा पशुपंक्षी पाल्ने घरधुरीको आधारमा वडागत वर्गीकरण

| चौपाया तथा पशुपंक्षीहरु | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| गाइगोरु/बाच्छाबाच्छी/राँगाभैसी/पाडापाडी | २४० | ४०२ | ३८२ | ५४० | ३८३ | १९४७ |
| बाखा/खसी/बोका/च्याग्रा | २५२ | ३२२ | ४२५ | ५८८ | ४१३ | २००० |
| सुँगुर/वंगुर | | ५३ | ११ | २ | ९० | १५६ |
| कुखुरा/हाँस | १३१ | १२६ | ४४१ | ५८० | ४०९ | १६८७ |

## पशु पालन

यस गाउँपालिकामा गाइ पाल्ने घरधुरी ४५०, भैसी पाल्ने घरधुरी १३९३, राँगा पाल्ने घरधुरी २२३ र बाच्छाबाच्छी १३४ को संख्यामा रहेको देखिन्छ । तपसिलको तालिकाहरुमा विभिन्न पशु चौपाया पाल्ने घरधुरीको आधारमा वडागत विवरण प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३.३.५ (२) विभिन्न पशुपालन गर्ने घरधुरी

| पशु चौपाय | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| गाइ | ६५ | ११९ | ८५ | ८२ | ९९ | ४५० |
| भैसी | १६१ | ३०३ | २९१ | ३९१ | २४७ | १३९३ |
| राँगा | १६ | २५ | ७१ | ६३ | ४८ | २२३ |
| बाच्छाबाच्छी | ४ | ३ | १० | ४९ | ६८ | १३४ |
| गोरु | १०५ | १९९ | ८८ | १६५ | १५० | ७०७ |
| पाडापाडी | ४ | १ | ११ | ३४८ | २१८ | ५८२ |

## पशुपन्छीजन्य उत्पादन

यस गाउँपालिकामा जम्मा स्थानीय जातको थारो गाइ ६०२ र स्थानीय जातको लैनो गाइ १२२ छन् यी गाइहरुबाट एक दिनमा सरदर २.४ लिटिर दुध उत्पादन हुने गरेको छ। त्यसै गरी उन्नत जातको थारो गाइको संख्या ९ र उन्नत जातको लैनो गाइको संख्या जम्मा १५ रहेको छ। यी जातका गाइले दिनमा सरदर द्धाटलिटर मात्र दुध दिने गरेको सर्भेक्षणबाट थाहा हुन आउँछ। स्थानीय जातको थारो भैसींको संख्या१३९३ र स्थानीय जातको लैनो भैंसीको संख्या ६०५ छ। यी प्रकारका भैसींबाट दिनमा सरदरद्धाज्ञ लिटर दुध उत्पादन हुन्छ। त्यसै गरी उन्नत जातको थारो भैंसीको संख्या १ र उन्नत जातको लैनो भैंसीको संख्या जम्मा ८ रहेको छ। यी जातका भैंसीले दिनमा जम्मा सरदर ७ लिटर मात्र दुध दिन्छन् तपसिलको तालिकाहरुमा वडागत रुपमा विस्तृत विवरण प्रस्तुत गरिएको छ।

### तालिका नं. ३.३.५ (३) स्थानिय जातको गाइको प्रकार र दुध आम्दानी

| वडा | स्थानिय जातको थारो गाइको संख्या | स्थानिय जातको लैनो गाइको संख्या | सरदर एक दिनमा कती दुध दिन्छ?(लिटरमा) |
|---|---|---|---|
| १ | ५६ | ० | २.५ |
| २ | २०२ | ४२ | २.१ |
| ३ | १३२ | १५ | २.६ |
| ४ | ११३ | ३३ | २.२ |
| ५ | ९९ | ३२ | २.६ |
| जम्मा | ६०२ | १२२ | २.४ |

### तालिका नं. ३.३.५ (४) उन्नत जातको गाइको प्रकार र दुध आम्दानी

| वडा | उन्नत जातको थारो गाइको संख्या | उन्नत जातको लैनो गाइको संख्या | औषतप्रति दिनदुध (लिटरमा) |
|---|---|---|---|
| १ | ० | ८ | ५ |
| २ | १ | ३ | ५ |
| ३ | १ | ० | ५ |
| ४ | ५ | ४ | ४.३ |
| ५ | २ | ० | ४ |
| जम्मा | ९ | १५ | ४.६ |

### तालिका नं. ३.३.५ (५) स्थानिय जातको भैंसीको प्रकार र दुध आम्दानी

| वडा | स्थानिय जातको थारो भैंसीको संख्या | स्थानिय जातको लैनो भैंसीको संख्या | औषतप्रति दिनदुध (लिटरमा) |
|---|---|---|---|
| १ | ८९ | ३ | ४.५ |
| २ | ४२६ | १२६ | ४.१ |
| ३ | ४६१ | ८५ | ३.५ |
| ४ | २६७ | २३५ | ४.४ |
| ५ | १५० | १५६ | ३.७ |
| जम्मा | १३९३ | ६०५ | ४.१ |

### तालिका नं. ३.३.५ (६) उन्नत जातको भैंसीको प्रकार र दुध आम्दानी

| वडा | उन्नत जातको थारो भैंसीको संख्या | उन्नत जातको लैनो भैंसीको संख्या | औषतप्रति दिनदुध (लिटरमा) |
|---|---|---|---|
| १ | ० | ७ | ६ |
| २ | ० | ० | ७ |
| ४ | १ | १ | ८ |
| ५ | ० | ० | ७ |
| जम्मा | १ | ८ | ७ |

## पशुपंक्षीजन्य उत्पादनबाट हुने आम्दानी सम्बन्धी विवरण

यस गाउँपालिकामा राँगाको संख्या २९३, पाडापाडीको संख्या १३२५, गोरुको संख्या १५७४ र बाछाबाछी संख्या २०२ छ। यी विभिन्न प्रकारका पशुबाट बार्षिक रु २,२८,६४,००० आम्दानी हुने गरेको सर्भेक्षणबाट देखिन्छ। त्यसै गरी बाखा/खसी/बोका बाट बार्षिक १८५३२८ के.जी मासु उत्पादन हुने गरेको छ र सोबाटवार्षिक रु ५,५५,९८,४००को आम्दानी हुने गरेको तपसिलको तंथ्याकमा उल्लेख गरिएको छ। त्यस्तै सुँगुर/वँगुरको विक्रीबाट प्रति वर्ष रु ८,४४,५८० आम्दानी हुने गरेको छ भने कुखुरा/हाँस बाट बार्षिका रुपमा ९२९८६२ आम्दानी हुने गरेको देखिन्छ।तपसिलको तालिकाहरुमा वडागत रुपमा विस्तृत विवरण प्रस्तुत गरिएको छ।

### तालिका नं. ३.३.५ (७) राँगा/पाडापाडी/गोरू/बाछाबाछीको संख्या र वार्षिक आम्दानी

| वडा | राँगाको संख्या | पाडापाडी संख्या | गोरू संख्या | बाछबाछी संख्या | राँगा/पाडापाडी/गोरू/बाछबाछी वार्षिक आम्दानी (रु.हजारमा) |
|---|---|---|---|---|---|
| १ | ३३ | १२५ | २६० | ७ | २४५१ |
| २ | ४६ | २५४ | ४७६ | ४ | ४४२४ |
| ३ | ८० | २३४ | १८७ | १५ | ४३५९ |
| ४ | ८१ | ४४७ | ३४४ | ७७ | ७००९ |
| ५ | ५३ | २६५ | ३०७ | ९९ | ४६२१ |
| जम्मा | २९३ | १३२५ | १५७४ | २०२ | २२८६४ |

### तालिका नं. ३.३.५ (८) बाखा/खसी/बोकाको संख्या र वार्षिक आम्दानी सम्बन्धी वडागत विवरण

| | बाखा/खसी/बोकाको संख्या | वार्षिक मासु उत्पादन (के.जि.) | विक्रीबाट वार्षिक आम्दानी (रु.हजारमा.) |
|---|---|---|---|
| १ | २६२८ | ३४१६४ | १०२४९.२ |
| २ | २४७० | ३२११० | ९६३३ |
| ३ | २७७६ | ३६०८८ | १०८२६.४ |
| ४ | ३८९३ | ५०६०९ | १५१८२.७ |
| ५ | २४८९ | ३२३५७ | ९७०७.१ |
| जम्मा | १४२५६ | १८५३२८ | ५५५९८.४ |

### तालिका नं. ३.३.५ (९) सुँगुर/वंगुरको र वार्षिक आम्दानी सम्बन्धी वडागत विवरण

| | सुँगुर/वंगुरको संख्या | वार्षिक मासु उत्पादन (के.जि.) | विक्रीबाट वार्षिक आम्दानी (रु.) |
|---|---|---|---|
| २ | १८७ | ९७०७ | ७७०६० |
| ३ | १४ | ५८० | १६४०२० |
| ४ | २ | २० | ७५०० |
| ५ | १२६ | १३२६ | ५९६००० |
| जम्मा | ३२९ | ११६३३ | ८४४५८० |

**तालिका नं. ३.३.५ (१०) कुखुरा/हाँसको संख्या र बार्षिक आम्दानी सम्बन्धी वडागत विवरण**

| वडा | कुखुरा/हाँसको संख्या | वार्षिक मासु उत्पादन (के.जि.) | वार्षिक अण्डा उत्पादन (संख्या) | बिक्रीबाट बार्षिक आम्दानी (रु.हजारमा) |
|---|---|---|---|---|
| १ | २१३१ | ५०२०.६३६ | ६३९३० | २१०३.२९७ |
| २ | १७७२ | ४१७४.८३२ | ५३१६० | २३१७०० |
| ३ | ३६३१ | ८५५४.६३६ | १०८९३० | ६४५२०० |
| ४ | ५७४४ | १३५३२.८६४ | १७२३२० | १८०५०० |
| ५ | २९०३ | ६८३९.४६८ | ८७०९० | १०१८०९ |
| जम्मा | १६१८१ | ३८१२२.४३६ | ४८५४३० | ९२९८६२ |

## ३.३.६ खाद्यन्न बालीमा लाग्ने रोग तथा कीरा

**तालिका नं. ३.३.६ खाद्यन्न बालीमा लाग्ने रोग तथा किरा**

| साधारणतया तरकारी वालीमा लाग्ने किरा वा रोगको नाम, | साधारणतया फलफूल खेतीमा लाग्ने किरा वा रोगको नाम, | साधारणतया खाद्यान्न वालीमा लाग्ने किरा वा रोगको नाम, | साधारणतया दलहन वालीमा लाग्ने किरा वा रोगको नाम, | साधारणतया नगदे वालीमा लाग्ने किरा वा रोगको नाम, |
|---|---|---|---|---|
| खपटे किरा गवारो पतेरो पतेरो भुसिल कीरा, | लाही फुलमा अैंस पार्ने कीरा गवारो भुसिल कीरा लाही, | गवारो फ्रुट फलाई फटके फौजी किरा खपटे, | फट्याङ्ग्रा फौजी किरा फट्याङ्ग्रा, | पतेरो फट्याङ्ग्रा |

## ३.३.७ पशुपन्छिमा लाग्ने रोग तथा कीरा

**तालिका नं. ३.३.७ पशुपन्छीमा लाग्ने रोगको नाम**

| पशुपन्छी जन्य उत्पादन | रोगको नाम |
|---|---|
| पशु | भ्यागुते, चरचरे, खोरेत, एन्थ्रेक्स, पी.पी.आर, एन यूरिया, डर्माटाइटिस, डायरिया, पाइरेक्ससिया, एनोरेक्सिस, एलएफ, राउन्डओम, टेपओम, महोस्ट, टिक्स, लाइस, सर्भिसाइटिस, भेट्राइटिस, पायोमेट्रा, स्वइन फिबर, खोरेत,रेविज, नाम्ले, माटे, जुका, छेरौटे, साउने ज्वरो, जुम्रा, उपियाँ, किर्ना, लुतो, थुनेलो |
| पंक्षी | क्सीडिपेसिस, कोराइजा गम्बारो, सि आर डी, सल्मोनेलासिस, रानिखेत, फबल पक्स, हवाइडाइरिया, मेरेक्स,जुका, गम्वोरो, रानी खेत |

## ३.३.८ व्यवसायिक कृषि गर्न इच्छुकको विवरण

यस गाउँपालिकामा व्यवसायिक कृषि गर्न इच्छुक घरधुरी २२३९ छन् भने व्यवसायिक कृषि गर्न इच्छुक नभएका घरधुरी ४७२ छन् । वडागत रुपमा व्यवसायिक कृषि गर्न इच्छुक घरधुरीको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३.३.८ व्यवसायिक कृषि गर्न इच्छुक घरधुरी

| व्यावसायिक कृषी गर्न इच्छुक | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | ३५५ | ५४७ | ४७८ | ४०२ | ४५७ | २२३९ |
| छैन | १८ | ५८ | १६ | ३१९ | ६१ | ४७२ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

## ३.३.९ व्यवसायिक कृषि तथा पशु फर्महरु र सम्बन्धित मानव संशाधन

| सि.नं | फर्मको नाम | सञ्चालक | ठेगाना | कामदार | | उद्यमी | |
|---|---|---|---|---|---|---|---|
| | | | | म | पू | म | पू |
| १ | श्रेष्ठ बंगुर फार्म | नरवहादुर श्रेष्ठ | घ्याङलेख ४ | १ | १ | ० | १ |
| २ | सुरेन्द्र वाख्रा फार्म | आइतमान वम्जन | घ्याङलेख १ | २ | ३ | ० | १ |
| ३ | विश्वकर्मा वाख्रापालन | चन्द्रवहादुर वि.क. | घ्याङलेख १ | ० | २ | ० | १ |
| ४ | कर्ण तरकारी खेती | कर्णवहादुर घिसिंग | घ्याङलेख १ | १ | १ | ० | १ |
| ५ | मिलीजुली वाख्रा फर्म | इनद्रवहादुर थापा | घ्याङलेख १ | १ | २ | ० | १ |
| ६ | चन्दनपूर वंगुर पालन | शम्भुवहादुरयोन्जन | घ्याङलेख २ | १ | १ | ० | १ |
| ७ | वांफोखेत फलफुल तथा तरकारी | रामवहादुर गोले | घ्याङलेख १ | २ | ३ | ० | १ |
| ८ | फुलमाया वाख्रा पालन फर्म | पुर्णसिंह भोलन | घ्याङलेख १ | १ | १ | १ | ० |
| ९ | सिंजाली वाख्रापालन फर्म | शान्ता सिंजाली | घ्याङलेख ५ | १ | १ | ० | १ |
| १० | सिरुटार वाख्रा फर्म | कमला घिसिङ | घ्याङलेख १ | १ | १ | ० | १ |
| ११ | रजवास वाख्रा फर्म | सुर्यराम मोक्तान | घ्याङलेख १ | १ | १ | ० | १ |
| १२ | निकेश वाख्रा फर्म | निकेश वाइवा | घ्याङलेख ५ | १ | १ | ० | १ |
| १३ | मन्दि माछापालन पोखरी | मानवहादुर स्यांतान | घ्याङलेख ३ | १ | १ | ० | १ |
| १४ | एस.के.पशु फर्म | कैलाश थापा | घ्याङलेख १ | १ | १ | ० | १ |
| १५ | महाभारत पशुपंक्षी तथा कृषि फर्म | ज्ञानवहादुर स्यांतान | घ्याङलेख ३ | ० | ४ | ० | १ |
| १६ | छरछरे वाख्रा फर्म | ज्ञानवहादुर थिङ | घ्याङलेख १ | ० | २ | ० | १ |
| १७ | सुनमाया वाख्रा फर्म | सुनमाया काल्तान | घ्याङलेख ४ | १ | २ | ० | १ |
| १८ | कर्माचार्य वाख्रा फर्म | टिकामाया श्रेष्ठ | घ्याङलेख ५ | ० | ४ | १ | ० |
| १९ | चन्दनपुर पोल्टीफर्म | लालकुमार थोकर | घ्याङलेख २ | ० | २ | ० | १ |
| २० | ढुङग्रेगढी पशुपंक्षी फर्म | टंकवहादुर लुंगेली | | २ | २ | ० | १ |
| २१ | शुशिला पशुपंक्षी तथा कृषि | विविमाया थिंग | घ्याङलेख ४ | १ | १ | १ | ० |
| २२ | रूपा माछा पोखरी | होमनाथ पहाडी | | १ | १ | ० | १ |
| २३ | महासत्य धर्मकुण्ड खाजाघर | रामकुमार श्रेष्ठ | घ्याङलेख १ | १ | १ | ० | १ |
| २४ | लनाम पशुकृषि व्यवसाय फर्म | भिमान सिं घलान | घ्याङलेख १ | १ | २ | ० | १ |
| २५ | खानीखोला वाख्रा पालन फर्म | तुलाराम विश्वकर्मा | घ्याङलेख १ | १ | २ | ० | १ |
| २६ | हिमन्त कृषि तथा पशुपंक्षीफर्म | विष्णुमाया सुनुवार | घ्याङलेख २ | २ | १ | १ | ० |
| | जम्मा | | | २५ | ४४ | ४ | २२ |

### ३.३.१० आधुनिक (व्यवसायिक) साझेदारी फार्महरू सम्वन्धी विवरण

| सि.नं. | फार्मको नाम | सञ्चालक | ठेगाना | कामदार | | उद्यमी | |
|---|---|---|---|---|---|---|---|
| | | | | म | पु | म | पु |
| १ | गोर्खा नेपाल लक्ष्मी डेरी उद्योग | जयवहादुर मोक्तान समेत | नेत्रकाली ९ | ० | ५ | ० | ३ |
| २ | मझुवा कृषि तथा पशुपंक्षी फर्म | देवराज घोले | घयाङलुख ३ | ० | ३ | ० | ३ |
| ३ | योन्जन रेव्वो ट्राउट माछा प्रा.ली | भक्तवहादुर तामाङ | अमले १ | २ | ४ | ० | १ |
| जम्मा | | | | ५२ | १०० | ८ | ५१ |

### ३.३.११ कृषि बजार तथा हाट बजार सम्बन्धी विवरण

यस गाउँपालिकाको वार्ड नं.२ चालिसे बगर भन्ने ठाँउमा हप्ताको एक पल्ट हाट बजार लाग्ने गर्छ । जसमा कपडा, खाद्यान्न, फलफुल, तरकारी तथा दैनिक उपभोग्य सामानहरुको व्यापार हुने गदर्छ । जसमा आन्तरिक तथा वाह्य व्यापारीहरुले विक्री गर्ने गर्छन् ।

## ३.४ पर्यटन विकास

### ३.४.१ पर्यटकीय स्थलहरूको विवरण

यस गाउँपालिकामा तपशिल बमोजिमका मनमोहक पर्यटकिय स्थलहरु रहेका छन् ।

पर्यटकिय स्थाल : भुमिचुली, घ्याङडाँडा, फापरचुली, ,देवीथान मन्दिर (पाखुरे), सातदोबाटो, गोपे डाँडा

स्मारक : वडा नं १ सहिद पार्क,वडा नं ३ दौलतसिं स्मृतिलाय (चौकिटार) वडा नं ४ कोकिल स्याङतान स्मृति भवन(कालिखोला)

### ३.४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण

यस गाउँपालिकामा आवसीय होटेल ३ वटा र होटेल ७ वटा र होमस्टे २ वटा गरी जम्मा १२ वटा होटल/रिसोर्ट रहेका छन् ।

**तालिका नं. ३.४.२ होटल/रिसोर्टको प्रकार सम्बन्धि विवरण**

| होटल/रिसोर्टको प्रकार | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| आवसीय होटेल | १ | १ | | | १ | ३ |
| होटेल | १ | ३ | १ | १ | १ | ७ |
| होमस्टे | | | | | २ | २ |
| जम्मा | २ | ४ | १ | १ | ४ | १२ |

### ३.४.३ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विवरण

यस गाउँपालिकाको सबैभन्दा समृद्ध पक्ष भनेको जैविक विविधिता सहितको वन जंगलका साथैमरिण खोला, तामाजोर खोला, चाउखोला, रातु खोला, सिम्ले खोला, ठाडो खोला, चालिसे खोला आदि खोला, लिपे खोला आदी खोलानाला हुन् प्राकृतिक रुपले मनोरम साल, सिरिस, खयर, बर्रो, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते कटुस, चिलाउने, उत्तिस, लाकुरी आदी जस्ता रुखहरु र लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, आदि प्रकारका जनावर आदिको बासस्थानको रुपमा रहेको यस गाँउपालिकामा विभिन्न संस्किर्तिक स्थल हरु पनि रहेका छन् ।

घ्याङलेख गाउँपालिकाको वडा नं. १ मा अवस्थित फापरचुलि डाँडा सिन्धुली जिल्लको अग्लो डाँडा मध्येमा पर्दछ । जसमा विभिन्न पर्यटकहरुले त्यस स्थानको मनोरम दृश्य हेर्न आउने गर्दछन् । त्यसै गरी वडा नं. २ मा रहेको हाडीखोला छाँगाले पनि आन्तरिक पर्यटकलाई आकृषित गरिरहेको छ । घ्याङलेख गाउँपालिकाको भद्रकाली मन्दिर, गणेशस्थान मन्दिर, महादेव गुफा, चुवाकोट मन्दिर, उर्गेन छ्योइफिल गुम्बा जस्ता विभिन्न धार्मिक पर्यटकीय स्थलहरुले यस गाउँपालिकाको महिमा अझै उच्च गरिरहेको छ। त्यस्तै वडा नं. ४ मा पर्ने गोपे डाडो यहाँको अर्को अग्लो डाडोँ हो । त्यस्तै सातदोबाटो डाडोँ पनि वडा नं २ मा पर्ने एक अग्लो डाडोँ हो ।

सितल हावापानी रहेको यस गाउपालिकामा अर्गानिक आलु, अम्रिसो उत्पादन हुन्छ र यसका साथै यहाँ बाट हिमाल देखि तराई सम्मको दृश्य अवलोकन गर्न सकिन्छ ।

वडा नं. १. पशुपति मन्दिर, (खर्सुलेक), पेमादर्गी गुम्वा (थलागाउँ) चम्पालामा छोर्तेन(थलागाउँ सिरुटार) महासत्य धर्मकुण्ड प्राकृतिक गुम्वा ( भ्वाँसेडाँडा)

वडा नं. २. देविथान, बराजुथान (चन्दनपुर) ,चण्डेश्वर महादेव -चन्दनपुर)थानपति ( बस्तिपुर) नारायणथान (सातदाबाटो) बस्तिपुर अनुग्रह चर्च (हिर्दिङ) दमाइडाँडा माने गुम्वा (सानोभोक्टेनी) पेमा होइवरलिङ (खोलागाउँ) काङलिङ गुम्वा (खोलागाउँ) छ्योर्तेन गुम्वा (खोलागाउँ) गोक्चोमायाँ स्याङतान स्मृति स्तुप (माने भञ्ज्याङ्ग),चण्डिथान मन्दिर (सातदोबाटो), भूमेथान (बस्तिपुर), बोद्धिसत्व छ्योंदेन

वडा नं. ३. पेमासाङलिङ गुम्वा (कोल्टार) , कालिनाग मन्दिर चौकीटार दौलतसिं स्मृतिलाय (चौकिटार)

वडा नं. ४ सिद्धिमान घलान स्मृति छ्योर्तेन (ठाडे कालिखोला) उर्गेन छ्योइफेल गुम्वा (सिम हाइटार) टासि छ्योइफेल गुम्वा (काङलिङगेट ) शिव मन्दिर (बेलबोट) लाखाङ गुम्वा (घ्याङडाँडा) भिमसेनस्थान(आँपडाँडा) कालिमाइ मन्दिर (आपडाँडा) कमेरो गुँफा (नकर्टे), माईथान मन्दिर (कालिखोला ), थर्पालिङ गुम्बा नेत्रकाली (मझुवा), टसी छयोर्लिङ गुम्बा (मझुवा), टसी छयोइफेल गुम्बा स्कुल(मझुवा),टसी दर्गेलिङ गुम्बा -मझुवा) पेमा देक्षेण गुम्बा गोपेफेदी),

वडा नं. ५.पशुपतिनाथ(रामपुर) नारायणथान मन्दिर (रामपुर) ठाकुरथान(ठाकुरडाँडा)गणेशथान(राङचा) दक्षिणकाली(सोलीथुम्का) राङचा अनुग्रह खृष्टिय मण्डली(राङचा) सिंपाल अनुग्रह खृष्टिय मण्डली(सिंपाल) पशुपतिथान मन्दिर(रातुदोभान) चमेरोगुँफा( बुदुमचुली) देविथान मन्दिर(बुदुमचुली)

## ३.५ उद्योग, व्यापार तथा बैंकिङ्ग

### ३.५.१ औद्योगिक विकास (लघु, घरेलु, साना, मझौला, ठूला, उद्योग, सरकारी, पब्लिक, निजी र सहकारी)

| मिल | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | उद्योगको नाम | उद्यमीको नाम | उद्योगको ठेगाना | रोजगार | | उद्यमी | |
| | | | | म | पु | म | पु |
| १ | घट्ट खोला पानी मिल | शिव लाल देवकोटा | घ्याङ्लेख १ | १ | १ | ० | १ |
| २ | चेलीमाया कुटानी पिसानी मिल | जयमान लो | घ्याङ्लेख २ | १ | १ | ० | १ |
| ३ | सोनु राइस मिल | जीतबहादुर भोलन | घ्याङ्लेख १ | १ | १ | ० | १ |
| ४ | विवेक राइस मिल | खड्गबहादुर थापा | घ्याङ्लेख १ | १ | १ | ० | १ |
| ५ | निर्मल राइस मिल | निर्मल स्यांतान | घ्याङ्लेख १ | १ | १ | ० | १ |
| ६ | तुला राइस मिल | तुलाबहादुर थिंग | घ्याङ्लेख ३ | १ | १ | ० | १ |
| ७ | लालीगूरांश पेलानी मिल | जसमान स्यांतान | घ्याङ्लेख ४ | १ | १ | ० | १ |
| ८ | महादेव मिल | मृङसिङ वाइवा | घ्याङ्लेख ४ | १ | १ | ० | १ |
| ९ | लामा पिसानी मिल | साङपो घोले | घ्याङ्लेख ४ | १ | १ | ० | १ |
| १० | पिपलभन्ज्यांग मिल | चन्द्रवहादुर सिंजाली | घ्याङ्लेख ५ | १ | १ | ० | १ |
| ११ | आहालडांडा पिसानी मिल | दलबहादुर पुलामी | घ्याङ्लेख ५ | १ | १ | ० | १ |
| १२ | लालपानी घट्ट | लालवहादुर घोले | घ्याङ्लेख ३ | १ | ० | ० | १ |
| १३ | रामचन्द्र राइस मिल | राजेन्द्रकुमार वस्नेत | घ्याङ्लेख २ | १ | १ | ० | १ |
| १४ | शेखर राइस मिल | वोइवोमाया स्यांतान | घ्याङ्लेख १ | १ | १ | १ | ० |
| जम्मा | | | | १४ | १३ | १ | १३ |

### ३.५.२ निर्माण सेवा सम्वन्धी विवरण

| क्र.सं. | उद्योगको नाम | उद्यमीको नाम | उद्योगको ठेगाना |
|---|---|---|---|
| १ | गोन्साङ कन्ट्रक्शन प्रा.ली | विवसकुमार वाइवा | घ्याङ्लेख २ |
| २ | छवि निर्माण सेवा | छविलाल स्यांतान | घ्याङ्लेख २ |

### ४.५.३ होटेल सम्वन्धी विवरण

| सि.नं. | उद्योगको नाम | उद्योगीको नाम | ठेगाना |
|---|---|---|---|
| १ | कर्माचार्य होटल | सूजन कर्माचार्य | घ्याङ्लेख ५ |
| २ | नमस्ते होटल एण्ड गेष्ट हाउस | इनद्रकुमार श्रेष्ठ | घ्याङ्लेख ५ |
| ३ | आर. एन. खाजा घर | रामकुमार लो | घ्याङ्लेख ४ |
| ४ | महासत्य धर्मकुण्ड खाजाघर | रामकुमार श्रेष्ठ | घ्याङ्लेख १ |

### ३.५.४ कम्प्यूटर/प्रेस/इन्स्टिच्यूट सम्वन्धी विवरण

| सि.नं. | उद्योगको नाम | उद्योगीको नाम | ठेगाना |
|---|---|---|---|
| १ | लक्ष्मी कम्प्युटर | विहेन्द्र हमाल | घ्याङ्लेख १ |
| २ | चैनपुर कम्प्युटर | नवराज पुलामी | घ्याङ्लेख ५ |

### ३.५.५ सिलाई बुनाई सम्वन्धी विवरण

| सि.नं. | उद्योगको नाम | उद्योगीको नाम | ठेगाना |
|---|---|---|---|
| १ | सुजन सिलाइ प्रशिक्षण | बलबहादुर स्यांतान | घ्याङ्लेख ५ |

### ३.५.६ अन्य उद्योग सम्वन्धी विवरण

| सि.नं. | उद्योगको नाम | उद्योगीको नाम | ठेगाना |
|---|---|---|---|
| १ | हातेमालो नेपाली कागज | भक्तबहादुर तामाङ | घ्याङ्लेख १ |

### ग्रिल

| सि.नं. | उद्योगको नाम | उद्योगीको नाम | ठेगाना |
|---|---|---|---|
| १ | आर.के.वी ग्रिल | राजकुमार वि.क. | घ्याङ्लेख २ |
| २ | जि.एल.टी फर्नचर | गोपीलाल भोलन | घ्याङलेख १ |

### ३.५.७ बैंक तथा वित्तिय संस्था सम्वन्धी विवरण

घ्याङलेख गाउँपालिकामा बैंक तथा वित्तिय संस्था कम मात्रामा खोलिएका छन् । जम्मा बैंक संख्या १ र लघु वित्त संस्थाको संख्या २ रहेका छन् ।

**तालिका नं. ३.५.७ (१) बैंक तथा वित्तिय संस्था सम्वन्धी विवरण**

| बैंक तथा वित्तिय संस्थाको प्रकार | २ | ५ | जम्मा |
|---|---|---|---|
| लघु वित्त संस्था | १ | १ | २ |
| वैंक | १ | | १ |
| जम्मा | २ | १ | ३ |

### बैंक तथा वितीय संस्थामा पहुँच सम्बन्धी विवरण

घ्याङलेख गाउँपालिकामाबैंक तथा वित्तीय संस्थामा खाता भएका घरधुरी जम्मा ४२ प्रतिशत र बैंक तथा वित्तीय संस्थामा पहुँच नभएका घरधुरी ५८ प्रतिशत रहेका छन् । तपसिलको तालिकामा वडागत रुपमा विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.५.७ (२) बैंक तथा वित्तीय संस्थामा खाता भएका/नभएका घरधुरीको वडागत विवरण**

| वैंक तथा वित्तीय संस्थामा खाता छ/छैन | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | २२३ | २६३ | २४९ | १९० | २३६ | ११६१ |
| छैन | १५० | ३४२ | २४५ | ५३१ | २८२ | १५५० |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

### ३.५.८ सहकारी संस्थाहरूको विवरण

| क.स. | सहकारी संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | महाभारत जडिवुटी कृषि सहकारी संस्था लि. | वडा नं २, वस्तीपुर |
| २ | जनचेतना बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं १, अमले |
| ३ | वरपिपल उपभोक्ता सहकारी संस्था लि. | वडा नं ३, तामाजोर |
| ४ | मरिण बाराजु महिला बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं २, वस्तीपुर |
| ५ | शुभ सन्देश साना किसान सहकारी संस्था लि. | वडा नं ३, तामाजोर |
| ६ | सूर्यमुखी महिला बुहुउद्धेश्यीय सहकारी संस्था लि. | वडा नं ५, शान्तेश्वरी |
| ७ | नेत्रकाली कृषि सहकारी संस्था लि. | वडा नं ४, नेत्रकाली |
| ८ | सूर्योदय साना किसान सहकारी संस्था लि. | वडा नं ३, तामाजोर |
| ९ | फापरचुरे कृषि सहकारी संस्था लि. | वडा नं १, अमले |
| १० | नेत्रकाली महाभारत सामुदायिक ग्रामीण विद्युत सहकारी संस्था लि. | वडा नं ४, नेत्रकाली |
| ११ | पशुपति कृषि सहकारी संस्था लि. | वडा नं ५, शान्तेश्वरी |

## घ्याङलेख गाउँपालिकाको अनुरोध

१०. सडक अधिकार क्षेत्रको लागि घर अगाडी छोडिएको भागमा सेफ्टी ट्याँकी लगायत कुनै संरचना निर्माण नगरौं।
११. बन्यजन्तु अवैध चोरी शिकारी नगरौं ।
१२. करेन्ट र विषादी प्रयोग गरी जलचर र माछा मार्नु कानूनी रुपमा दण्डणीय छ। यसरी माछा मार्ने कार्य वन्द गर्न गराउन सबैले सहयोग गरौं ।
१३. लागु औषध प्रयोग नियन्त्रण गर्न सबै मिली सहयोग गरौं ।
१४. सुन्दर भविष्यका कर्णधार हाम्रा छात्रछात्राहरुलाई दुर्व्यसनी हुन र कुलतमा लाग्नबाट बचाऔं ।
१५. कानून विपरित कार्य गर्ने जो कोहीलाई कानूनी कठघरामा उभ्याउन सबैले सहयोग गरौं ।
१६. सबैखाले सामाजिक बिकृति विसंगती विरुद्धको अभियानमा सबैले सहकार्य गरौं ।
१७. जथाभावी पशु चौपाया छाडा नछाडौं ।

परिच्छेद ४

# सामाजिक अवस्था

## ४.१ शैक्षिक तथा मानव संशाधनविकास

यस गाउँपालिकामा८६ प्रतिशत जनसंख्या साक्षर छन् । यस गाउँपालिकाबाट डाक्टर अध्ययन गरेका जम्मा ११ जना छन् भने इञ्जिनियर जम्मा ३ जना । यस गाउँपालिकाबाट एमफिल र विद्यावारिधी गर्ने जम्मा २ जना छन् । तपसिलको तालिकामा वडागत रुपमा विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१ शैक्षिकस्तर**

| शैक्षिकस्तर वडा नं. | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १ देखी ८) | ७४८ | १२८६ | १२५२ | १७७४ | १५२६ | ६५८६ |
| माध्यमिक तह (कक्षा ९ देखी १२) | ४९२ | ७६७ | ५११ | ८२२ | ६८२ | ३२७४ |
| लेखपढ गर्न नसक्ने (निरक्षर) | ४४१ | ३५२ | ४०७ | ६९६ | ५८३ | २४७९ |
| साधारण लेखपढ (साक्षर) | १७२ | ६९० | ४१३ | ७१० | ३५७ | २३४२ |
| पढाई शुरु नगरेको (नाबालक) | १०१ | २०९ | १७९ | ३९९ | ३१४ | १२०२ |
| पूर्व प्राथमिक (कक्षा १ भन्दा कम) | ७९ | ४३० | २०८ | २६४ | ११९ | ११०० |
| स्नातक तह | २६ | ४५ | १३ | ६५ | १४ | १६३ |
| स्नातकोत्तर | ४ | १३ | ३ | २३ | ६२ | १०५ |
| प्राविधिक एलएलसी | ० | ११ | २५ | ० | ० | ३६ |
| स्वास्थ्यकर्मी / स्वास्थ्य सम्बन्धि | १ | ३ | १ | ३ | ३ | ११ |
| इन्जिनियर | ० | २ | ० | ० | १ | ३ |
| एमफिल र विद्यावारिधी (पिएचडि) | ० | ० | ० | ० | २ | २ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ |

### ४.१.१ तहगत रूपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत, मदरसा, गुम्बा) र विद्यार्थी विवरण

यस गाउँपालिकामा सरकारी शैक्षिक संस्था २३, सामुदायिक ३ र निजी १ गरी जम्मा २७ शैक्षिक संस्थाहरु छन् । यी मध्ये आधार भूत विद्यालय (१ देखी ८ सम्म) पढाइ हुने विद्यालय २१ वटा , पूर्व प्राथमिक (१ कक्षा भन्दा तल) मात्र पढाइ हुने विद्यालयको संख्या १ र माध्यमिक विद्यालय ( ९ देखि १२ सम्म) पढाइ हुने विद्यालय ५ वटा छन् । वडागत रुपमा विद्यालयको विवरण तलको तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४.१.१ (१) गाँउपालिका भित्र पर्ने शैक्षिक संस्थाहरूको विवरण

| क्र.सं. | विद्यालयहरुको नाम | साविक ठेगाना | हालको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | क्याम्पस | | | |
| | नरहेको | | | |
| | माध्यामिक विद्यालय | | | |
| १ | श्री मा.वि.हायुटार, वस्तीपुर | वस्तिपुर- ८ | घ्याङलेख-२ | |
| २ | श्री मा.वि., अमले | अमले | घ्याङलेख-१ | |
| ३ | श्री नेत्रकाली मा.वि. आँपडाँडा रामपुर | | घ्याङलेख-५ | |
| ४ | श्री नेत्रकाली मा.वि., तामाजोर | तामाजोर | घ्याङलेख-३ | |
| ५ | श्री जनजागृती मा.वि., गोपे | नेत्रकाली | घ्याङलेख-४ | |
| | निम्न माध्यामिक विद्यालय, | | | |
| १ | श्री शारदा नि.मा.वि. भैंसे | वस्तिपुर- ३ | घ्याङलेख-२ | |
| २ | श्री नि.मा.वि.गोठडाँडा, चैनपुर | वडा नं. ७ | घ्याङलेख-५ | |
| ३ | श्री नि.मा.वि. टुनिभञ्ज्याङ्ग | अमले | घ्याङलेख-१ | |
| | प्राथमिक विद्यालय | | | |
| १ | श्री जनजागृति प्रा.वि. वस्तीपुर | वस्तिपुर- ३ | घ्याङलेख-२ | |
| २ | श्री कन्या प्रा.वि. केरावारी,सल्ले | वस्तिपुर- ६ | घ्याङलेख-२ | |
| ३ | श्री जनप्रेमि प्रा.वि. खोलागाउँ | वस्तिपुर- ७ | घ्याङलेख-२ | |
| ४ | श्री बागेश्वरी प्रा.वि.बाघखोर | वडा नं. १ | घ्याङलेख-५ | |
| ५ | श्री भानु आधारभुत विद्यालय.सिंग्पाल | वडा नं. ८ | घ्याङलेख-५ | |
| ६ | श्री गणेश प्रा.वि.राङचा | वडा नं. ७ | घ्याङलेख-५ | |
| ७ | श्री महेन्द्रोदय प्रा.वि.रामपुर गर्के | वडा नं. २ | घ्याङलेख-५ | |
| ८ | श्री शान्तेश्वरी प्रा.वि.रामपुर भञ्ज्याङ्ग | वडा नं.६ | घ्याङलेख-५ | |
| ९ | श्री शाही ठाकुर प्रा.वि.रातु चैनपुर | वडा नं. ७ | घ्याङलेख-५ | |
| १० | श्री सरस्वति प्रा. वि. सुकाचुरी | अमले | घ्याङलेख-१ | |
| ११ | श्री प्रा.वि. बछिउँटार | अमले | घ्याङलेख-१ | |
| १२ | श्री पञ्चकन्या प्रा.वि. छरछरे | अमले | घ्याङलेख-१ | |
| १३ | श्री प्रा.वि. देवीस्थान भञ्ज्याङ्ग | अमले | घ्याङलेख-१ | |
| १४ | श्री गणेश प्रा.वि. राँगेचौर | अमले | घ्याङलेख-१ | |
| १५ | श्री प्रा.वि. पटवास | अमले | घ्याङलेख-१ | |
| १६ | श्री सरस्वती प्रा.वि.आरुवोट | तामाजोर ९ | घ्याङलेख-३ | |
| १७ | श्री प्राथमीक विद्यालय कोल्टार | तामाजोर ७ | घ्याङलेख-३ | |

| क्र.सं. | विद्यालयहरुको नाम | साविक ठेगाना | हालको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १८ | श्री जनप्रेमि प्रा.वि.सोलाभञ्ज्याङ्ग | तामाजोर ७ | घ्याङलेख-३ | |
| १९ | श्री सूर्योदय प्राथमिक विद्यालय, पाँचघरे | तामाजोर ५ | घ्याङलेख-३ | |
| २० | श्री ठाकुरथान प्रा.वि.शिखरपुर | शिखरपुर | घ्याङलेख-४ | |
| २१ | श्री नेत्रकाली प्रा.वि. बन्दिपुर | नेत्रकाली ३ | घ्याङलेख-४ | |
| २२ | श्री प्रा.वि. बेलबोट | नेत्रकाली ५ | घ्याङलेख-४ | |
| २३ | श्री सिद्धार्थ प्रा.वि. आहाले | नेत्रकाली ५ | घ्याङलेख-४ | |
| २४ | श्री पेमाटासी प्रा.वि.चौकीडाँडा | नेत्रकाली १ | घ्याङलेख-४ | |
| २५ | श्री लक्ष्मी प्रा.वि.भोटथुम | नेत्रकाली ७ | घ्याङलेख-४ | |
| २६ | श्री प्रा.वि.लप्से भञ्ज्याङ्ग | तामाजोर | घ्याङलेख-३ | |
| २७ | श्री जनप्रेमि प्रा.वि.बुधुमचुली | शान्तेश्वरी | घ्याङलेख-५ | |
| २८ | श्री बालज्योति प्रा.वि.माटोखानी | शान्तेश्वरी | घ्याङलेख-५ | |
| | संस्थागत विद्यालय | | | |
| १ | श्री नवदेवी वोर्डिङ स्कुल | वस्तिपुर-८ | घ्याङलेख-२ | |

स्रोत : शिक्षा शाखाको अभिलेख २०७७

## तालिका नं. ४.१.१ (२) सामुदायिक सिकाई केन्द्र

| क्र.स. | सामुदायिक सिकाई केन्द्रहरुको नाम | ठेगाना | परिचालिका | अध्यक्ष | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | शान्तेश्वरी सामुदायिक सिकाई केन्द्र | घ्याङलेख-५, शान्तेश्वरी | सरिता कु.श्रेष्ठ | नारायण कुमार श्रेष्ठ | ९८८०१३४५५० |
| ३ | नेत्रकाली सामुदायिक सिकाई केन्द्र | घ्याङलेख-४, नेत्रकाली | अन्जली वल | नर वहादुर वल | ९६२११८१३७२ |
| ३ | तामाजोर सामुदायिक सिकाई केन्द | घ्याङलेख-३, नेत्रकाली | सन्दिका धोङ | गण व.स्याङ्तान | ९७४४०२९८१३ |
| ४ | बस्तिपुर सामुदायिक सिकाई केन्द्र | घ्याङलेख-२, बस्तिपुर | तुलसा सुनुवार | नवराज सुनुवार | ९६१४७६६२९८ |
| ५ | अमले सामुदायिक सिकाई केन्द्र | घ्याङलेख-१, अमले | सविना घिमिरे | नबिन कुमार सुनुवार | ९८४२९८४६१३ |

स्रोत : शिक्षा शाखाको अभिलेख २०७७

## तालिका नं. ४.१.१ (३) शैक्षिक संस्था

| वडा नं. | विद्यालयको संख्या, किसिम र कक्षा तह | | | शिक्षक संख्या | | छात्र/छात्रा संख्या | | जम्मा विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय संख्या | संस्थागत विद्यालय सं | आधारभूत/ माध्यमिक र संचालित कक्षा तह | महिला | पुरुष | छात्रा | छात्र | | |
| १ | ७ | | आधारभूत | १० | १३ | २१८ | २४६ | ५९५ | वाल विकास तथा संस्थागत विद्यालयको विद्यार्थी संख्या नराखिएको । |
| | ० | | मा.वि. | ० | ३ | ५८ | ३१ | | |
| | १ | | उ.मा.वि. | ० | २ | २७ | १५ | | |
| २ | ४ | १ | आधारभूत | ५ | १३ | ३३० | २८५ | ८०८ | |
| | ० | | मा.वि. | ० | ३ | ५५ | ६१ | | |
| | १ | | उ.मा.वि. | १ | १ | ४९ | २८ | | |
| ३ | ५ | | आधारभूत | १० | ६ | २८७ | २९५ | ६५२ | |
| | १ | | मा.वि. | ० | १ | ३१ | ३९ | | |
| | ० | | उ.मा.वि. | ० | ० | ० | ० | | |
| ४ | ६ | | आधारभूत | ६ | १३ | २७७ | २४४ | ५७५ | |
| | ० | | मा.वि. | ० | ० | २० | ३४ | | |
| | १ | | उ.मा.वि. | ० | ० | ० | ० | | |
| ५ | ९ | | आधारभूत | ५ | १८ | ३६६ | ४११ | १०९२ | |
| | ० | | मा.वि. | ० | ५ | ८८ | ९२ | | |
| | १ | | उ.मा.वि. | ० | २ | ७८ | ५७ | | |
| | | | जम्मा | ३७ | ८० | १८८४ | १८३८ | ३७२२ | |

## तालिका नं. ४.१.१ (४) विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण

| क्र.सं. | विद्यालय | छात्रा | छात्र | जम्माविद्यार्थी |
|---|---|---|---|---|
| १ | सस्थागतकक्षा (१-५) | २७ | ४४ | ७१ |
| २. | प्रा.वि (०-५ ) सम्म | १०८१ | १०७० | २१५१ |
| ३. | नि.मा..वि (६-८) सम्म | ४९२ | ४४७ | ९३९ |
| ४. | मा. वि (९-१०) सम्म | २६४ | २५० | ५१४ |
| | जम्मा | १८९४ | १८११ | ३६७५ |

## तालिका नं. ४.१.१ (५) तहगत शिक्षक विवरण

| क्र.सं. | शिक्षक | स्थायी | अस्थायी | राहत | गा.पा. अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | प्रा.वि. | ३० | ९ | ४७ | ९ | ९५ |
| २. | नि.मा.वि. | ७ | १ | ५ | १० | २३ |
| ३. | मा.वि. | ३ | ३ | ६ | ५ | १७ |
| ४ | उ.मा.वि. | - | ६ | - | - | ६ |
| ५ | वालविकास | - | २४ | - | ३ | २७ |
| ६ | जम्मा३६११ | | | | | १६८ |

## तालिका नं. ४.१.१ (६) तहगत सिकाई उपलब्धि विवरण

| क्र.स. | तह | | सिकाई उपलब्धि % |
|---|---|---|---|
| १ | आधारभुत तह कक्षा (१-५) | विषय : | |
| | | नेपाली | ५२.८ % |
| | | गणित | ४९.३ % |
| | | अंग्रेजी | ४८.८ % |
| | | विज्ञान | ५२.० % |
| | | सामाजिक | ५१.६ % |
| | | ऐ.विषय | ४१.१ % |
| २ | तह | | सिकाई उपलब्धि % |
| | आधारभुत तह कक्षा (६-८) | विषय : | |
| | | नेपाली | ४५.३ % |
| | | गणित | ४०.२ % |
| | | अंग्रेजी | ४३.२ % |
| | | विज्ञान | ४५.७ % |
| | | सामाजिक | ४२.८ % |
| | | स्वा तथा नैतिक | ४८.० % |
| | | पेशा व्यवसाय | ४८.५ % |
| | | कम्प्यूटर | ४९.८ % |
| ३ | तह | | सिकाई उपलब्धि % |
| | माध्यमिक तह कक्षा (९-१०) | विषय : | |
| | | नेपाली | ४७.६ % |
| | | गणित | ३७.६ % |
| | | अंग्रेजी | ४३.० % |
| | | विज्ञान | ४३.७ % |
| | | सामाजिक | ४८.९ % |
| | | जनसंख्या | ४८.६ % |
| | | ऐ.प्रथम | ४९.४ % |
| | | ऐ.द्वितीय | ५३.७ % |

स्रोत : विद्यालयगत सिकाई उपलब्धि ,२०७६।०७७

## ४.२ स्वास्थ्यतथा पोषण

### ४.२.१ स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को विवरण

घ्याङलेख गाँउपालिकामा ४ स्वास्थ्य चौकी, ५ सामुदायिक स्वास्थ्य इकाई, १ प्राथमिक स्वास्थ्य केन्द्र, ३ निजी क्लिनिक र १ उप स्वास्थ्य चौकी गरी जम्मा १५ स्वास्थ्य संस्था अवस्थित छन् । तपसिलको तालिकामा वडागत रुपमा अवस्थित स्वास्थ्य संस्थाको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२.१ स्वास्थ्य संस्थाको संख्या र प्रकार**

| स्वास्थ्य संस्थाको प्रकार/वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| निजी क्लिनिक | | | | १ | २ | ३ |
| प्राथमिक स्वास्थ्य केन्द्र | | | | | १ | १ |
| सामुदायिक स्वास्थ्य इकाई | १ | १ | १ | १ | १ | ५ |
| स्वास्थ्य चौकी | १ | १ | १ | १ | १ | ५ |
| जम्मा | २ | २ | २ | ३ | ६ | १५ |

### स्वास्थ्य संस्थाहरु

| | | |
|---|---|---|
| वडा नं १. | अमले स्वास्थ्य चौकी | -हे. इ. - १ जना |
| | | - अ. हे. व. - २ जना |
| | | - अ. न. मी - २ जना |
| | | - का. स. - १ जना |
| | थाला स्वास्थ्य इकाई | - अ. हे. व. - १ जना |
| | | - का. स. - १ जना |
| वडानं २. | वस्तिपुर स्वास्थ्य चौकी | -हे. इ. - १ जना |
| | | - अ. हे. व. - २ जना |
| | | - अ. न. मी - ३ जना |
| | | - का. स. - १ जना |
| | भैंसे स्वास्थ्य इकाई | - अ. हे. व. - १ जना |
| | | - का. स. - १ जना |
| वडा नं ३. | तायाजोर स्वास्थ्य चौकी | -हे. इ. - १ जना |
| | | - अ. हे. व. - २ जना |
| | | - अ. न. मी - २ जना |
| | | - का. स. - १ जना |
| | लप्से स्वास्थ्य इकाई | - अ. हे. व. - १ जना |
| | | - का. स. - १ जना |

| | | |
|---|---|---|
| वडा नं ४. | नेत्तकाली स्वास्थ्य चौकी | - सि.अ. हे. व . - १ जना |
| | | - अ. हे. व. - २ जना |
| | | - अ. न. मी - १ जना |
| | | - का. स. - १ जना |
| | गोपे स्वास्थ्य इकाई | - अ. हे. व. - १ जना |
| | | - का. स. - १ जना |
| वडा नं . ५ | भान्तेश्वरी स्वास्थ्य चौकी | -हे. इ. - १ जना |
| | | - अ. हे. व. - १ जना |
| | | - अ. न. मी - २ जना |
| | | - का. स. - १ जना |
| | रातु स्वास्थ्य इकाई | - अ. हे. व. - १ जना |
| | | - का. स. - १ जना |

## ४.२.२ उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरू

यस गाउँपालिकाका नागरिकलेप्रसुति सेवा, ल्याब, क्लिनिक, सुरक्षित मातृत्व, रक्त संचार, एक्सरे, खोप , एससिटि र परामर्श जस्ता सेवा तथा सुविधाहरुको भोग गर्दै आइरहेका छन् । तपसिलको तालिकामा वडागत आधारमा विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२.२ स्वास्थ्य संस्थामा उपलब्ध सेवा तथा सुविधा**

| चिकित्सक विवरण/स्वास्थ्य संस्थामा उपलब्ध सेवा तथा सुविधा | प्रसुति सेवा | ल्याब | सुरक्षित मातृत्व सेवा | खोप सेवा | परामर्श सेवा |
|---|---|---|---|---|---|
| १ | १ | | १ | १ | १ |
| २ | १ | १ | १ | २ | १ |
| ३ | १ | | १ | २ | १ |
| ४ | १ | | १ | २ | १ |
| ५ | १ | | १ | २ | १ |
| जम्मा | ५ | १ | ५ | ९ | ५ |

## ४.२.३ प्रमुख रोग र उपचार सम्बन्धी विवरण

यस गाउँपालिकामा कुल जनसंख्याको ९९ प्रतिशत जनसंख्या स्वास्थ्य छन् । अन्य ७३ जना दीर्घ रोगबाट ग्रसित छन् भने १६ जना सामान्य रोगबाट । सामान्य रोगमा ज्वरो/टाइफाइड भएका जनसंख्या बढी मात्रामा देखिन आउँछन् र दीर्घ रोगको हदमा स्वासप्रश्वास सम्बन्धी रोगी बढी देखिएका छन् । यस गाँउ पालिकामा प्रमुख रोगको रुपमा स्वाशप्रश्वास सम्बन्धी रोग रहेको तंथ्याकले देखाउँछ ।

### तालिका नं. ४.२.३ (१) स्वास्थ्य अवस्थाको आधारमा

| स्वास्थ्य अवस्था | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| दीर्घ रोगी | ५ | १ | ३२ | १० | २५ | ७३ |
| सामान्य रोगी | ० | ० | २ | ६ | ८ | १६ |
| स्वास्थ्य | २०५९ | ३८०७ | २९७८ | ४७४० | ३६३० | १७२१४ |
| जम्मा | २०६४ | ३८०८ | ३०१२ | ४७५६ | ३६६३ | १७३०३ |

### तालिका नं. ४.२.३ (२) सामान्य रोगको प्रकारको आधारमा वडागत विवरण

| सामान्य रोगी | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| अन्य | | | ० | २ | ४ | ६ |
| जन्डिस | | | | ० | १ | १ |
| आंग खस्ने | | | १ | ० | ० | १ |
| ज्वरो/टाइफाइड | | | १ | ३ | २ | ६ |
| निमोनिया | | | | १ | ० | १ |
| झाडापखाला/बान्ता | | | ० | ० | १ | १ |
| जम्मा | | | २ | ६ | ८ | १६ |

### तालिका नं. ४.२.३ (३) दीर्घ रोगीको प्रकारको आधारमा वडागत विवरण

| दीर्घ रोगी | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| श्वासप्रशास सम्बन्धी रोग | ० | ० | ९ | २ | १८ | २९ |
| उच्च रक्तचाप/ब्लड प्रेसर | ३ | १ | ६ | ४ | ४ | १८ |
| मुटु सम्बन्धी रोग | १ | १ | ६ | ४ | ४ | १६ |
| अन्य | ० | ० | ८ | २ | २ | १२ |
| मानसिक | २ | ० | ७ | ० | १ | १० |
| क्यान्सर | ० | ० | ३ | १ | ० | ४ |
| मृगौला सम्बन्धी रोग | ० | ० | १ | १ | १ | ३ |
| कुपोषण | १ | ० | ० | ० | ० | १ |
| जम्मा | ७ | २ | ४० | १४ | ३० | ८८ |

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ खानेपानी सुविधाको अवस्था :

यस गाउँपालिकाका सत प्रतिशत घरधुरीले खानेपानीको पहुँच पुगेको छ। करिब ७४ प्रतिशत घरधुरीले सार्वजनिक पाइपधाराबाट खानेपानीको पहुँच पाएका छन्, मूलको पानीमा आधारित जनसंख्या १५ प्रतिशत रहेकाछन् भने ६ प्रतिशतको घरधुरीको आफ्नै घरको कम्पाउण्डमा पाइपधारा छन् । तपसिलको तालिकामा वडागत आधारमा विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

### ४.३.२ खानेपानीको श्रोतको विवरण

यस गाउँपालिकामा धेरै किसिमका खानेपानीको श्रोतहरु रहेका छन् । जुन यस प्रकार छन् ।

**तालिका नं. ४.३.१ खानेपानीको मुख्य स्रोत सम्बन्धी विवरण**

| खानेपानीको मुख्यस्रोत | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| पाइपधारा सार्वजनिक | २३९ | ६०२ | ४०० | २९२ | ४७२ | २००५ |
| मूलको पानी | | | ९ | ४०६ | | ४१५ |
| धारा घर कम्पाउण्डमा | १३४ | ३ | ८५ | २३ | ४६ | २९१ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

### ४.३.३ शौचालय प्रयोगको अवस्था

यस गाँउपालिकामा ९७.५ प्रतिशत घरधुरीमा शौचालय छन् । फ्लस भएका (सेप्टिक ट्याङ्क) शौचालय भएका घरधुरी १३५० को संख्यामा छन् र १२८४ घरधुरीमा साधारण शौचालय छन् भने फ्लस भएको (सार्वजनिक ढल) भएका शैचालय ९ घरधुरीमा छन् ।

**तालिका नं. ४.३.३ शौचालयको प्रकार**

| शौचालयको प्रकार | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| सेप्टिटंकी | ३ | ३६८ | ४९४ | ३१८ | २३५ | १४१८ |
| साधारण | ३७० | २३७ | ० | ४०३ | २८३ | १२९३ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

### ४.३.४ फोहोरमैला व्यवस्थापन

यस गाउँपालिकामा १०९३ घरधुरीले वर्गीकरण नगरी खाल्डो राखी फोहोर व्यवस्थापन गर्ने गरेका छन् , २८९ जनाले वर्गीकरण गरी अलग अलग खाल्डोमा व्यवस्थापन गर्ने गरेका छन् भने १० घरधुरीको फोहोर फोहोर संकलन संस्थाले व्यवस्थापन गरेको छ । फोहोर व्यवस्थापनको लागि केहि पनि नगरेको घरधुरी १३२१ छन् । तपसिलको तालिकामा वडागत आधारमा विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३.४ फोहोरमैला व्यवस्थापन**

| फोहोरव्यवस्थापन | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| फोहर व्यवस्थापनका लागि केहि पनि गरेको छैन | १०५ | २ | २६४ | ४७७ | ४७३ | १३३१ |
| वर्गीकरण नगरी खाल्डोमा राखी व्यवस्थापन गरेको | २१८ | ४५१ | २२७ | १६४ | ३३ | १०९३ |
| वर्गीकरण गरी अलग अलग खाल्डोमा राखी व्यवस्थापन गरेको | ५० | १५४ | ३ | ८० | २ | २८९ |
| जम्मा | ३७३ | ६०७ | ४९४ | ७२१ | ५१८ | २७१३ |

परिच्छेद

# ५ वन तथा वातावरणीय स्थिति

## ५.१ वन तथा वातावरणीय :

### वनस्पति :

मध्य पहाडि क्षेत्रमा पर्ने यस घ्याङलेख गाउँपालिकामा साल, सिरिस, खयर, बर्रो, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते प्रजातीका रुख हरु पाइन्छ । यसका साथै अन्य प्रजातीका रुखहरु जस्तै कटुस, चिलाउने, उत्तिस, लाकुरी, पैंयु, ओखर, वाँफ, खस्रु, चाँप र गुराँस फलाँट, धुपी, लेक चाँप आदि यहाँ प्रशस्त पाइन्छ ।

### गैह्र काष्ठ वन पैदावर

यहाँ गैह्र काष्ठ वन पैदनवरमा चिराइतो, जिवन्ती, मजिने, झ्याउ, काउलो, पाषणभेद, सतुवा, हडचुर, अल्लो, गुराँस, पावन बोक्रा, सुगन्धवाल, अमला, हर्रो, बर्रो, टिमुर, सिकाकाई, पिप्ला, पिपली, कुरिलो, लोक्ता, दालचिनी, भोर्ला, वन लसुन, बुकीफूल, विषफेज, सेत चिनीजरा, हलिक, बाँस, निगालो, हाडेकाफल, छतिवन आदि पाइन्छ ।

### वन्यजन्तु

यहाँ लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, भालु, बदेल, न्याउर, निगाले, स्याल, व्वाँसो, जंगली विरालो आदि वन्यजन्तु हरु पाइन्छ ।

### चराचुरङ्गी

चराचुरङ्गीहरु मा कालिज, मयुर, लुइचे, बकुल्ला, मैना, ढुकुर, वन कुखुरा, सुगा, भँगेरा, गिद्ध, लाटोकोसेरो आदि पाइन्छ ।

### ५.१.१ वन क्षेत्र र प्रकार सम्वन्धी विवरण

यस गाउँपालिकामा सामुदायिक वन २९८२.०१ हेक्टर क्षेत्रफलमा रहेको छ । सामुदायिक, कवुलियति र सरकारी वनको विस्तृत विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. ५.१.१ (१) सामुदायिकवन**

| क्र.स. | सामुदायिकवनको नाम | ठेगाना | क्षेत्रफल (हेक्टरमा) | कैफियत |
|---|---|---|---|---|
| १. | गोपेडाँडा | घ्याङलेख-४ | १६९.७५ | |
| २. | चौकीडाँडा | घ्याङलेख-४ | १४६.०० | |
| ३. | मिलन | घ्याङलेख-५ | २५०.२५ | |
| ४. | खोल्मा | घ्याङलेख-५ | १६८.५० | |
| ५. | डुडगैरी | घ्याङलेख-३ | १४.३१ | |
| ६ | च्युरीगैरी | घ्याङलेख-३ | १५.५० | |
| ७ | महाभारत हायुडाँडा | घ्याङलेख-३ | १०१.०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | झल्कने | घ्याङलेख-१ | २६७.०० | |
| ९ | गुराँसे | घ्याङलेख-२,३ | ५३.१२ | |
| १० | रानीवास | घ्याङलेख-१ | १९२.६१ | |
| ११ | कालीवन | घ्याङलेख-४ | १५६.८५ | |
| १२ | चेलिगा | घ्याङलेख-१ | १२९.९३ | |
| १३ | रमिताबुदुमचुली | घ्याङलेख-५ | ४४३.१९ | |
| १४ | बस्तीपुर ओखले | घ्याङलेख-२ | ४७१.६१ | |
| १५ | लघुराम | घ्याङलेख-१ | १९८.०५ | |
| १६ | गणेश ढुंगा | घ्याङलेख-१ | २०४.३४ | |
| | जम्मा | | २९८२.०१ | |

## तालिका नं. ५.१.१ (२) कबुलियती वन समुहहरू

| क्र.स. | कबुलियती वनको नाम | ठेगाना | क्षेत्रफल (हेक्टरमा) | कैफियत |
|---|---|---|---|---|
| १. | लामपाते | घ्याङलेख-२ | ४.३० | |
| २. | डुडगैरा क | घ्याङलेख-२ | ५.६५ | |
| ३. | सिरिसेपाखा | घ्याङलेख-२ | ६.७० | |
| ४. | भेडीखर्क ख | घ्याङलेख-२ | ५.६५ | |
| ५. | भेडीखर्क क | घ्याङलेख-२ | ५.८५ | |
| ६ | नांङगेडाँडा | घ्याङलेख-२ | ४.१५ | |
| ७ | सातदोबाटो | घ्याङलेख-२ | ४.८० | |
| ८ | भोगटेघारी | घ्याङलेख-२ | २.७५ | |
| ९ | चिलाउने पाखा | घ्याङलेख-२ | ५.७० | |
| १० | रैकास्वारा | घ्याङलेख-२ | ३.६५ | |
| ११ | डुडगैरी ख | घ्याङलेख-२ | ८.६० | |
| १२ | सल्लेघार | घ्याङलेख-२ | ४.३० | |
| १३ | लेलेपाखा | घ्याङलेख-२ | ४.२५ | |
| १४ | लाम्पाते | घ्याङलेख-२ | ६.०० | |
| १५ | फुलबारी मरिणखोला पाखा | घ्याङलेख-२ | ८.३० | |
| १६ | पानी घाट | घ्याङलेख-२ | ६.०० | |
| १७ | जुवाडाँडा | घ्याङलेख-३ | ८.०० | |
| १८ | बरेली डाँडा | घ्याङलेख-३ | ४.२५ | |
| १९ | मानेगैरी | घ्याङलेख-३ | ४.५० | |

| क्र.स. | कबुलियती वनको नाम | ठेगाना | क्षेत्रफल (हेक्टरमा) | कैफियत |
|---|---|---|---|---|
| २० | सोमबारे | घ्याङलेख-३ | ९.७५ | |
| २१ | छुरेघार | घ्याङलेख-३ | ९.०० | |
| २२ | मानेभन्ज्यांग क | घ्याङलेख-२ | ४.२५ | |
| २३ | मानेभन्ज्यांग ख | घ्याङलेख-२ | ३.१० | |
| २४ | बासबारी | घ्याङलेख-३ | ३.२५ | |
| २५ | तल्कुपाखा | घ्याङलेख-३ | ७.५० | |
| २६ | सौरगैरा | घ्याङलेख-३ | ९.५० | |
| २७ | रमनटार | घ्याङलेख-३ | ६.५० | |
| २८ | लामाघरपाखा ख | घ्याङलेख-३ | ३.७५ | |
| २९ | नौविसे | घ्याङलेख-३ | १०.५० | |
| ३० | लामाघरपाखा क | घ्याङलेख-३ | ५.२५ | |
| ३१ | रातुपाखा | घ्याङलेख-३ | ५.५० | |
| ३२ | सिमलपाखा | घ्याङलेख-३ | ७.७५ | |
| ३३ | सम्तेडाँडा पाखा | घ्याङलेख-३ | १.६० | |
| ३४ | दलिनभन्ज्यांग क | घ्याङलेख-२ | ३.५० | |
| ३५ | दलिनभन्ज्यांग ख | घ्याङलेख-२ | ३.६८ | |
| ३६ | सिस्नेगैरी | घ्याङलेख-२ | ३.७५ | |
| ३७ | कामीखोलापाखो | घ्याङलेख-२ | ८.०० | |
| ३८ | ठाकुरथान | घ्याङलेख-१ | १०.३० | |
| ३९ | लाङदी | घ्याङलेख-१ | ७.९३ | |
| ४० | बछ्युटार | घ्याङलेख-१ | २.०७ | |
| ४१ | कोलटार | घ्याङलेख-१ | ७.६१ | |
| ४२ | देवीथान | घ्याङलेख-१ | १.८८ | |
| ४३ | अमलेभन्ज्यांग | घ्याङलेख-१ | ०.५१ | |
| ४४ | जुकेपानी | घ्याङलेख-१ | १.४४ | |
| ४५ | छरछरे | घ्याङलेख-१ | ०.९८ | |
| ४६ | देवीखोला | घ्याङलेख-१ | २.६६ | |
| ४७ | कुवापानी | घ्याङलेख-१ | ३.७५ | |
| ४८ | रमाईलोपाखा | घ्याङलेख-१ | १.६० | |
| ४९ | कालीकादेवी | घ्याङलेख-१ | १.९५ | |
| ५० | भिरगाउँडाँडा | घ्याङलेख-१ | २.१४ | |

| क्र.स. | कबुलियती वनको नाम | ठेगाना | क्षेत्रफल (हेक्टरमा) | कैफियत |
|---|---|---|---|---|
| ५१ | लाम्पाते | घ्याङलेख-१ | २.७५ | |
| ५२ | हरियाली | घ्याङलेख-१ | ५.०० | |
| ५३ | बासघारी | घ्याङलेख-१ | ३.८८ | |
| ५४ | प्रगतिशील | घ्याङलेख-१ | ३.५० | |
| ५५ | लालीगुराँसे | घ्याङलेख-१ | २.०० | |
| ५६ | चौकीडाँडा पाखा | घ्याङलेख-३ | २.४० | |
| ५७ | नमूनापाखा | घ्याङलेख-३ | २.५८ | |
| ५८ | लालीगुराँस पाखा | घ्याङलेख-३ | २.९० | |
| ५९ | नाङ्गेडाँडा पाखा | घ्याङलेख-३ | ३.१२ | |
| ६० | मरिण भन्ज्यांगपाखा | घ्याङलेख-३ | ४.१७ | |
| ६१ | बम्जन गैरा | घ्याङलेख-२ | ४.८१ | |
| ६२ | डुम्रे | घ्याङलेख-२ | २.८१ | |
| ६३ | हिमाली | घ्याङलेख-२ | ३.९६ | |
| ६४ | महाभारत | घ्याङलेख-२ | २.७० | |
| ६५ | लालीगुराँस | घ्याङलेख-२ | ४.७७ | |
| | जम्मा | | | |

### तालिका नं. ५.१.१ (३) सरकारी वन

| क्र.सं. | वनको नाम र ठेगाना | क्षेत्रफल | ठेगाना | कैफि. |
|---|---|---|---|---|
| | साविकको गाविस अमले | | | |
| १ | सरकारी वन, रानीबास सामुदायिकवनउपभोक्ता समिति | २५२८.७५ | वडा नं. १ | |
| २ | झल्कने सामुदायिकवनउपभोक्ता समिति | २७१.२५ | वडा नं. १ | |

## ५.१.२ वन प्रकार सम्बन्धी विवरण

### तालिका नं. ५.१.२ वनका प्रकार सम्बन्धी विवरण

| वनका प्रकार/प्रकार | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| सरकारी वन | २ | | | | | २ |
| सामुदायिक वन | ५ | २ | ४ | ३ | ३ | १७ |
| कबुलियती वन | १८ | २६ | २० | | | ६६ |
| जम्मा | २५ | २८ | २४ | ३ | ३ | ८५ |

### ५.१.३ नदी तथा खोला सम्बन्धी विवरण

**तालिका नं. ५.१.३ नदी तथा खोला सम्बन्धी विवरण**

| क्र.स. | खोलानालाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | मरिण खोला | वडा नं. ३ र २ | |
| २. | तामाजोर खोला | वडा नं.३ | |
| ३. | चाउखोला | वडा नं. ४ | |
| ४ | रातु खोला | वडा नं.३ | |
| ५ | सिम्ले खोला | वडा नं १ | |
| ६ | ठाडो खोला | वडा नं.२ | |
| ७ | चालिसे खोला | वडा नं. २ | |
| ८ | लिपे खोला | वडा नं. २ | |
| ९ | राङचाखोला | वडा नं. ५ | |
| १० | घट्टे खोला | वडा नं. १ | |
| ११ | लाङ्दीखोला | वडा नं. १ | |
| १२ | रामपुरखोला | वडा नं. ५ | |
| १३ | बेसारे खोला | वडा न १ | |
| १४ | कालीखोला | | |

### ५.१.४ विपद् जोखिम व्यवस्थापन

यस गाँउपालिकामा विपद् जोखिम व्यवस्थापन अन्तर्गत भूकम्प प्रतिरोधी घर बनाउने घरधुरी ३३।७१ प्रतिशत छन र भूकम्प प्रतिरोधी घर नबनाउने घरधुरी ६६।२४प्रतिशत रहेका छन् । तपसिलको तालिकामा वडागत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१.४ घर भूकम्प प्रतिरोधी छ/छैन सम्बन्धी विवरण**

| घर भूकम्प प्रतिरोधी छ | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छैन | २१३ | ४७० | १४८ | ४८९ | ४७६ | १७९६ |
| छ | १६० | १३५ | ३४६ | २३२ | ४२ | ९१४ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

### ५.१.५ जोखिमयुक्त (संवेदनशिल स्थानमा बसोबास गरेका परिवार) विवरण

यस गाँउपालिकामा प्राकृतिक प्रकोपको जोखिममा भएका घरधुरी ४२।७८ प्रतिशत छन् ।५७२१ प्रतिशत घरधुरी प्राकृतिक जोखिममा छैनन । तपसिलको तालिकामा प्राकृतिक प्रकोपको जोखिममा रहेको घरधुरीको विवरण प्रस्तुत गरिएको छ ।

### तालिका नं. ५.१.५ प्राकृतिक प्रकोपको जोखिम सम्बन्धी विवरण

| प्राकृतिक प्रकोपको जोखिम | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| छ | ७ | २६२ | १६० | २३२ | ४९९ | ११६० |
| छैन | ३६६ | ३४३ | ३३४ | ४८९ | १९ | १५५१ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

## ५.१.६ विपद्/प्रकोपको प्रकार विवरण

यस गाँउपालिकामा भूकम्प जस्तो प्राकृतिक प्रकोपबाट जोखिममा रहेका घरधुरीको संख्या ७०९, बाढीबाट जोखिममा रहेका घरधुरी १०२, पहिरोको जोखिमबाट ४०९, चट्याङगबाट ६३७ घरधुरी, हावाहुरीबाट ७७१ घरधुरी र शितलहरबाट ३८ घरधुरी र डुवान वा कटानबाट ७ घरधुरी जोखिममा रहेका छन । तलको तालिकामा वडागत रुपमा विभिन्न प्रकारका विपदबाट जोखिममा रहेको घरको विवरण प्रस्तुत गरिएको छ ।

### तालिका नं. ५.१.६ प्रकोपको प्रकार सम्बन्धी विवरण

| घर कस्तो प्रकारको जोखिममा छ | भूकम्प | बाढी | पहिरो | चट्याङ्ग | हावाहुरी | डुवान वा कटान |
|---|---|---|---|---|---|---|
| १ | १२६ | ० | २ | ० | ४ | ० |
| २ | २३७ | १५ | ९२ | १२४ | २३७ | ० |
| ३ | १२४ | ९ | ३८ | २१ | ५७ | ५ |
| ४ | ५२ | ११ | १६६ | २७ | १५ | ० |
| ५ | १७० | ६७ | १११ | ४६५ | ४५८ | २ |
| जम्मा | ७०९ | १०२ | ४०९ | ६३७ | ७७१ | ७ |

# घ्याङलेख गाउँपालिकाको अनुरोध

१८. घर परिवार विधालय समुदाय तथा सम्पूर्ण समाजमा बालमैत्री वातावरण निर्माण गरौं ।
१९. बालश्रम दण्डनिय छ। १४ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई कुनै पनि शर्तमा काममा नलगाऔं।
२०. जेष्ठ नागरिकलाई माया सहयोग र सम्मान गरौं । दया र सहानुभुति कहिले व्यक्त नगरौं ।
२१. अपांगमैत्री भौतिक तथा सामाजिक संरचना निर्माण गरौं ।
२२. नक्शा पास गरेर मात्र भवन निर्माण गर्ने गरौं । मापदण्ड विपरितका निर्माण कार्यलाई निरुत्साहित गरौं । भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी प्रविधि अपनाउँ ।
२३. समयमा नै व्यक्तिगत घटना (जन्म, विवाह,मृत्यु, बसाईसराई, सम्बन्ध विच्छेद) दर्ता गर्ने बानी बसालौं ।

परिच्छेद

# ६ भौतिक विकासको अवस्था

## ६.१ यातायात पूर्वाधार

### ६.१.१ सडक संजालको विद्यमान अवस्था

यस गाँउपालिकामा ४६ प्रतिशत घरधुरीले घरसम्म पुग्ने मोटरबाटाको पहुँच पाएका छन् भने छ, ४७ प्रतिशतको घर पुग्ने गोरेटो बाटो मात्र छ । ७ प्रतिशत घरधुरीको हालसम्म पनि घर पुग्ने बाटो छैन । कच्ची सडकले छोएको घरधुरी २३९० छन, ग्राभेल सडकले छोएको घरधुरी १३९ र पक्की सडकले छोएको घरधुरी जम्म एक रहेका छन् । तपसिलको तालिकाहरुमा घर पुग्ने बाटाको आधारमा विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.१.१ (१) सडक संजालको विद्यमान अवस्था**

| घर पुग्ने बाटो/सडकको प्रकार/वडा नं. | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| गोरेटो | ८६ | ४४३ | १६२ | २१४ | ३७७ | १२८२ |
| घोडेटो | ४ | ७ | | | २ | १३ |
| बाटो नभएको | ४५ | | | १३५ | १ | १८१ |
| मोटरबाटो | २३८ | १५५ | ३३२ | ३७२ | १३८ | १२३५ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

**तालिका नं. ६.१.१ (२) सडकको स्तर सम्बन्धी**

| घर पुग्ने बाटो/सडकको स्तर | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| कच्ची | ३१७ | ४७६ | ४९४ | ५८६ | ५१७ | २३९० |
| ग्राभेल | १० | १२९ | | | | १३९ |
| पक्की | १ | | | | | १ |
| जम्मा | ३२८ | ६०५ | ४९४ | ५८६ | ५१७ | २५३० |

### ६.१.२ मुख्य सडकहरू

| सि.नं. | सडकको नाम | लम्बाई (अनुमानित कि.मि.) | सडकको स्तर |
|---|---|---|---|
| १ | पिपलभन्ज्यांग हायुटार सोलाभन्ज्यांग सडक | २९ | ग्राभेल,कच्ची |
| २ | सोलाभन्ज्यांग चौकीटार बेलबोट हुदै  रामपुर बजार जाने सडक | १३ | कच्ची |
| ३ | सिम्ले खटार देखि अमले हुदै लघुराम खोला बन्दीपुर सुनकोशी जोडने सडक | १५ | कच्ची |

| | | | |
|---|---|---|---|
| ४ | अमले, थलागाउं, लङदी, बछिउटार, मतानबास सुनकोशी जोडने सडक | ११ | कच्ची |
| ५ | गुन्द्रखोला सुकाचोरी हुदै डाठे जाने सडक | १४ | कच्ची |
| ६ | भद्रकाली खटारबाट बुक्ती हुदै पटबास सम्म जाने सडक | १२ | कच्ची |
| ७ | चन्दनपुर भैसै हुदै सातदोबाटो जाने सडक | १७ | कच्ची |
| ८ | २ नं.वडा कार्यालयबाट बजु टोल हुदै माझगाउँ च्यूरीबास सडक | १३ | कच्ची |
| ८ | सोलाभन्ज्यांग पचभैया लाप्से हुदै सातदोबाटो जाने सडक | २२ | कच्ची |
| ९ | ३ नं. वडा कार्यालयबाट तामाजोर टेकनपुर आधमारा हुदै गोठडाँडा भन्ज्यांग जाने सडक | १७ | कच्ची |
| १० | ३ नं. वडा कार्यालयबाट पाँचघरे जाने बाटो | १५ | कच्ची |
| ११ | रामभेडा जुगेपानी सडक | १४ | कच्ची |
| १२ | रामभेडा गोपे हुदै चौकीडाँडा जाने सडक | १३ | कच्ची |
| १३ | सोलाभन्ज्यांग माथिल्लो आहाले हुदै तल्लो आहाले सडक | १४ | कच्ची |
| १४ | कालीखोला रामपुर बजार हुदै रामभेडा सम्म जाने सडक | १४ | कच्ची |
| १५ | रामपुर चैनपुर हुदै सिम्फल महाभारत सम्म जाने सडक | १८ | कच्ची |
| १६ | रामपुर बजारबाट पहरी लेख हुदै महाभारत जोड्ने सडक | १४ | कच्ची |

### ६.१.३ झोलुंगे पुल तथा पुलपुलेसा

- पक्की पुल : १ वटा सिम्ले खोला
- झोलुंगे पुल : ५ वटा

## ६.२ विद्युत तथा वैकल्पिक उर्जा

### ६.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार)

यस गाँउपालिकामा खाना पकाउनको लागि २५६१ घरधुरीले दाउराको प्रयोग गर्छन्। १४४ घरधुरीले एल पि ग्यास प्रयोग गर्छन। अन्यले मट्टीतेल र वायो ग्यास प्रयोग गर्छन। तपसिलको तालिकामा खाना पकाउन प्रयोग हुने इन्धनको वडागत विवरण प्रस्तुत गरिएको छ।

**तालिका नं. ६.२.१ खाना पकाउने इन्धनको प्रयोगको आधारमा घरधुरी विवरण**

| खाना पकाउन प्रयोग इन्धन | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| दाउरा | ३५५ | ५५२ | ४८० | ६७२ | ५०२ | २५६१ |
| एल पि ग्यास | १७ | ५० | १३ | ४८ | १६ | १४४ |
| मट्टीतेल | १ | २ | | १ | | ४ |
| वायोग्यास | | १ | १ | | | २ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

## ६.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार

यस गाँउपालिकामा ६३ प्रतिशत घरधुरीले जलविद्युतको पहुँच पाएका छन् । ३६ प्रतिशतले बत्ति बाल्नको लागि सोलार प्रयोग गर्छन भने १.०६ घरधुरीले मट्टीतेल र ०.२७ प्रतिशतले अन्य उर्जाको स्रोत प्रयोग गर्छन् । तपसिलको तालिकामा बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा वडागत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं .६.२.२ बत्तीको मूख्य श्रोत सम्बन्धी विवरण**

| बत्तीको मुख्य श्रोत | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| जलविद्युत | ३६० | ४९३ | २१३ | २६७ | ३६४ | १६९७ |
| सोलार | १३ | १०६ | २७१ | ४४२ | १४६ | ९७८ |
| मट्टीतेल | | ६ | १० | ९ | ४ | २९ |
| अन्य | | | | ३ | ४ | ७ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

## ६.२.३ जलविद्युत, सौर्य उर्जा, वायु उर्जाबाठा विद्युत उत्पादन विवरण :

| क्र.सं. | लघु जलविद्युत आयोजनाको नाम | सेवा क्षेत्र |
|---|---|---|
| १ | घट्टेखोला लघु जलविद्युत आयोजना (८ किलोवाट) | साविक अमले गाविसको वडा नं. ७ |
| २ | मरिणखोला लघु जलविद्युत आयोजना(२४ किलोवाट) | घ्याङलेख १ का स्थानीय वासीहरु |
| ३ | मरिण हायुटार लघु जलविद्युत आयोजना(१२ किलोवाट) | बस्तिपुर, घ्याङलेख २ |
| ४ | दमार ठाडोखोला लघु जलविद्युत आयोजना(८ किलोवाट) | खोलागाउँ, घ्याङलेख २ |
| ५ | मरिणखोला लघुजलविद्युत आयोजना(८ किलोवाट) | फुलबारी, घ्याङलेख २ |
| ६ | चन्दनपुर लघुजलविद्युत आयोजना(८.५ किलोवाट) | उचनदनपुर, घ्याङलेख २ |
| ७ | चैनपुर लघुजलविद्युत आयोजना(१२ किलोवाट) | घ्याङलेख ५ का बासीहरु |
| ८ | दोङछेम्पो लघुजलविद्युत आयोजना(१५ किलोवाट) | घ्याङलेख ५ का बासीहरु |
| ९ | गर्के लघुजलविद्युत आयोजना(३ किलोवाट) | घ्याङलेख ५ का बासीहरु |
| १० | पाखुरे लघुजलविद्युत आयोजना(८ किलोवाट) | घ्याङलेख ५ का बासीहरु |
| ११ | सीइपाल लघुजलविद्युत आयोजना(८ किलोवाट) | घ्याङलेख ५ का बासीहरु |
| १२ | राङचा लघुजलविद्युत आयोजना(८ किलोवाट) | घ्याङलेख ५ |

### ६.२.४ परिवारले उपभोग गरेको सुविधाहरू

यस गाँउपालिकामा रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, इन्टरनेट जस्ता अन्य सेवाहरु पनि उपभोग गर्दै आइरहेका छन् । मोवाइल फोन प्रयोग सबै भन्दा बढी हुने गरेको देखियो, २३८९ घरधुरीले टेलिफोन प्रयोग गर्ने गरेका छन् भने १११० घरधुरीले रेडियो, ४२३ घरधुरीले टेलिभिजन र यस गाँउपालिकामा सबै भन्दा कम उपभोग गरेको सुविधा भनेको रेफ्रिजरेटर हो । तपसिलको तालिकामा परिवारले उपभोग गरेको सुविधाहरुको वडागत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.२.४ परिवारले उपभोग गरेको सुविधाहरू सम्बन्धी**

| परिवारले उपभोग गरेको सुविधाहरु | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| रेडियो | १०५ | २९६ | ४५८ | १६५ | ८६ | १११० |
| टेलिभिजन | ५६ | १५० | ९२ | ५३ | ७२ | ४२३ |
| टेलिफोन/मोवाइल फोन | ३२२ | ४७९ | ४६६ | ६१९ | ५०३ | २३८९ |
| कम्प्यूटर | ११ | ११ | ९ | ४ | १३ | ४८ |
| इन्टरनेट | ६५ | ११४ | ४६ | ३९ | ५८ | ३२२ |
| मोटरसाइकल | १४ | २९ | २४ | ४ | ७ | ७८ |
| मोटर/कार | ३ | ३ | ५ | ३ | ८ | २२ |
| रेफ्रिजरेटर | | ११ | २ | १ | | १४ |

## ६.३ आवास तथा भवन

### ६.३.१ छानोको प्रकारका आधारमा घरधुरी

यस गाँउपालिकामा सबै भन्दा बढी जस्ता वा च्यादर छाना भएको ९५ प्रतिशत घरधुरी छन् । आरसिसि ढलान भएको घरधुरी ३ प्रतिशत छन् । तपसिलको तालिकामा छानाको प्रकारका आधारमा घरधुरीको वडागत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.३.१ घरको छानाको प्रकारको आधारमा घरधुरी विवरण**

| तपाई बसोबास गर्ने घरको छानाको प्रकार | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| जस्ता वा च्यादर छाना भएको | ३३५ | ५५६ | ४७४ | ७१४ | ४८८ | २५६७ |
| आरसिसि ढलान भएको | १० | ३७ | १६ | ३ | ११ | ७७ |
| टायल वा ढुङ्गाको छाना भएको | २५ | ४ | २ | १ | १ | ३३ |
| फुस वा खरको छाना भएको | २ | ४ | १ | ३ | १६ | २६ |
| काठको छाना भएको | १ | ३ | | | | ४ |
| अन्य | | | १ | | १ | २ |
| माटोको छाना भएको | | १ | | | १ | २ |
| जम्मा | ३७३ | ६०५ | ४९४ | ७२१ | ५१८ | २७११ |

## अनुसुची १ जनप्रतिनिधिहरूको विवरण

| सि.नं. | पद | नाम | मोबाइल नं. |
|---|---|---|---|
| १ | अध्यक्ष | जगत बहादुर भोलन | ९७४४०३५६९९२९८४४५९५३७९ |
| २ | उपाध्यक्ष | दुर्गादेवी सुनुवार | ९८४०५८३८६ र ९६१४९७०४६५ |
| वडा नं. १ को जनप्रतिनिधिहरु | | | |
| १ | वडा अध्यक्ष | रामकाजी वाइवा | ९८५४०४१९०१ |
| २ | वडा सदस्य | जिरमान भोलन | ९७४४००६३२५ |
| ३ | वडा सदस्य | लालमान बम्जन | ९७४४०६३२७४ |
| ४ | महिला वडा सदस्य | जेसुन्दरी माया वाइवा | ९८६४०५४११९ |
| ५ | दलित महिला वडा सदस्य | ढकमाया दमाई | ९७४४०५७२२४ |
| वडा नं. २ को जनप्रतिनिधिहरु | | | |
| १ | वडा अध्यक्ष | एक बहादुर खड्का | ९८६२३३६७५८३ |
| २ | वडा सदस्य | कर्मसिंग स्याङ्तान | ९८६४१४२६६४ |
| ३ | वडा सदस्य | तिर्थ बहादुर योन्जन | ९६१४८७९९९० |
| ४ | महिला वडा सदस्य | जानुका थापा मगर | ९६१४८७४६५४ |
| ५ | दलित महिला सदस्य | यम कुमारी दमाई | ९८६७९७५६५१ |
| वडा नं. ३ को जनप्रतिनिधिहरु | | | |
| १ | वडा अध्यक्ष | कृष्ण बहादुर थिङ | ९६१११६४६०२ |
| २ | वडा सदस्य | टेक बहादुर घोले | ९७४४०५८४०८ |
| ३ | वडा सदस्य | छेवाङ दोर्जे लामा | ९६२११४५१३३ |
| ४ | महिला वडा सदस्य | असली माया घोले | ९६१६८३७२९२र९६२१११०५०८ |
| ५ | दलित महिला वडा सदस्य | सिता कुमारी कमिनी | |
| वडा नं. ४ को जनप्रतिनिधिहरु | | | |
| १ | वडा अध्यक्ष | चक्र बहादुर पाखिन | ९६१४७०२२६८ |
| २ | वडा सदस्य | विष्णु बहादुर वाइबा | ९६१४२९४३२५ |
| ३ | महिला वडा सदस्य | सीता तामाङ घोले | ९८४१०७३१८९ |
| ४ | दलित महिला सदस्य | गंगा माया वि.क | ९६१६६९७८५१ |
| ५ | दलित महिला वडा सदस्य | बुधमाया सार्की | ९६१७९७८१०४ |
| वडा नं. ५ को जनप्रतिनिधिहरु | | | |
| १ | वडा अध्यक्ष | विष्णु कुमार कर्माचार्य | ९६१४७०३४०१ |
| २ | वडा सदस्य | रामलाल थिङ | ९६२११५६०११ |
| ३ | वडा सदस्य | दिल कुमार लो | ९६१११०५२०० |
| ४ | महिला वडा सदस्य | सुन माया थिङ | ९६११११४३१२ |
| ५ | दलित महिला वडा सदस्य | सेती कमिनी | ९६२१११०५०८ |
| घ्याङलेख गाउँपालिका पवक्ता | | | |
| १ | गा.पा. प्रवक्ता | एक बहादुर खड्का | ९८६२३६७५८३ |

# अनुसुची २

## घ्याङलेख गाउँपालिकाको कर्मचारी विवरण

| क्र.सं. | क.सं.नं. | कर्मचारीको नामथर | कर्मचारीको स्थायी ठेगाना | पद | सेवा | समूह | श्रेणी/तह | हालको पदमा नियुक्ती मिति | मोवाईल नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४७२९४ | राम कुमार कार्की | बर्दिबास-३, महोत्तरी | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय | २०६७।५।१७ | ९८५४०४१८९२ | ramkumarkarki25@gmail.com |
| २ | १२८५६४ | सुरेश कुमार अधिकारी | धनगढी माई न.पा. १२ सिरहा | अधिकृत सातौं | प्रशासन | लेखा | सातौं | २०७५।१।१३ | ९८४९५५४६४४ | sureshadhakari5@gmail.com |
| ३ | १५५३७७ | महेन्द्र यादव | मिथिला-६, धनुषा | अधिकृत छैठौं | जनस्वास्थ्य | हे.ई. | छैठौं | २०५३।२।६ | ९८४८६४६८१९ | mahendr3077yadav@gamail.com |
| ४ | २४०१२६ | सुरेन्द्र कुमार स्याङतान | घ्याङलेख-४, सिन्धुली | अधिकृत | शिक्ष | शि.प्र. | छैठौं | २०७६।१०।१९ | ९८६५३६२९७९ | mail2syangtan@gmail.com |
| ५ | करार | भरत श्रेष्ठ | क.न.पा-४, सिन्धुली | ईन्जिनियर | ईन्जिनियर | सिभिल | छैठौं | २०७८।०१।१५ | ९८४०११७६१२ | varatvanperse@gmail.com |
| ६ | २३६७३८ | गिरीराज खनाल | लमही, १ दाङ | अधिकृत छैठौं | प्रशासन | सा.प्र. | छैठौं | २०७७।६।१३ | ९८५११९६३८७ | girirajkhanal45@gmail.com |
| ७ | करार | कृष्ण कुमार पंजियार | जनकपुरधाम-१७, धनुषा | अधिकृत आठैं | जनस्वास्थ्य | | आठौं | २०७७।१२।०६ | ९८ | |
| ८ | | रिक्त | | अधिकृत छैठौं | जनस्वास्थ्य | क.न. | | | | |
| ९ | करार | किशोर कुमार वाइवा | घ्याङलेख-२, सिन्धुली | सूचना प्रविधि अधिकृत छैठौं | विविधि | | छैठौं | २०७४।११।१० | ९८४११६४६६५ | ito.ghyanglekhmun@gmail.com |
| १० | करार | गंगाराज भोलन | घ्याङलेख-३, सिन्धुली | रोजगार संयोजक | | | छैठौं | २०७७।०९।०१ | ९८६९६६७८८४ | gangarajbholan891@gmail.com |
| ११ | २३७०५८ | लक्ष्मण दत्त पन्त | दशरथचन्द-११, बैतडी | सहायक पांचौं | प्रशासन | सा.प्र. | पांचौं | २०७६।०९।०७ | ९८४३४९०५४१ | sorai.doteli@gmail.com |
| १२ | २३७०५३ | अनिता गुरुङ | सल्यान-७, कास्की | सहायक पांचौं | प्रशासन | सा.प्र. | पांचौं | २०७६।०९।०७ | ९८६४७७६८०० | ag1055523@gmail.com |
| १३ | करार | भरत जंग थापा | सुनकोशी-५, सिन्धुली | सहायक पांचौं | प्रशासन | सा.प्र. | पांचौं | २०५६।७।९ | ९८४४४३९४१० | thapabharatjung@gmail.com |
| १४ | | रिक्त | | सहायक पांचौं | | | | | | |
| १५ | २३७०६१ | रुद्र प्रसाद दहाल | बैत्यश्वर-४, दोलखा | लेखापाल | प्रशासन | लेखा | पांचौं | २०७६।०९।०७ | ९८४९८४९१५२ | dahalrd25216@gmail.com |
| १६ | २४२६१० | पुष्पराज दुवाडी | ज्वालामुखी-४, धादिङ | प्रा.स. | शिक्ष | शि.प्र. | पांचौं | २०७६।१२।१० | ९८४१७१६१०३ | aloneraj46@gmail.com |
| १७ | २३५४६१ | पदम बहादुर सुनुवार | फिक्कल-१, सिन्धुली | आन्तरिक लेखापरीक्षक | प्रशासन | लेखा | पांचौं | २०७६।९।७ | ९८४९४४२४७४ | padamsunuwar16@gmail.com |
| १८ | करार | प्रकाश खतिवडा | क.न.पा-१, सिन्धुली | सहायक पांचौं | न्याय | न्याय | पांचौं | २०७६।०५।१० | ९८४४१६४९७५ | prakashkha2010@gmail.com |
| १९ | करार | छिरिङ दोर्जे लामा | घ्याङलेख-१, सिन्धुली | प्रा.स. पाचौं | कृषि प्रसार | | पांचौं | २०७७।०८।१९ | ९८६४०६४६६७ | chhiringlama2077@gmail.com |
| २० | | रिक्त | | प्रा.स. पाचौं | पशु सेवा | | | | | |
| २१ | २४३२४३ | राजाराम सापकोटा | हेटौडा-१२, मकवानपुर | सब ईन्जिनियर | ईन्जि. | सिभिल | पाचौं | २०७६।११।२२ | ९८४५७८४५७४ | rajaramsapkota88888@gmail.com |
| २२ | करार | मिलन पुलामी | तिनपाटन-४, सिन्धुली | सब ईन्जिनियर | ईन्जि. | सिभिल | पाचौं | २०७४।११।१० | ९८४३१०४४८९ | milanpulami200@gmail.com |
| २३ | २३९११० | अमित कुमार शाह | सारस्वर-१२, सिरहा | कम्प्यूटर अपरेटर | विविधि | | पाचौं | २०७६।१२।१० | ९८४२७७१६७७ | amitsah2073@gmail.com |
| २४ | करार | सुदिप थापा | क.न.पा.-४, सिन्धुली | सूचना प्रविधि सहायक(क.अ) | विविधि | | पाचौं | २०७४।११।१० | ९८४४२५३६९९ | sudipt2075@gmail.com |
| २५ | करार | दिर्गराज थिङ | घ्याङलेख-५, सिन्धुली | ना.प्रा.स. | कृषि प्रसार | | चौथो | २०७७।०८।२३ | ९८८४०७६०६९ | |
| २६ | करार | रुप नारायण श्रेष्ठ | क.न.पा.-४, सिन्धुली | ना.प.स्वा.प्रा | पशु सेवा | | चौथो | २०७३।१०।२ | ९८४४२२६३८९ | stharabin48@gmail.com |
| २७ | करार | विक्रम थिङ | घ्याङलेख-३, सिन्धुली | ना.प्रा.स. | पशु सेवा | | चौथो | २०७३।१०।२ | ९८६२३७६४०५ | bikramtheeng@gmail.com |
| २८ | करार | भक्तहरि श्रेष्ठ | क.न.पा-४, सिन्धुली | अमिन | ईन्जि. | सर्वे | चौथो | २०७७।१०।२१ | ९८५११३२४०७ | sthanabin407@gmail.com |
| २९ | | रिक्त | | सहायक म.वि.नि. | विविधि | | | | | |
| ३० | करार | पशुपति सुनुवार | घ्याङलेख-२, सिन्धुली | स.कम्प्यूटर अपरेटर | विविधि | | चौथो | २०७५।९।२० | ९८६९८८९५८६ | pashupatisunuwar69@gmail.com |
| ३१ | करार | सूर्य बहादुर वाइवा | घ्याङलेख-२, सिन्धुली | व्याक हु लोडर अपरेटर | | | | २०७५।१२।१३ | ९८६६५०२७०६ | waibasurya728@gmailcom |
| ३२ | करार | क्षेमा दोर्जे लामा | घ्याङलेख-१, अमले | हलुका सवारी चालक | | | | २०७४।७। | ९८६४२०४८०९ | |
| ३३ | करार | पवन सुनुवार | घ्याङलेख-२, सिन्धुली | हलुका सवारी चालक | | | | २०७५।१२।१३ | ९८४५६४५७७७ | |
| ३४ | १४३२८८ | संसार सिं घोले | क.न.पा.-२, सिन्धुली | कार्यालय सहयोगी | | | | २०५३।१।२६ | ९७४४०३१२६८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | करार | निर्मला जर्गा | घ्याङलेख-२, सिन्धुली | कार्यालय सहयोगी | | | | २०७५।६।१९ | ९८६४११७६६५ | jarganirmala@gmail.com |
| ३६ | करार | लगुराम योन्जन | घ्याङलेख-२, सिन्धुली | कार्यालय सहयोगी | | | | २०७५।६।१ | ९८४०९१८८०५ | |
| ३७ | करार | सुप्रति लामा | घ्याङलेख-२, सिन्धुली | कार्यालय सहयोगी | | | | २०७७।०९।२२ | ९८६१८२५९५५ | |
| ३८ | करार | लक्ष्मि जर्गा मगर | घ्याङलेख-२, सिन्धुली | कार्यालय सहयोगी | | | | २०७७।०९।२३ | ९८४०३८४७३३ | |
| ३९ | करार | कमला सापकोटा | क.न.पा-११, सिन्धुली | उद्यम सहजकर्ता | | | | २०७७।०८।३० | ९८४३००२८१४ | |
| ४० | करार | हिरा कुमारी पहाडी सापकोटा | क.न.पा-११, सिन्धुली | उद्यम सहजकर्ता | | | | २०७७।०८।३१ | ९८४४८६६१३६१ | |
| ४१ | करार | रवि कुमार गोले | घ्याङलेख-१, सिन्धुली | एम.आइ.एस अपरेटर | | | पाचौं | २०७६।०८।०८ | ९८४४०४२४२४ | nischalravi2@gmail.com |
| ४२ | करार | लाल बहादुर स्याङतान | घ्याङलेख-३, सिन्धुली | फिल्ड सहायक | | | चौथो | २०७६।०८।०८ | ९८४४०४५१२८ | lal.bahadurlama121@gmail.com |
| ४३ | करार | राजु भ्लोन | घ्याङलेख-२, सिन्धुली | फिल्ड सहायक | | | चौथो | २०७६।०८।०४ | ९८४४२०६९०७ | rajubhlon12@gmail.com |
| ४४ | करार | सुमित्रा विश्वकर्मा | घ्याङलेख-१, सिन्धुली | पोषण स्वयम सेवक | | | | २०७७।१०।२१ | ९८६४५४१४०५ | |
| जम्मा | | | | | | | | | | |

## वडा तर्फ

## वडा कार्यालय (५ वटा)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २३८०२४ | श्रीराम पौडेल | हेटौडा-१२, मकवानपुर | चौथो | प्रशासन | सा.प्र. | चौथो | २०७६।०९।२३ | ९८६३६४३२८८ | aatreashree89@gmail.com |
| १ | २३७०५२ | देवु खड्का | हेटौडा-६, मकवानपुर | चौथो | प्रशासन | सा.प्र. | चौथो | २०७६।०९।२२ | ९८६५५०२४०२ | debukhadka111@gmail.com |
| २ | | रिक्त | | | | | | | | |
| ३ | | रिक्त | | | | | | | | |
| ४ | स्थानीय | शम्भु योन्जन | घ्याङलेख-२, सिन्धुली | चौथो | ईन्जि. | सिभिल | चौथो | २०६४।४।१५ | ९८६३५४४८८४ | shambhuyonjan2020@gamail.com |
| ५ | स्थानीय | धन बहादुर बल | घ्याङलेख-३, सिन्धुली | चौथो | प्रशासन | सा.प्र. | चौथो | २०६४।५।१ | ९८५४०४८२४८ | |
| ६ | स्थानीय | ज्ञानलाल भोलन | घ्याङलेख-१, सिन्धुली | चौथो | प्रशासन | सा.प्र. | चौथो | २०६४।४।१ | ९८६५०८२०९१ | |
| ७ | २४२९६१ | इन्द्रकला थापा | सुनकोशी-६, सिन्धुली | चौथो | ईन्जि. | सिभिल | चौथो | २०७७।२।३० | ९८४३२४५२२६ | Smileyindra50@Gmail.com |
| ८ | २४३२३८ | रमेश ओली | माडी-३, रोल्पा | चौथो | ईन्जि. | सिभिल | चौथो | २०७७।३।२१ | ९८४५४७३८३६ | ramesholi971@gmail.com |
| ९ | करार | छत्र बहादुर श्रेष्ठ | क.न.पा-१२, सिन्धुली | चौथो | ईन्जि. | सिभिल | चौथो | २०७८।०७।१४ | | |
| १० | करार | खेल कुमार कर्मचार्य | घ्याङलेख-५, सिन्धुली | क.अ.चौथो (करार) | विविधि | | चौथो | २०७५।१२।५ | ९६१४७०३१४३ | sabinkarmacharya42@gmai.com |
| ११ | स्थानीय | नर बहादुर बल | घ्याङलेख-४, सिन्धुली | ३ औं | प्रशासन | सा.प्र. | तेस्रो | २०६४।४।१५ | ९६२११८१३७२ | |
| १२ | करार | एकराज पाखिन | घ्याङलेख-४, सिन्धुली | क.अ. | | | चौथो | २०७७।०९।१० | | |
| १३ | करार | योगनारायण स्याङतान | घ्याङलेख-३, सिन्धुली | क.अ. | | | चौथो | २०७७।०९।११ | | |
| १४ | करार | बुद्धिमान योञ्जन | घ्याङलेख-२, सिन्धुली | क.अ. | | | चौथो | २०७८।०४।०७ | | |
| १५ | करार | राजेश लो | घ्याङलेख-१, सिन्धुली | क.अ. | विविधि | | चौथो | २०७७।५।२ | ९८६४०२२२८७ | |
| १६ | करार | सुख बहादुर घिसिङ | घ्याङलेख-१, सिन्धुली | कार्यालय सहयोगी(वडा नं. १) | | | | २०६४।५।३० | ९७४४०२०८५८ | |
| १७ | करार | मान बहादुर लामिछाने | घ्याङलेख-२, सिन्धुली | कार्यालय सहयोगी (वडा नं. २) | | | | २०७६।४।१ | ९८६९००७८६७ | |
| १८ | करार | मदन घोले | घ्याङलेख-३, सिन्धुली | कार्यालय सहयोगी (वडा नं. ३) | | | | २०७६।४।१ | ९८६१५५०९७५ | |
| १९ | करार | नरध्वज वईवा | घ्याङलेख-४, सिन्धुली | कार्यालय सहयोगी (वडा नं.४) | | | | २०६४।४।१५ | ९६१४९१६०७५ | |
| २० | करार | फडिन्द्र व. श्रेष्ठ | घ्याङलेख-५, सिन्धुली | कार्यालय सहयोगी (वडा नं.५) | | | | २०७६।४।१ | ९८८०३५७३१८ | |
| २१ | | | | | | | | | | |

## स्वास्थ्य चौकी तर्फ (५ वटा)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १९८०७७ | रामनाथ मण्डल | मठीहानी-२, महोत्तरी | सि.अ.हे.ब अधिकृत | स्वास्थ्य | हे.ई | छैठौ | २०७०।०४।०१ | ९८६४०२२००९ | rama |
| १ | २०६३०८ | विष्णु कुमार राना | मरिण-२, सिन्धुली | सि.अ.हे.ब | स्वास्थ्य | हे.ई | पाचौ | २०७७।०४।०१ | ९८४४०८४८३९ | |
| ३ | २२२२६० | पवित्रा कुमारी पाखिन | क.न.पा.-२, सिन्धुली | अ.न.मी | स्वास्थ्य | प.हे.न | चौथो | २०७३।१२।२२ | ९८६४१४१९०६ | |
| ५ | २२४१६५ | पारु भुजेल | क.न.पा.-६, सिन्धुली | अ.न.मी | स्वास्थ्य | प.हे.न | चौथो | २०७३।१२।२३ | ९८५१०८२९१२ | |
| ७ | २३४३६० | तपेश राय | चकघाट-१, सलार्ही | अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७५।०८।१३ | ९८४४५६९८३७ | |
| ९ | २२६९०६ | कविता भुजेल | क.न.पा.-६, सिन्धुली | अ.न.मी | स्वास्थ्य | प.हे.न | चौथो | २०७४।१०।२५ | ९८४४४२२४३४ | |
| ११ | २३३९६४ | सरोज दास | बलरा-९, सलार्ही | अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७५।८।१४ | ९८४५६९८७४२ | Saroj576@gmail.com |
| १३ | २२३३२७ | रन्जित कुमार साह | कैडेना-१, सलार्ही | अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७५।७।१९ | ९८४४२१८७७७ | |
| १५ | २१०६७६ | काजी विक्रम थापा मगर | तिनपाटन-६, सिन्धुली | सि.अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७१।११।०८ | ९८४७८४८२७८ | |
| १७ | २१०५२८ | लक्ष्मी थिङ | क.न.पा.-६, सिन्धुली | सि.अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७१।११।१३ | ९८४४०८१५८८ | |
| १९ | १९८१४७ | छत्रमाया कर्माचार्य | घ्याङलेख-५, सिन्धुली | सि.अ.न.मी | स्वास्थ्य | प.हे.न | पाचौ | २०५४।४।१५ | ९६१४७०२०२५ | |
| २१ | २२९७८३ | बाशुदेव सुयाल | मरिण-२, सिन्धुली | अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७४।११।२ | ९८८६५०६६४७ | |
| २३ | ३०३५३२ | बेलीकृष्ण घोले | घ्याङलेख-३, सिन्धुली | अ.न.मी | स्वास्थ्य | प.हे.न | चौथो | २०७५।७।१९ | ९८६७०९९७०२ | |
| २५ | करार | रेनु कुमारी भोलन | घ्याङलेख-१, सिन्धुली | अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७५।१०।१८ | ९८६५४८९१४७ | |
| २७ | करार | कृष्ण कुमार धोङ | घ्याङलेख-४, सिन्धुली | अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७६।४।१ | ९६१४७९१५९९ | |
| २९ | करार | सुवर्ण थिङ | घ्याङलेख-५, सिन्धुली | अ.हे.ब | स्वास्थ्य | हे.ई | चौथो | २०७६।४।१ | ९६१११२०९१६ | |
| ३१ | करार | विक्रम कुमारी सुनुवार | दूधौली-५, सिन्धुर्ला | अ.न.मी | स्वास्थ्य | प.हे.न | चौथो | २०७५।१०।१८ | ९८४४२२६३६६ | |
| ३३ | करार | सरोजिना थापा | क.न.पा-७, सिन्धुली | अ.न.मी | स्वास्थ्य | प.हे.न | चौथो | २०७५।१०।१७ | ९८६०५७९६२० | |
| ३५ | करार | इश्वरीमाया बम्जन | घ्याङलेख-१, सिन्धुली | ल्याव.अ | स्वास्थ्य | ाि | चौथो | २०७७।२।१५ | ९८४८९११३०१ | |
| ३७ | करार | सोनिका ढकाल | क.न.पा-१, सिन्धुली | स्टाफ नर्स | स्वास्थ्य | | पाचौ | २०७७।०८।२३ | ९८६०४४६०८३ | sonikadhakal1234@gmail.com |
| ३९ | करार | अस्मिता तामाङ | क.न.पा-४, सिन्धुली | स्टाफ नर्स | स्वास्थ्य | | पाचौ | २०७७।०८।२३ | ९८६१०२२३०४ | |
| ४१ | करार | धर्मेन्द्र यादव | बलवा-६, महोत्तरी | हे.अ | स्वास्थ्य | | पाचौ | २०७७।०८।२९ | ९८६३०४९२२४ | |
| ४३ | करार | रुपेश कुमार यादव | सोनप-२, महोत्तरी | हे.अ | स्वास्थ्य | | पाचौ | २०७७।०८।२९ | | |
| ४५ | करार | अरविन्द कुमार यादव | रामनगर-२, सलार्ही | हे.अ | स्वास्थ्य | | पाचौ | २०७७।०८।२९ | | |
| ४७ | करार | एजुना श्रेष्ठ | बर्दिबास-१०, महोत्तरी | अ.न.मी | स्वास्थ्य | | चौथो | २०७७।०८।१४ | | |
| ४९ | करार | मनिषा श्रेष्ठ | क.न.पा-२, सिन्धुली | अ.न.मी | स्वास्थ्य | | चौथो | २०७७।०८।१४ | | |
| ५१ | करार | धनराज लो | घ्याङलेख-१, सिन्धुली | अ.हे.ब | स्वास्थ्य | | चौथो | २०७७।०९।२२ | | |
| ५३ | करार | इनददेव श्रेष्ठ | घ्याङलेख-३, सिन्धुली | अ.हे.ब | स्वास्थ्य | | चौथो | २०७७।०९।२३ | | |
| ५५ | करार | लक्ष्मी कुमारी वि.क | | विद्यालय नर्स | स्वास्थ्य | | पाचौ | | ९८४२८६४६८५ | |
| ५७ | करार | निर्मला कुमारी हायु | क.न.पा सिन्धुली | विद्यालय नर्स | स्वास्थ्य | | पाचौ | २०७८।०४।०७ | | |
| ५९ | करार | मन्दिरा श्रेष्ठ | क.न.पा सिन्धुली | विद्यालय नर्स | स्वास्थ्य | | | २०७८।०४।०७ | | |
| ६१ | करार | सन्ध्या वाईवा | घ्याङलेख-२, सिन्धुली | अ.न.मी | स्वास्थ्य | | चौथो | २०७८।०७।०७ | ९८४८९१३८३० | |
| ६३ | करार | अर्जुन कुमार श्रेष्ठ | घ्याङलेख-४, सिन्धुली | अ.हे.ब | स्वास्थ्य | | चौथो | २०७८।०६।१२ | | |
| ६५ | करार | पुष्पाञ्जी स्याङतान | घ्याङलेख-३, सिन्धुली | अ.न.मी | स्वास्थ्य | | चौथो | २०७८।०६।१२ | | |
| ६७ | करार | एलिना स्याङतान | घ्याङलेख-१, सिन्धुली | अ.हे.ब | स्वास्थ्य | | चौथो | २०७८।०६।१२ | | |
| ६९ | करार | राज कुमार लो | घ्याङलेख-३, सिन्धुली | | | | | २०७७।०९।२३ | | |
| ७१ | करार | अस्मिता स्याङतान | घ्याङलेख-३, सिन्धुली | का.स | | | | २०७७।०९।२६ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७३ | करार | सुनिता कुमारी बम्जन | घ्याङलेख-१, सिन्धुली | का.स | प्रशासन | | | २०७७।०९।२६ | | |
| ७५ | करार | कान्छामान पाखिन | घ्याङलेख-४, सिन्धुली | का.स | प्रशासन | | विहिन | २०७७।०९।०१ | | |
| ७७ | करार | शर्मिला मोक्तान | घ्याङलेख-१, सिन्धुली | का.स | प्रशासन | | विहिन | २०७७।२।१६ | ९८६६३७४९०६ | |
| ७९ | करार | बसन्ती गोले | घ्याङलेख-२, सिन्धुली | का.स | प्रशासन | | विहिन | २०७५।६।५ | ९८६१५१६२९७ | |
| ८१ | करार | विष्णुमाया थिङ | घ्याङलेख-३, सिन्धुली | का.स | प्रशासन | | विहिन | २०७५।६।५ | ९८४४२२०९८८ | |
| ८३ | करार | अनिशा श्रेष्ठ | घ्याङलेख-४, सिन्धुली | का.स | प्रशासन | | विहिन | २०७५।६।५ | ९६१९२५३३३८ | |
| ८५ | करार | रोम नेपाली | घ्याङलेख-५, सिन्धुली | का.स | | | विहिन | २०७४।६।४ | ९६१९२४७७५६ | |
| ८७ | | सन्त माया जर्गा मगर | घ्याङलेख-२, सिन्धुली | का.स | | | | | ९८६४०१०७४४ | |
| ८९ | करार | विवेक थामी | घ्याङलेख़-२, सिन्धुली | का.स | | | विहिन | २०७५।१०। | ९८६५४६२६८४ | |
| ९१ | करार | दिल कुमारी पुलामी | घ्याङलेख़-२, सिन्धुली | का.स | | | विहिन | २०७७।५।२५ | ९६१९२४९७४० | |
| | | | | | | | | | | |

# घ्याङलेख गाउँपालिकाको अनुरोध

२४. पाल्तु कुकुरहरुलाई सडकमा नछाडौं । घरमै बन्धनमा राखि रेविज विरुद्धको खोप लगाऊँ ।
२५ गर्भवती महिलाहरुले नियमित स्वास्थ्य संस्थामा गई आफ्नो स्वास्थ्य परीक्षण गराऊँ ।
२६. गर्भवती महिला तथा नवजात शिशुलाई समयमै खोप लगाई विभिन्न रोग लाग्न बाट जोगाऊँ ।
२७. सडक चोकमा होडिङ बोर्ड, साईन बोर्ड ब्यानर राख्दा गाउँपालिकासंग पूर्व स्वीकृत लिई मात्र राखौं ।
२८. व्यापार व्यवसाय संचालन गर्दा गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
२९. अखाद्य मिसावट युक्त खाद्य सामग्रीहरुको विक्री वितरण तथा प्रयोग नगरौं ।
३०. छतको पानी सोझै सडकमा नझारौं ।
३१. गाउँपालिकामा तिर्नु पर्ने सर्म्पूण कर समयमै तिरेर सभ्य नागरिकको परीचय दिऊँ ।
३२. जुवा, तास खेल्ने कार्य र जांड रक्सी सेवनलाई निरुत्साहित गरौं ।
३३. २० वर्ष उमेर पुरा नभई विहाबारी नगरौं, नगराऔं ।
३४. अबैध हातहतियार(भरुवा बन्दुक) नराखौं ।
३५. अनुमति बिना रुख काट्ने, काठ र जडिबुटी ओसार पसार नगरौं ।
३६. नदिजन्य पदार्थको अवैध दोहन नगरौं .

## अनुसुची ३
## सिन्धुली जिल्लास्थित विभिन्न कार्यालयहरू

| सि.नं. | कार्यालयको नाम | सि.नं. | कार्यालयको नाम |
|---|---|---|---|
| १ | सिन्धुली जिल्ला अदालत | १६ | जिल्ला निर्वाचन कार्यालय |
| २ | जिल्ला प्रशासन कार्यालय | १७ | जिल्ला हुलाक कार्यालय |
| ३ | जिल्ला समन्वय समितिको कार्यालय | १८ | तथ्याङ्क कार्यालय, सिन्धुली |
| ४ | जिल्ला प्रहरी कार्यालय | १९ | नेपाल विद्युत प्राधिकरण |
| ५ | कमलामाई नगरपालिका, नगरकार्यपालिकाको कार्यालय | २० | नेपाल टेलिकम |
| ६ | डिभिजन वन कार्यालय, सिन्धुली | २१ | नापी कार्यालय |
| ७ | कृषि ज्ञान केन्द्र | २२ | कन्दमूल तरकारी विकास केन्द्र |
| ८ | मालपोत कार्यालय | २३ | कारागार कार्यालय |
| ९ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | २४ | खाद्यप्रविधि गुण नियन्त्रण डिभिजन कार्यालय |
| १० | सिन्धुली अस्पताल | २५ | कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय |
| ११ | सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना | २६ | घरेलु तथा साना उद्योग कार्यालय |
| १२ | स्वास्थ्य कार्यालय सिन्धुली | २७ | जिल्ला आयोजना कार्यान्वयन इकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) |
| १३ | शिक्षा विकास तथा समन्वय इकाइ | २८ | जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा) |
| १४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ (सुपर जोन) | २९ | स्वास्थ्य बीमा बोर्ड जिल्ला कार्यालय, सिन्धुली |
| १५ | करदाता सेवा कार्यालय सिन्धुली | ३० | जिल्ला आयुर्वेद कार्यालय |

## आ.व. २०७८/०७९ को
# नीति, कार्यक्रम तथा बजेट

**गरिमामय गाउँ सभाका अध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरु,**
**सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,**
**सम्पूर्ण कर्मचारीहरु,**
**संचारकर्मी मित्रहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।**

सर्व प्रथम यस घ्याङलेख गाउँपालिकाको नवौं गाउँ सभाको प्रारम्भ समारोहमा सहभागी हुनु भएका सम्पूर्ण सभाका सदस्यज्यूहरु, आमन्त्रित राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि एवं उपस्थित कर्मचारीहरु एवं संचारकर्मी मित्रहरुलाई गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

ईतिहासका विभिन्न कालखण्डमा नेपालको सार्वभौमसत्ता, राष्ट्रियता, अखण्डता, स्वाधीनता, सामाजिक परिवर्तनका लागि नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खाहरु, अग्रजहरु प्रति उच्च सम्मान गर्दै लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्नको लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

विगत वर्षमाजस्तै यो वर्ष पनि हामी नयाँ भेरियन्ट सहितको कोभिड-१९ (कोरोना भाईरस) को महामारीले सिर्जना गरेको चुनौतीपूर्ण र असहज अवस्थामा रहेका छौं । गत वर्ष कोरोना संक्रमण शून्यमा रहेको यस गाउँपालिकामा यस वर्ष तीब्र गतिमा बढेको नयाँ भेरियन्ट सहितको कोरोना संक्रमणलाई गाउँपालिकाबाट नियन्त्रणका लागि गरिएको सबैखाले प्रयास स्वरुप केही घट्दो क्रममा रहेको छ तर नबढ्ला भन्न सकिन्न ।

यसै क्रममा कोरोना महामारी नियन्त्रण, रोकथाम र अन्य विपद्मा परेका स्थानीयहरुको उपचारको गाउँपालिका भित्र रहेको नेपाल रेडक्रसको मातहतमा रहेको एक मात्र एम्बुलेन्सले मात्र सेवा दिन अपुग भएकोले म उपाध्यक्ष र गाउँपालिका अध्यक्षज्यूले प्रयोग गर्दै आई रहेको सवारी साधनलाई समेत नागरिकको उपचारको लागि प्रयोग गर्न उपलब्ध गराएका छौं भने त्यतिले मात्र अपुग भएको भाडामा गाडी समेत लिई वडा नं. ३,४ र ५ का नागरिकहरुको लागि २४ घण्टा उपलब्ध होस भनी रामपुर बजारमा सेवाका लागि राखिएको छ । यसै गरी संक्रमितहरुको स्वास्थ्य अवस्था बुझ्न, निशुल्क परीक्षण गर्न र आधारभुत औषधि उपलब्ध गराउन हामी जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरु घरघरमा पुग्ने काम गरेका छौं । यसै गरी कोरोना पोजिटिभ देखिई आईसोलेशनमा रहेका नागरिकहरुलाई गाउँपालिकाबाट खानको लागि चामल र दाल समेत उपलब्ध गराएका छौं ।

तीनै तहका सरकारको सहअस्तित्व, समन्वय र सहकार्यमा यसको रोकथाम र नियन्त्रणको लागि हाम्रो गाउँपालिका प्रतिवद्ध रहेको छ । आजको दिन म कोरोना भाईरस महामारीका कारण स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली लगायत विश्वभरका नागरिकहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । साथै उपचार्रत सबै दिदीवहिनी दाजु भाई, आमाबुबाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै दुःखको घडीमा सहयोग गर्नु हुने सम्पूर्ण व्यक्ति, सरकारी, गैर सरकारी संघ संस्थाहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगिकार गरेको छ । यसैको आधारमा संघ, प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको श्रोत प्रयोग गर्ने अधिकार प्रदान भएको छ । आज हामी नेपालको संविधानको भाग १८ धारा २२२ बमोजिम नियमित रुपमा शुरु भएको यो नवौं गाउँ सभाको प्रारम्भ समारोहमा उपस्थित भएका छौं ।

हुदै गरेको यस सभाले हामीले सम्पन्न गरेको पछिल्ला सभाबाट स्वीकृत नीति, कार्यक्रम र बजेटको के कस्तो रुपमा प्रभावकारी कार्यन्वयन भयो भएन भन्ने विषयमा छलफल हुनेछ भने आज प्रस्तुत भई रहेको आर्थिक वर्ष २०७८।०७९ को नीति, कार्यक्रमबाट यस गाउँपालिकाको **दुरगामी एवं उज्ज्वल र समृद्ध** गाउँपालिकाको निर्माणको आधार हुनेछ भन्ने मैले विश्वास लिएकी छु ।

कोविड १९ को महामारीका कारण परम्परागत विकासको दृष्टिकोण, पद्धति, अवधारणा र अभ्यासमा पुनर्विचार गर्नु पर्ने आवश्यकता रहेको छ। युवा शक्तिलाई विदेश पलायन हुनबाट रोकी देश भित्रै आफ्नै सीप र पूँजीलाई परिचालन गरी आर्थिक विकास गर्नु पर्ने आजको आवश्यकता रहेको छ।

निर्वाचित भएको ४ वर्षको अबधिमा भौगोलिक कठिनाई, सिमित स्रोत साधन, कर्मचारीको अभावका बाबजुद पनि हामीले महत्वपूर्ण उपलब्धि हासिल गर्न सक्षम भएका छौं। वितेका ३ आ.व.हरुमा तत्काल आवश्यक साना विकासका योजना तथा कार्यक्रमहरु बाहेक ४८७ कि.मि. नयाँ बाटोको ट्रयाक खोलिएको छ भने ८.४८ कि.मि.ग्राभेल बाटो, २ वटा झोलुंगे पुल, १०४३ घरपरिबारलाई खानेपानी सुविधा, ३.६३ कि.मि. ढल निर्माण, ३७८० घनमिटरको तटवन्धन, २७ वटा सिंचाई योजना, ६ वटा बैकल्पिक उर्जाका कार्यक्रम, ३० कि.मि. राष्ट्रिय विद्युत प्रसारण लाईन विस्तार, नयाँ विद्यालय भवन निर्माण ११ वटा, २० वटा भवन मर्मत, १३ वटा भवन निर्माणका काम सम्पन्न भएका छन्। चालु आ.व. २०७७।०७८ मा विकासका लागि महत्वपूर्ण आधार मानिएका गाउँपालिकाको बस्तुगत विबरण (Digital Profile), गाउँ यातायात गुरुयोजना (RTMP), आबधिक योजना तथा मध्यमकालीन खर्च संरचना तयारी अन्तिम अवस्थामा रहेका छन्।

हाम्रो असिमित ईच्छा, आकांक्षा, चाहना र आवश्यकतालाई सिमित स्रोत र साधनबाट समग्र गाउँपालिकाको चाहना र विकासलाई सम्वोधन गर्न आफैमा ठुलो चुनौतीपूर्ण कार्य हो। सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम संचालन गर्नु पर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ।

**"स्वास्थ्य, शिक्षा, कृषि र दिगो पूर्वाधार ! घ्याङलेखको सम्वृद्धिको आधार !!"** भन्ने मुल विकासको नाराका साथ अगाडी बढी रहेको यस गाउँपालिका विकासको दृष्टिकोणले प्रचुर संभावना रहेको गाउँपालिका हो। यस क्षेत्रका असिमित संभावनाहरुलाई सदुपयोग गर्दै समुन्नत गाउँ निर्माण गर्नका लागि यस सभाले तय गर्ने नीति, कार्यक्रमले विकासको लागि कोशेढुंगा सावित हुनेछ भन्ने मैले विश्वास लिएको छु। सिन्धुली जिल्लाको उत्तर पश्चिममा रहेको सदरमुकामबाट करिब ३५ किलोमिटर दुरीमा अवस्थित रहेको यो गाउँपालिका प्राकृतिक मनमोहक डाँडाकाँडाले भरिएको सुन्दर पहाडी भूभाग हो। यातायातको सुविधाको हिसावले केही कठिनाई भए तापनि बन्दै गरेका पूर्वाधार र नागरिकमा बढ्दै गएको विकास प्रतिको लगाबले रोजगारीका अवसरमा बृद्धि हुनाका साथै समग्र विकासमा सकारात्मक टेवा पुगेकोछ। यसको समग्र विकासका लागि सबै निर्वाचित जनप्रतिनिधि, माननीय सांसदज्यूहरु, नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकामा कार्यरत समस्त कर्मचारी, संचारकर्मी एवं आम गाउँबासीहरुको

सक्रिय सहयोगको आवश्यकता पर्दछ । यसमा सबैको सहयोगमा हामीले लिएका नीति, कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट अगाडी बढ्न सक्ने अपेक्षा यस गाउँपालिकाले लिएको छ ।

**सभाका सदस्यज्यूहरु,**

अव म यस गाउँपालिकाको दीर्घकालिन सोच (Vision) लक्ष्य (Goal), उद्धेश्य (Objective) र अपेक्षित उपलब्धि (Expected Outcomes) को बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

क) **दीर्घकालिन सोच (Long Term Plan/Vision) : स्वास्थ्य समाज, गुणस्तरीय शिक्षा, कृषि र दिगो पूर्वाधारको विकास गरी शान्त, सुन्दर र सम्वृद्ध गाउँपालिकाको निर्माण गर्ने ।**

ख) **लक्ष्य (Goal) :** शिक्षा, स्वास्थ्यको विकास, कृषि उत्पादनमा आत्मनिर्भरता, रोजगारी अवसरको सिर्जना र दिगो पूर्वाधारको विकास गरी नागरिकको जीवनस्तर बढाउने ।

ग) **उद्धेश्य (Objective):**

१. कोभिड-१९ लगायत सबै प्रकारका महामारी र विपद्‌बाट नागरिक जीवनको रक्षा गर्ने ।

२. स्वास्थ्य सेवालाई सुदृढ गराउने ।

३. गुणस्तरीय शिक्षा, प्राविधि शिक्षालाई प्राथमिकीकरणको आधारमा विकास गर्ने ।

४. कृषि उत्पादनमा आत्म निर्भर बनाउने तथा आधुनिकीकरण गर्ने ।

५. सवैका लागि सुरक्षित पिउने पानी उपलब्ध गराउने ।

६. व्यवस्थित बसोबासका लागि सवै वडा, गाउँवस्तीहरुमा सडक पूर्वाधारको विकास गर्ने ।

७. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरुलाई सौन्दर्यकरण गर्दै पर्यटन पूर्वाधारको विकास गर्ने ।

८. व्यापार व्यवसाय, उद्योगको प्रवर्द्धन गर्ने ।

९. राष्ट्रिय भू-उपयोग नीति अनुरुप जग्गालाई व्यवसायिक क्षेत्र, आवास क्षेत्र र कृषि क्षेत्रको रुपमा विभाजन गर्ने ।

१०. उत्पादन र रोजगारीको प्रवर्द्धन गर्ने ।

११. पूर्ण सरसफाईयुक्त, बालमैत्री, अपांगमैत्री, वातावरणमैत्री गाउँपालिका निर्माण गर्ने ।

१२. बालश्रम, बालविवाह, छुवाछुत र सबै खाले हिंसामुक्त समाजको निर्माण गर्ने ।

१३. न्यायमा सबै वर्गको पहुँच वृद्धि गर्ने ।

१४. युवा तथा महिला शसक्तीकरणलाई जोड दिने ।

१५. घरेलु हिंसा न्युनिकरण गरि सुरक्षित समाजको निर्माण गर्ने ।

## घ) अपेक्षित उपलब्धि (Expected Outcomes):

१. विपद्बाट हुने जोखिमको न्यूनिकरण

२. स्वास्थ, शिक्षाको विकास

३. कृषि उत्पादनमा बृद्धि

४. रोजगारी श्रृजना

५.औषत आयको बृद्धि ।

६. औषत आयुमा बृद्धि ।

अव म **"स्वास्थ्य, शिक्षा, कृषि र दिगो पूर्वाधार ! घ्याङलेखको सम्वृद्धिको आधार !!"** को मूल विकासको नारा र दिर्घकालिन लक्ष्य **"शिक्षा र स्वास्थ्यमा सुदृढता-कृषिमा आत्मनिर्भरता"** रहेको जानकारी गराउँदै आ.ब. २०७८/०७९ को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अबलम्वन गरिएका पद्धति र आधारहरु प्रस्तुत गर्दछु ।

१। नेपालको संविधान, २०७२

२। स्थानीय सरकार संचालन ऐन, २०७४

३। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

४। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

५। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

६। संघ, प्रदेश र स्थानीय सरकारले जारी गरेका नीति, कानून, मार्गनिर्देशन र मापदण्ड

७। स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४

८। संघीय, प्रादेशिक र गाउँपालिकाको आवधिक विकास योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

९। दिगो विकासका लक्ष्य र योजना आयोगले निर्धारण गरेका क्षेत्रहरु

१०। श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र स्थानीय राजश्व परामर्श समितिका निर्णयहरु

११। वडास्तरीय योजना तर्जुमा भेला, वडा समितिको सिफारिस, विषयगत समितिको र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएका योजनाहरु

१२। नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्वहरु

१३। स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,

१४। **विकासका समसामयिक मुद्धाहरु :** सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय

शासन, वातावरण मैत्री स्थानीय शासन, आधारभुत स्वास्थ्य, पूर्ण सरसफाई, लगायतका अन्तर सम्बन्धित बिषयहरु

१५। स्थानीय विशिष्ट परिस्थिति अनुसार यस गाउँपालिकाले आवश्यक ठानेका विविध बिषयहरु

१६। घरेलु हिंसा,श्रम शोषण, बाल विवाह जस्ता जघन्य अपराध उन्मुलन गर्न न्यायको पहुच पुऱ्याउन चेतनामूलक सशक्तिकरण अभियान सञ्चालन गर्ने ।

१७।स्थानीय तहमा सहभागी राजनीतिक दलहरुको घोषणा पत्रहरु

**उपस्थित महानुभावहरु,**

अव म घ्याङलेख गाउँपालिकाले आ.ब. २०७८।०७९ को नीति तथा कार्यक्रम तर्जुमाले लिएका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

- कोभिड -१९ लगायत भविष्यमा आउन सक्ने अन्य प्रकोप, विपद् व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकार संग सहकार्यमा आवश्यक स्वास्थ्य सुरक्षा व्यवस्था मिलाउदै क्षमताको विकास गर्ने ।
- जनस्वास्थ्यमा आई परेका चुनौतिलाई सामना गर्न स्वास्थ्य सेवालाई सुदृढ, सबलीकरण गर्ने ।
- शैक्षिक क्रियाकलापलाई सुरक्षित हिसावले संचालन गर्न आवश्यक व्यवस्था मिलाउने ।
- स्वास्थ्य सुरक्षा समेतलाई ध्यान दिदै प्रशासनिक सेवा प्रणालीमा सुधार ल्याउने ।
- प्रकोप न्यूनिकरणका लागि फोहरमैला व्यवस्थापन, खानेपानी, सरसफाई जस्ता आधारभूत सेवाहरुको उपलब्धता र गुणस्तरमा सुधार ल्याउने ।
- बन्दाबन्दीको कारण आर्थिक गतिविधिमा परेको प्रतिकूल असरबाट बढि प्रभावित समूह (महिला, अशक्त, असहाय, अति विपन्न) को जीविकोपार्जन, हिंसा नियन्त्रण र स्वास्थ्य सुरक्षामा ध्यान दिने ।
- आयआर्जनका अबसर, रोजगारी तथा गरिबी निवारणको अवस्थामा सुधार ल्याउन कृषि तथा पशुपालन, सहकारी, श्रम प्रधान सार्वजनिक निर्माण आयोजना तथा स्वरोजगार बढाउने ।
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम सेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने,
- दिगो विकास, वन वातावरण संरक्षण र सम्वर्द्धनमा सहयोग पुरयाउने,

- भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,
- स्थानीय नागरिकको आवश्यकता र मागलाई सम्बोधन गर्ने,
- अधुरा र क्रमागत योजनाहरु पुरा हुने बजेट तथा कार्यक्रमहरु ।

**उपस्थित महानुभावहरु,**

अव म चालु आ.व. २०७७।०७८ को समिक्षा तथा विश्लेषण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

घ्याङलेख गाउँपालिकाको २०७७ साल असार १० गते शुरु भई २५ गते सम्पन्न भएको सातौं गाउँ सभामा चालु आ.व. २०७७/०७८ को लागि हामीले ४५ करोड ३७ लाख २७ हजार एकासी रुपैयाको बजेट प्रस्तुत गरेका थियौं भने २०७७ पौष २७ गते सम्पन्न आँठौं गाउँसभामा सातौ गाउँसभामा अनुमानित गरिएको अ.ल्या. रकम रु.८,४१,१७८७० मा खुद अ.ल्या. रकम रु. ८,९१,४२,२००।०० कायम हुन आएकोले अनुमानित आयमा फरक भएको रकम रु. ५०२४३३०।०० थप गरी खुद आय अनुमान रु. ४५,८७,५१,३३०।०० मा बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ थप आएको रु. २१,४९,०००।०० र सडक बोर्डबाट थप रु. २,००,०००।०० बजेट निकासा भई आउने भएकोले कूल बजेट रु. ४६,११,००३३०।०० कायम गरी सोही अनुसार बजेट बाँडफाँड तथा योजना तथा कार्यक्रम संशोधन गरिएको थियो । यसै गरी विश्वभर फैंलिएको कोभिड १९ का कारण भएको बन्दाबन्दीबाट देशको अर्थतन्त्रमा परेको नकारात्मक असरले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र सवारी साधनको कर समेतमा अनुमान गरिएको ७ करोड ५७ लाख ३५ हजार १३० मा हाल सम्म ४ करोडको हाराहारीमा रकम प्राप्त भएकोले अनुमानित रकम भन्दा ४८ प्रतिशत कमी भई यसबाट कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ प्रक्षेपण गरिएको रकम रु.५,०५,४१२७७५० समेत धान्न नसक्ने अवस्था रहेको छ ।

चालु आ.व.को लागि सातौं गाउँसभाबाट स्वीकृत गरिएको संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण, सशर्त, राजस्व वाँडफाँड समेतको रकममा र पुनः बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि रु.२१,४९,०००।०० र सडक बोर्डबाट थप रकम रु. २,००,०००।०० बजेट विनियोजन भएको छ । तसर्थ आ.व. २०७७।०७८ को लागि सातौं र आठौं गाउँ सभाबाट **रु. ४६ करोड ११ लाख ३३० रुपैयाको** संशोधित आय स्वीकृत भई सोही अनुसार योजना तथा कार्यक्रम संचालन भएको छ । यसरी हेर्दा केही योजनाहरु हाल सम्म संचालन गर्न नसकिएको र अधिंकाश योजनाहरु संचालनमा भई भुक्तानी प्रक्रियामा रहेका छन् । योजना तथा कार्यक्रमहरु संचालन हुन नसक्नुमा विश्वभर फैलिएको कोरोना भाईरसका कारण भएको निषेधाज्ञ र बन्दाबन्दीले भएको व्यहोरा अनुरोध गर्दछु ।

**चालु आ.व.को बजेटमा उल्लेख भएका कार्यक्रमहरुको क्षेत्रगत हिसावले निम्नानुसार उपलब्धी भएका छन्।**

क) **सामाजिक विकास : (स्वास्थ्य तथा पोषण, शिक्षा, विज्ञान तथा प्रविधि, युवा, खेलकुद, खानेपानी तथा सरसफाई, सांस्कृतिक प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशिकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक)**: यस गाउँपालिकाले स्वास्थ्य तथा पोषण र शिक्षालाई नै विकासको पहिलो आधार मानेको छ । स्वास्थ्य र शिक्षा तर्फ संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान बाहेक गाउँपालिकाको आफ्नो स्रोत साधनबाट समेत यातायात र आवतजावतको हिसावले अति कठिन क्षेत्रमा सामुदायिक स्वास्थ्य इकाई र सामुदायिक विद्यालयको स्थापना गरी संचालनमा ल्याएको छ, भने भौतिक पूर्वाधार निर्माणको लागि समेत बजेट विनियोजन गरी सेवा सुविधा उपलब्ध गराएको छ। युवाहरुका लागि खेलकुद, खानेपानी तथा सरसफाईका कार्यक्रम, सांस्कृतिक प्रवर्द्धन, लैगिंक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यक्रम संचालन भएकोले उल्लेखनीय सुधार आएको छ ।

ख) **आर्थिक विकास (कृषि तथा पशुपन्छी, सिंचाइ, उद्योग तथा वाणिज्य, संस्कृति तथा पर्यटन, श्रम तथा रोजगारी, सहकारी र वित्तीय क्षेत्र)** : परामपरागत कृषि खेती प्रणालीमा आधारित रहेकोमा हाल आएर आधुनिक खेति तर्फ उन्मुख हुदै गई रहेको छन् भने पशुपन्छीपालन तर्फ समेत उन्नत जातका पालन पशुपालन तर्फ उन्मुख हुदै गई रहेको देखिन्छ । सिंचाईको लागि कुलोहरुको निर्माण भएको छ भने दिनानुदिन बढदै गई रहेको सानातिना व्यापार व्यवसायले यहाँको आर्थिक विकासमा बृद्धि हुदै गएको देखिन्छ । चालु आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु संचालन गरी युवा स्वरोजगार कार्यक्रमको थालनी गरिएको छ। यस आ.व.मा नै डिभिजन सहकारी कार्यालयमा दर्ता भई अभिलेखमा नरहेका सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापन गरी सूचीकृतको कार्य थालनी गरिएको छ।

ग) **पूर्वाधार विकास (सडक, पुल तथा यातायात व्यवस्था, झोलुंगे पुल, सिंचाई, भवन,आबास, बस्ती तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, बैकल्पिक उर्जा, सूचना तथा सञ्चार)** : गाउँपालिका भित्र रहेका सवै सडकहरुको निर्माण र स्तरोन्नती गर्दै गाउँपालिकाको आफ्नो भुगोलमा आफ्नै क्षेत्र भएर आवत जावत गर्ने सडकको निर्माण भई रहेकोछ । चालु आर्थिक वर्षमा वडा नं. १ मा २ वटा झोलुंगे पुलको निर्माण कार्य सम्पन्न भएको छ । सिंचाई कुलो, सामुदायिक भवन, पुल पुलेसाहरुको निर्माण कार्यको थालनी भएको छ । स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम, प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रमका योजनाहरु सम्पन्न हुने क्रममा रहेका छन् । तीन वर्ष अगाडी सम्म लघु जलविद्युतबाट सिमित विद्युत सुविधा उपलब्ध भएकोमा आज सम्म आई पुग्दा केही गाउँ टोल बाहेक सबै गाउँटोलमा राष्ट्रिय विद्युत प्रसारण लाईनबाट विद्युत सेवा पुगी सकेको छ । यसै

गरी स्वीकृत भएका योजना तथा कार्यक्रमहरु मध्ये आजका दिन सम्म झण्डै झण्डै ७० प्रतिशतको हाराहारीमा योजना तथा कार्यक्रमहरु सम्पन्न भई सकेका छन् ।

घ) **वन, वातावरण तथा विपद् व्यवस्थापन (वन तथा जैविक विविधता, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता) :** महाभारतको काखमा रहेको यस गाउँपालिका प्रकृतिको बरदान कै रुपमा रहेको छ। हराभरा प्रकृतिले सुन्दर मनमोहक यस क्षेत्रमा रहेका सामुदायिक वन तथा कबुलियती वनहरुको संरक्षणले वातावरण संरक्षणमा उल्लेखनीय योगदान पुगेको छ । विश्वभर फैलिएको कोभिड-१९ नामक महामारीको रोकथाम तथा नियन्त्रणको लागि भएका निषेधाज्ञ (बन्दाबन्दी) लाई गाउँपालिकाले पूर्ण रुपले पालन गरी रोकथामका लागि संचार माध्यमबाट जनचेतना जगाउने सन्देशहरुको प्रसारण, पि सि आर, एन्टिजिन प्रविधिबाट कोरोना परीक्षण, मास्क, सेनिटाईजर वितरण, सबै वडा २०।२० बेडको क्वारेन्टन्टाईन निर्माण तथा संचालन, कोरोना भाईरसको महामारीका कारण रोजगारी गुमाएका परिबारहरुको पहिचान गरी राहत वितरण गर्ने कार्य समेत गरिएको छ। अन्य विपद व्यवस्थापन तर्फ आगलागी, पहिरो, हावाहुरी, चटयांङ, जंगली जनावरबाट क्षति पुर्याएका पीडितहरुलाई राहत वितरण कार्य गरिएको छ ।

ङ) **संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन (कानून, न्याय तथा सुशासन, संगठनात्मक विकास तथा मानव संशाधन, स्रोत परिचालन, तथ्यांक प्रणाली र योजना व्यवस्थापन) :** सवै प्रकारको वित्तीय अनुशासन कायम गर्ने कार्यको थालनी गरिएको छ । सुशासनको लागि पारदर्शिता अपनाई समय समयमा गाउँपालिकाबाट भएका गतिविधिहरुको बारेमा पत्रपत्रिका, रेडियो तथा सामाजिक संजालहरु, वेवसाईटबाट सवैमा जानकारीको लागि प्रकाशन, प्रशारण तथा सम्प्रेषण गरिएको छ । पालिकाका ५ वटै वडाहरुमा कार्यालय व्यवस्थापन गरी वडाहरुबाट सबै प्रकारका सेवा प्रवाह भई रहेको छ । ५ वटै वडाहरुका ईन्टरनेटलाई भरपर्दो बनाई अनलाईन सेवा र जुम बैठकको थालनी गरिएको छ । सवै विषयगत कार्यालयहरुको व्यवस्थापन समेत गरी कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिबृद्धि गरिएको र आगामी दिनमा समेत यी कार्यहरुलाई निरन्तरता दिईने कार्यक्रम रहेको छ । जनसमुदायलाई न्यायको पहुँच पुऱ्याउन इजलासको स्थापना, प्रत्येक वडामा मेलमिलाप कर्ताको व्यवस्था गरिएको छ ।

## उपस्थित महानुभावहरु,

कोभिड-१९ (कोरोना भाईरस) नामक महामारीका कारण उत्पन्न असहज परिस्थितिले मानब समुदायका आवश्यकता र प्राथमिकताहरुलाई नै बदली दिएको छ । हरेक मुलुकको अर्थतन्त्र र समग्र

शासन प्रक्रियामा पनि यसले गम्भिर असर पारेको छ। ठुला भवन, पिच सडक, चिल्ला गाडी र आधुनिक जीवनशैली मात्र विकास हैन रहेछ भन्ने पाठ यस महामारीले सिकाएको छ। महामारीले सिकाएको पाठ संगै तीनै तहका सरकारले मुलुकमा आफ्नो तर्फबाट प्रवाह गरिने सार्वजनिक बस्तु तथा सेवाको पुनः प्राथमिकीकरण गर्नु पर्ने भएको छ। शताब्दीकै विषम परिस्थिति संग जुध्नका लागि विश्वका सवै राष्ट्र र सहायता एजेन्सीले आफ्ना नियमित प्रयास र तालिकाहरुलाई परिमार्जन गरी रहेका छन्। हालको महामारीको विषमः परिस्थितिबाट विश्वले चाडै छुटकारा पाउन सक्ने अवस्था समेत देखिएको छैन। तसर्थ महामारीको असरलाई न्यूनीकरण गर्दै जनजीवनलाई कसरी नियमित तुल्याउने भन्ने कुरा नै अहिलेको विश्व सामु चुनौतिको विषय वन्न पुगेको सबैलाई अवगत नै छ।

तसर्थ विगतमा प्राथमिकतामा राखिने क्रमशः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासलाई परिमार्जन गरी आगामी आ.व.को नीतिमा नेपाललाई कोभिडमुक्त बनाउने, स्वास्थ्य तथा पोषण, शिक्षा, खानेपानी, कृषि उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रलाई प्राथमिकतामा राखी सोही बमोजिम कार्यहरु गर्नु आजको आवश्यकता भएको छ। कोभिड-१९ को महामारीको वर्तमानले सिकाएको पाठ संगै बजेट तर्जुमाको लागि अबलम्वन गरिएका पद्धति र आधारहरु, बजेट निर्माण एवं प्राथमिकीकरण आधार बदलिएको परिस्थितिमा यस गाउँपालिकाको आ.ब. २०७८/०७९ को लागि तय भएका प्रमुख क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु।

**१. सामाजिक विकास : (स्वास्थ्य तथा पोषण, शिक्षा, विज्ञान तथा प्रविधि, युवा, खेलकुद, खानेपानी तथा सरसफाई, सांस्कृतिक प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशिकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक, असहाय, एकल, सिमान्तकृत) नीति :**

**१.१. स्वास्थ्य तथा पोषण**

- विश्वभर फैलिएको कोभिड-१९ नामक महामारी लगायत सबै खाले महामारीको रोकथाम तथा नियन्त्रणका लागि संघ, प्रदेश सरकार, सिमाना जोडिएका पालिकाहरु र सरोकारवाला संघ संस्था संगको सहकार्य र सहयोगमा बिपद् व्यवस्थापन प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ।
- कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रणका लागि हाल पालिकाले आफ्नै खर्चमा १०० जनालाई सहजताका साथ राख्न सकिने गरी क्वारेन्टाईन व्यवस्था गरिएकोमा आ.व. २०७८।०७९ मा समेत छुट्टै कोरोना उपचार तथा रोकथाम कोष खडा गरी सोबाट क्वारेन्टाईन

व्यवस्थापन, कन्ट्रयाक्ट ट्रेसिङ्ग, जनचेतनामूलक कार्यक्रम संचालन, अशक्त तथा अति विपन्न बर्गको संरक्षण गरिनेछ ।

- कोरोना महामारी विरुद्धको अभियानलाई थप प्रभाबकारी वनाउन र आर्थिक रुपमा विपन्न गाउँबासीलाई स्वास्थ्य उपचारका लागि **"विपन्न नागरिक उपचार सहायता कोष"** स्थापना सहायता कोष खडा गरिनेछ ।
- कोरोना भाईरस जस्ता महामारी रोकथाम तथा नियन्त्रणका लागि खटिने स्वास्थ्यकर्मी र कर्मचारीको उपचार खर्च र राहत उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईको भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्दै औषधि लगायत स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी स्वास्थ्य सेवालाई सुदृढ गरी निशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाईने छ ।
- एक पालिका एक सामुदायिक अस्पतालको नीति अनुसार चालु आर्थिक वर्षमा अस्पताल निर्माणको लागि विस्तृत योजना प्रतिवेदन तयारी पुरा गरी गाउँपालिकाको नाममा सोलाभन्ज्याङमा रहेको जग्गामा नेपाल सरकार, प्रदेश सरकार र सबै दातृ निकायको सहयोगमा १० शैयाको अस्पताल निर्माण गर्ने कार्यको थालनी गरिने छ ।
- सुरक्षित प्रसुति सेवाका लागि गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी संग सहकार्य गरी निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका वासीहरुमा योग गरौं स्वस्थ बनौं भन्ने भावनाको विकास गराइनेछ ।
- **"निरोगी घ्याङलेख गाउँपालिका"** को अभियान संचालन गरिनेछ ।
- आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र रहेको नागरिक आरोग्य केन्द्रलाई सुदृढिकरण गरिनेछ ।
- सुनौलो हजारको अवधारणा अनुरुप गर्भवती तथा सुत्केरी आमाहरुको पोषणको अवस्था सुधार ल्याउननेपाल सरकारले विनियोजन गरेको बहुक्षेत्रीय पोषणका कार्यक्रमको आधारमा गाउँपालिकाबाट समेत थप बजेट विनियोजन गरी कार्यक्रमलाई प्रभावकारी बनाई संचालन गरिनेछ ।
- सुरक्षित मातृत्व तथा आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।
- पौष्टिक खाना खाने बानी गराई कुपोषणलाई न्यून गर्न विशेष कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

- वार्षिक रुपमा कम्तीमा १ पटक पालिका भित्र विशेषज्ञ सहितको स्वास्थ्य सेवा शिविर संचालन गरिने व्यवस्था मिलाईनेछ ।
- क्षयरोग, औलो, डेंगु, एच आई भि एड्स जस्ता सर्ने रोगहरु र नसर्ने रोगहरु पत्ता लगाई उपचार पद्धतीमा ल्याई रोगको न्यूनिकरण गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थामा प्रभावकारी किशोर किशोरी स्वास्थ्य सेवाको उपलब्धता र सुनिश्चितताका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- मातृशिशु तथा बाल्यकालिन पोषणमा सुधार ल्याउन विभिन्न स्थानमा (विभिन्न कार्यालयहरु, स्वास्थ्य संस्था, सार्वजनिक स्थान) स्तनपान कक्षको निर्माण, स्वास्थ्य संस्था, विद्यालयहरुमा पोषण कर्नरको स्थापना, स्थानीय स्तरमा पोषणयुक्त पिठो (सर्वोत्तम पिठो), **एक बार खाना चारको** अवधारणको विकास गर्ने वारे सचेतनामूलक कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुबीचको समन्वयलाई सुदृढ तुल्याई गाउँ क्षेत्र भित्र वा नजिक रहेका रक्त संचार केन्द्र, सामुदायिक अस्पताल जस्ता संस्थालाई क्रियाशिल बनाउन आवश्यक सहयोग गर्ने व्यवस्था मिलाईने छ ।
- गर्भवती महिला पहिचान गरि झण्डा व्यवस्थापन कार्यक्रम ल्याइनेछ । सुत्केरी भए बापत साविकमा पाउने रकममा थप गरीनेछ ।
- "घ्याङलेखको जडीबुटी कोरोनाको औषधी" जडीबुटी स्रोतको पहिचान र दिगो संरक्षण विकास गरी आयुर्वेदिक प्रविधिको विकासमा प्राथामिकता दिने ।
- पालिका भित्र रहेको ल्याबलाई स्तरोन्नती गरी एक्सरे मेशिन समेत व्यवस्था गरिनेछ ।
- स्वयमसेविकाले पाई रहेको मासिक पारिश्रमिकलाई बृद्धि गरिनेछ ।
- हाल भई रहेको एम्बुलेन्स सेवालाई विस्तार गरी वडा नं. ४ र ५ को लागि थप एक एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

### १.२. शिक्षा

- **"घ्याङलेखको छहारी ! शिक्षित छोरी, बुहारी !!"** को कार्यक्रमलाई निरन्तरता दिई माध्यमिक शिक्षा (कक्षा १२) उत्तीर्ण गरेका पालिका भित्रका छोरी बुहारीहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्दै अभिभावकलाई सम्मान गर्ने कार्यक्रमको थालनी गरिनेछ ।
- पूर्वाधारयुक्त कक्षा १२ संचालित गाउँपालिका भित्रका कुनै पनि एक विद्यालयलाई क्याम्पस स्थापना गर्न सहयोग गरिनेछ ।

- एक गाउँपालिका एक प्राविधिक शिक्षालयको स्थापनाको नीति अनुरुप कुनै एक विद्यालयलाई प्राविधिक धारको विद्यालयको रुपमा स्थापना गर्न सहयोग गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई भौतिक पूर्वाधार बढाउदै बैकल्पिक शिक्षाको लागि अनलाईन र दुरशिक्षाको माध्यमबाट पठनपाठन गराउन सकिने गरी आवश्यक पूर्वाधारको विकासमा सहयोग गरिनेछ ।
- अंग्रेजी माध्यममा सञ्चालित विद्यालयलाई थप प्रोत्साहन गरिनेछ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहित गरिनेछ।
- बालमैत्री शिक्षण पद्धतिको विकास गरिनेछ ।
- जेहन्दार, गरिब, विपन्न र अपांगता भएका बालबालिकाहरुलाई पाठयपुस्तक, पाठय सामाग्री र पोशाक लगायत सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गर्न स्वदेश तथा विदेशका नागरिकहरुलाई प्रोत्साहित गरिने छ ।
- नेत्रहीन, सुस्त श्रवण, सुस्त मनस्थिति लगायत भिन्न क्षमता भएकाहरुको लागि विशेष शिक्षा व्यवस्था गर्न पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा **E- Library** को स्थापनामा सहयोग गरिनेछ ।
- सामुदायिक बिद्यालयमा शिक्षक बिद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ।
- शिक्षा ऐन, नियम र योजनाको तर्जुमा तथा परिमार्जन गरी कार्यविधि र मापदण्ड समेत निर्माण गरिनेछ ।
- किशोर-किशोरी शिक्षा तथा जीवनोपयोगी सीप विकासको माध्यमले विद्यालय वाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने कार्यक्रम संचालन गरिनेछ ।
- माध्यमिक विद्यालयलाई विज्ञान प्रयोगशाला र सूचना तथा प्रविधि मैत्री बनाउदै लगिनेछ ।
- एकिकृत प्रारम्भिक बालविकास योजना तयारी तथा कार्यान्वयन गरिनेछ ।
- शैक्षिक ब्यवस्था सुदृढिकरण गरी गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरिनेछ ।
- सबै विद्यालयहरुमा सुरक्षित स्थान पहिचानको व्यवस्थापन तथा विद्यालय सुरक्षित नक्सा निर्माण गरिनेछ ।

- विद्यार्थी संख्या र भौगोलिक दुरी समेतको अध्ययन गरी कम विद्यार्थी, बढि आर्थिक बोझ भएका विद्यालयहरुलाई गाभ्ने (Merge) कार्यलाई प्राथमिकता दिईने छ ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनलाई अगाडी बढाइने छ ।
- आधाभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन र प्रमाणिकरणलाई स्तरीय बनाइने छ ।
- विद्यालय बाहिर रहेका, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने दर घटाउन कार्यक्रम संचालन गरिने छ ।
- सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुलाई थप प्रोत्साहन गरिदै लगिने छ ।
- विद्यालयको भौतिक शैक्षिक गुणस्तरमा अभिवृदि गरिदै लगिने छ ।
- विधार्थीको औषधि उपचार सहितको वीमाको लागि पहल गरिनेछ ।
- पालिका भित्र नमूना विद्यालय छनौट गरी निश्चित अवधि भित्र पूर्वाधार पुरा गर्न सहकार्य गरिनेछ । यसका लागि नमूना विद्यालय सुधार कार्यविधि बनाई लागु गरिनेछ ।
- जेहेन्दार गरिब विद्यार्थीको लागि पुरुस्कारको व्यवस्था गरिनेछ ।

### १.३. खानेपानी, सरसफाई र स्वच्छता

- गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमापूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरिने छ ।
- नेपाल सरकारको राष्ट्रिय लक्ष्य बमोजिम गाउँपालिका क्षेत्र भित्रका सबै घर धुरीमा **एक घर एक धाराको अवधारणा** अनुसार सुरक्षित पिउने पानीको पहुँच बढाउन प्रदेश र संघीय सरकार संगको समन्वयमा नयाँ खानेपानी आयोजना सञ्चालन गरिने छ । साथै उक्त आयोजनाहरुमा पालिकाको साझेदारी रहनेछ । यस अन्तर्गत खानेपानी सुरक्षा योजनाहरु लागू गर्ने, खानेपानी सुरक्षित समुदाय (Water safe community) विकास गर्ने जस्ता विषयलाई समेत महत्व दिईनेछ ।
- घरायसी, संस्थागत एवम् वातावरणीय सरसफाइ प्रवर्द्धनका लागि वातावरण तथा सरसफाइ कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि कार्यान्वयनमा ल्याउँदै यस पालिका भित्रका सम्पूर्ण विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधालाई कम्तिमा एक तारा सुनिश्चित गर्दै दुई तारा प्राप्त गर्नका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

- गाउँपालिका भित्र सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र कार्यक्रमहरुमा दोहोरोपना हटाउनुका साथै प्रभावकारिता वृद्धि गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना **(WASH Plan)** तयार गरी कार्यान्वयनमाल्याइने छ ।
- विपद् जोखिममा परेका, अति विपन्न, सुकुम्बासी तथा अनौपचारिक बस्तीहरुमा आधारभूत खानेपानी तथा सरसफाइ सुविधा सुनिश्चितताका लागि जनता आवास कार्यक्रम सँगै खानेपानी तथा सरसफाइलाई समेत समावेश गरिने छ। साथै कुनै पनि समयमा आउन सक्ने विपद् संग जुध्न सक्ने खानेपानी र सरसफाई संरचना निर्माण गर्ने र सोको पूर्व तयारीका लागि आवश्यक क्षमता विकास गर्नका साथै WASH Governance को सुनिश्चितताका लागि वातावरण तयार गरिनेछ ।
- पूर्ण सरसफाइ प्रवर्द्धनमा वडा, टोल विकास संस्थाहरु र स्थानीय समुदायको सहभागिता वृद्धि गरी पूर्ण सरसफाइलाई जीवन संस्कारको रुपमा विकास गर्नका लागि सरसफाई नमूना टोल निर्माणमा जोड दिइने छ र सोका लागि पूर्ण सरसफाइ टोल विकास निर्देशिका बनाई लागु गरिनेछ ।
- सरसफाइको लागि मानिसहरुको बानी व्यवहारमा आमूल परिवर्तन (Total Behaviour Change) गर्न पालिका क्षेत्र भरी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- सार्वजनिक क्षेत्रको सरसफाइलाई सुधार तथा पहुँच विस्तार गर्न पालिकाका मुख्य चोक तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरिदै लगिनेछ ।
- फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमयमावली, २०७० को प्रभावकारी कार्यान्वयन गरी फोहरमैला व्यवस्थापनमा जनचेतना अभिबृद्धि गर्दै **"स्वच्छ तथा सुन्दर पालिका"**को रुपमा विकास गरिनेछ । यसका लागि गाउँपालिका भित्र बाल क्लवहरु, टोल विकास संस्थाहरु, युवा सन्जाल, आमा समूहहरु तथा सहयोगी संघ संस्था तथा शुभेच्छुकहरुको सहयोगमा सफा र सुन्दर गाउँपालिका निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- यस पालिकाबाट सञ्चालन गरिने खानेपानी, सरसफाई र स्वच्छता कार्यक्रमलाई साझा अभियानको रुपमा विकास गरी ब्यक्तिहरुको स्वास्थ्य, मान, प्रतिष्ठा र इज्जतको विषय बनाई कम लागतमा बढी नतिजा आउने कार्यक्रम सञ्चालन गर्ने कार्यको थालनी गरिनेछ ।
- संस्थागत सरसफाइ (विद्यालय/बालविकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी स्वच्छता) सुविधा सुनिश्चित

गर्न आवश्यकता अनुसार निर्माण गर्ने, प्रयोगमा नआएका सुविधालाई मर्मत सम्भार गर्ने र नियमित सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्रदायक संस्थाहरुलाई पुरस्कारको व्यवस्था गर्ने र समुदाय स्तरमा सरसफाई र स्वच्छता अभियान सञ्चालन गर्न सामाजिक नियमहरु बनाई अभियानको रुपमा लागु गरिनेछ ।

**१.४. समावेशिकरण/गरिबी निवारण**

- बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि तयार गरी लागु गरिने छ।
- सबै वडामा बाल अधिकार समिति गठन तथा सबलीकरण गरी परिचालन गरीनेछ ।
- बालकोषको स्थापना गरी बालहीतमा कोष संचालन गर्ने कार्यको थालनी गरिनेछ ।
- जोखिममा रहेका, अविभावन विहीन तथा परित्यक्त वालबालिकाको संरक्षणका लागि सामाजिक सुरक्षा सहायता सहित बैकल्पिक स्याहारका कार्यक्रम संचालन गर्ने कार्यको थालनी गरिनेछ ।
- बाल विवाहको रोकथाम तथा अन्त्यका लागि बालिका लक्षित शैक्षिक सहायता, बीमा, बचत कार्यक्रम क्रमशः लागु गर्दै सचेतनामूलक अभियान संचालन गरिनेछ ।
- बालश्रम उन्मूलन गर्न कार्यक्रम संचालन गरिनेछ ।
- युवा, महिला तथा  लक्षित समुदायहरुको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकता दिईने छ ।
- महिला तथा विपन्न बर्गको शसक्तीकरणका लागि आवश्यक तालिम तथा लोकसेवा तयारी कक्षा संचालन गरी रोजगारीको अवसरमा सहभागी गराईनेछ ।
- महिला, बालबालिका, युवा, पछाडी पारिएका, आदिवासी/जनजाति, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैंगिक अल्पसंख्यक, सिमान्तकृत, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सीप विकासका लागि सीपमूलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- युवालाई तालिम दिन उद्यमशिलता विकास कोष स्थापना गरी साझेदारीहरु समेतको सहभागितामा उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक परिचय पत्र बितरण  तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- महिला, बालवालिका, अपाङता भएका व्यक्ति, जेष्ठ नागरिकको लागि हेरचाह गृह (सेफ हाउस) निर्माण गरिनेछ ।

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी महिला तथा युवाहरुलाई प्रारम्भिक र एडभान्स जस्ता सीपमूलक व्यवसायिक तालिम प्रदान गरी उद्यमी सिर्जना गरी स्वरोजार बन्न अभिप्रेरित गरिने छ। कृषि उत्पादन र उद्यम, लघु उद्यम विकासको लागि वैंक तथा वित्तीय संस्थाहरुबाट सहुलियत दरमा ऋण उपलब्ध गराउन पहल गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई डिजिटाईजेशन गरी भत्ता वितरण प्रणालीलाई दुरुस्त गरिनेछ।
- सामाजिक व्यवहार परिवर्तनका लागि सूचना तथा संचार अभियान संचालन गरिनेछ।
- गाउँस्तरीय साँस्कृतिक केन्द्रको स्थापना गरी कला साहित्यको जगेर्ना तथा बिकास गरिनेछ।
- परम्परागत पञ्चेबाजाको संरक्षण गरिनेछ।
- गाउँपालिकालाई बाल मैत्री, पूर्ण घटना दर्ता गाउँपालिका घोषणा गरिनेछ।
- लक्षितवर्ग तथा सामाजिक समावेशीकरण तर्फ सामाजिक परिचालनको माध्यमद्धारा सशक्तिकरण गरी मागमा आधारित कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाको बस्तुगत विवरण (पार्श्व चित्र) लाई साल बसाली अद्यावधिक गरिनेछ।
- नतिजामा आधारित बार्षिक तथा आवधिक योजना निर्माण गरिनेछ।
- पिछडिएको समुदाय, सिमान्तकृत, गरीब, असाहय र टुहुरा बालबालिकालाई, अनिवार्य शिक्षाको लागि सवै खाले व्यवस्थापनको अवधारण ल्याईने छ ।
- **"विकृति, विसंगति हटाऔ, सभ्य समाज बनाऔ"** सभ्य नागरिक समाज सचेतना कार्यक्रममा निरन्तरता ल्याईने छ।

**१.५ रोजगारी तथा मानव संशाधन विकास**

- विकास निर्माणमा युवा जनशक्ति परिचालन गरी दिगो विकासका लक्ष्य पुरा गर्न बेरोजगार व्यक्तिको अभिलेखीकरण कार्यक्रम संचालन गरिनेछ।
- युवा तथा विदेशबाट रोजगारी गुमाई फर्किएका नागरिकहरुको लागि कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गरी रोजगारीको अवसर सिर्जना गरिने छ।
- **"राहत हैन रोजगारी, मामका लागि काम"** भन्ने उद्धेश्यका साथ गाउँपालिकाबाट संचालन हुने सबै विकास निर्माणमा अधिक्तम जनशक्ति प्रयोग हुने योजनालाई प्राथमिकता दिई संचालन गरिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुखी योजना निर्माणमा लगाईने छ।

- पालिकामा सञ्चालन हुने कार्यक्रमहरुमा प्रभावकारिता ल्याउन गैह्र सरकारी संस्था डेस्क सुदृढीकरण गरी पालिकाको विकास निर्माणमा गैह्र सरकारी संस्थाको भूमिकालाई प्रभावकारी बनाउने कार्य गरिनेछ ।
- गैह्र सरकारी संस्थासंग साझेदारीमा विविध जनचेतना एवं विकासात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सरकारी तथा गैर सरकारी संस्थामा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बचत गर्ने र बैकिङ कारोबार गर्न उत्प्रेरित गर्न सबै घ्याङलेखबासीको कम्तीमा एक घर एक खाता खोल्न प्रोत्साहित गरिनेछ ।
- एकिकृत सामाजिक सुरक्षा रणनीति निर्माण गरिनेछ ।

**१.६.खेलकुद**

- पालिका भित्रका सवै वडामा कम्तीमा एउटा मैदानको विकास गरी फुटवल, भलिवल, क्रिकेट, ब्याडमिन्टन जस्ता खेलकुदलाई प्रोत्साहन गर्न गाउँस्तरीय खेलकुद समितिको स्थापना गरिनेछ।
- युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप र राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- समय समयमा विभिन्न किसिमका खेलकुद आयोजना गरी युवामा खेलकुद प्रति उच्च भावना पैदा गराईनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने पालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

**१.७. सामाजिक परिचालन**

- पालिका क्षेत्रलाई सामाजिक रुपान्तरण गर्नको लागि सामाजिक परिचालन कोष खडा गरी टोल विकास संस्था, आमा समूह, क्लव, सामुदायिक संस्था लगायत संग समन्वय, सहकार्य गरिने छ ।
- सामाजिक परिचालनका माध्यमबाट गरीवी न्यूनीकरण कार्यक्रमलाई मुल प्रवाहीकरणमा समावेश गर्न जोड दिइनेछ ।

- एक वडा एक सामाजिक परिचालकको व्यवस्था गरिनेछ।
- सामाजिक परिचालन मार्फत समाजमा सकारात्मक सोच अभिबृद्धिको विकास गरिनेछ।

**१.८ न्यायिक**

- मेलमिलाप कर्ता, जनप्रतिधिहरुका लागि क्षमता अभिवृद्धिको कार्यक्रम अगाडि बढाइनेछ।
- विवाद निरुपण तथा मेलमिलापको लागि समुदाय स्तरमा कार्यक्रम बनाई लागु गरिने छ।
- मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ।
- कानूनी परामर्श दाताको व्यवस्था गरिनेछ।
- न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ।
- प्रत्येक वडाहरुका कानूनी साक्षरता कार्यक्रम संचालन गरिने छ।

**२ आर्थिक विकास (कृषि तथा पशुपन्छी, उद्योग तथा वाणिज्य, संस्कृति तथा पर्यटन, श्रम तथा रोजगारी, सहकारी र वित्तीय क्षेत्र) नीतिः**

**२.१ कृषि तथा पशुपालन**

- बढदो वैदेशिक रोजगारीको परनिर्भरतालाई न्यूनीकरण गर्दै युवालाई कृषि उद्यममा आकर्षित गर्न **"युवाको पौरख- घ्याङलेखको गौरव"** नामक कृषि व्यवसायिक उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ।
- सामुहिक सहकारी खेतिलाई प्रवर्द्धन गर्दै जमिन बाझो नराख्न अभिप्रेरित गरिनेछ।
- वडा वडामा आर्ग्यानिक खेती गर्न कृषकलाई प्रोत्साहन गर्ने कार्यको थालनी गरिनेछ।
- कृषि सहकारितालाई प्रोत्साहित गर्दै उत्पादकत्व वृद्धि गर्न सवैखाले सहयोग गरिनेछ।
- आधुनिक उन्नत पशु उत्पादनमा जोड दिदै कृषकहरुलाई दुग्ध तथा मासुजन्य उत्पादनमा प्रोत्साहित गरिने छ।
- उन्नत पशुपालन, पशु विमा, गोठ सुधार जस्ता कार्यक्रमहरुलाई प्रोत्साहित गरिनेछ।
- कृषि उपजलाई बजारीकरण गरी किसानको उत्पादनको उचित मूल्य दिन कृषि संकलन केन्द्र स्थापना गरी कृषि बजारको विकास गर्ने कार्यको थालनी गरिने छ।
- कृषि उत्पादन बढाउने उद्धेश्यका साथ **"उत्कृष्ट किसान, हाम्रो शान"** नारालाई आत्मसात गर्दै उत्कृष्ट (जडिबुट, तरकारी, फलफूल) खेती गरी कृषि उत्पादन बृद्धिमा उल्लेखनीय योगदान पुरयाउने कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ।

- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत विकास गरिनेछ ।
- कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।
- पशु बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । कृषक पहिचान गरी परिचय पत्र दिइनेछ ।
- "कृषकको अवस्था, पहिचानको आधारमा व्यवस्था" कृषिमा अनुदान हैन सहुलियत कर्जा उपलब्ध गराउन पहल गरिनेछ ।
- १ वडा १ कृषि पशु प्राविधिकको व्यवस्थापन गर्न पहल गरिने छ । कृषिमा आधुनिकिकरण, यान्त्रीकीकरण प्रविधि र प्रविधिको उचित व्यस्थापन मिलाईने छ ।
- दुध, मल,दाना, विउ विजनको मुल्य निर्धारण सुनिश्चित गराइने छ ।
- कृषकका उत्पादित वस्तुहरुको संकलन, बजार व्यवस्थापनमा जोड दिईने छ ।
- व्यक्ति, समुह सहकारी, व्यवसायको आधारमा सहुलियत कर्जा दिइने व्यवस्था मिलाईने ।
- भुगोल, भौगोलिक, हावापानी पहिचानको आधारमा कृषि पकेट क्षेत्र र कृषक समुह, संजाल बनाई कृषकलाई उत्कृष्ट बनाउने, उत्कृष्ट कृषकलाई पुरस्कार व्यवस्था गरिने छ ।
- उपाध्यक्ष संग कृषक १ घर एक टनेल कार्यक्रम लागु गरिनेछ ।
- कृषि उत्पादिन बस्तुको उचित व्यवस्थापनको लागि भण्डारण केन्द्र र चिस्यान केन्द्रको अवधारणा ल्याईनेछ ।

## २.२. पर्यटन

फापरचुली भ्यूटावरको निर्माण कार्य आ.व. २०७८।०७९ मा पुरा गरी फापरचुलीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न फापरचुली सम्म पुग्ने बाटो निर्माण गरी अन्य सबै पूर्वाधार निर्माणको थालनी गरिनेछ ।

- सबै वडाका सम्भावित पर्यटकीय क्षेत्रको खोजी गरी पर्यटन प्रवर्द्धन र विकास गरिनेछ ।
- सवै मठ मन्दिर, गुम्बा, चैत्य, चर्च सवैको संरक्षण तथा सुधार गरिनेछ ।
- हरियाली पार्क निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- एक वडा एक उद्यान मार्फत बालबालिका मैत्री पार्क निर्माणको लागि अध्ययन गरी निर्माण कार्यको थालनी गर्न पहल गरिनेछ ।

- गाउँपालिका भित्र रहेका संभावित पर्यटकीय क्षेत्रमा होम स्टे कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिने छ ।
- स्वदेशी तथा विदेशी प्रमुख पर्यटन बजारमा यस पालिकाको व्यापक प्रचार प्रसार र प्रवर्द्धन गरिनेछ ।
- सघं र प्रदेश सरकारको लगानी प्रोत्साहित गर्दै सार्वजनिक निजी सहकारी साझेदारीको अवधारणा अनुरुप आधुनिक पर्यटन पूर्वाधारको विकास, बजारीकरण र प्रर्वद्धन गरिनेछ ।
- पर्यटकीय क्षेत्रको दिगो तथा प्रभावकारी व्यवस्थापनका लागि स्थानीय समुदायसँग सहकार्य गरिनेछ ।

**२.३. उद्योग तथा बाणिज्य**

- **एक स्थानीय तह, एक औद्योगिक ग्राम** स्थापना गर्ने नेपाल सरकारको नीति अनुरुप गाउँपालिका भित्र औद्योगिक ग्राम स्थापनाको लागि भौतिक पूर्वाधारको विकास गर्न नेपाल सरकार, प्रदेश सरकार र पालिकाबाट साझेदारी गरिनेछ ।
- आय आर्जन बृद्धिको लागि सीप विकास तालिमको अवसर जुटाई उद्यमी उत्पादनमा जोड दिईनेछ ।
- घ्याङलेख गाउँपालिका क्षेत्र भित्र लघु उद्योग, घरेलु उद्योग तथा साना उद्योग स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।
- समय समयमा व्यापार, व्यवसाय मेला/महोत्सव आयोजना गरी गराई व्यापार व्यवसायको प्रवर्द्धन गर्ने कार्यको थालनी गरिनेछ ।
- सस्तो, सुलभ तथा सुपथ बजार व्यवस्थापनको साथै अनुगमनलाई तिव्रता दिइनेछ ।
- राज्यको समावेशी नीति अनुसार प्राथमिकतामा परेको जातजाति तथा समुदायलाई लघु तथा साना उद्यम व्यवसाय संचालनका लागि प्रोत्साहन गरिनेछ ।
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गरिनेछ ।
- गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि यस क्षेत्र भित्र भएका सवैखाले साधन स्रोतको संरक्षण र प्रवर्धन गरी स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगमा लगानीलाई प्राथमिकता दिईनेछ ।

- गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका व्यापार व्यवसाय र उद्योगलाई सुलभ किसिमले दर्ता तथा नियमन गरिनेछ ।
- छिमेकी स्थानीय तहहरु संगको समन्वयमा गाउँपालिकालाई तुलनात्मक रुपमा फाइदा पुग्ने उद्यम व्यवसायहरु साझेदारीमा संचालन गर्ने र गर्नकालागि उद्योगी, व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- उपलब्ध सिप, ज्ञान, प्रविधि र पूँजीलाई गाउँपालिकाको विकासमा उपयोग गरिनेछ ।
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यलाई पुर्णरुपमा अन्त्य गर्दै पालिकाको अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गरिनेछ ।
- साझेदार संस्था तथा वैदेशिक संघ संस्थावाट सहायता लिंदा गाउँ कार्यपालिकाले पहिचान गरेको प्राथमिकतालाई आधार मानी उक्त सहयोगलाई गाउँपालिकाको एकमुष्ट वजेट (Basket Fund) मा समावेश गरी सम्वन्धित क्षेत्रमानै उक्त सहयोग खर्च गरिनेछ ।
- औद्योगिक ग्राम, उद्यम व्यवसायसंग सम्वन्धित परियोजना तथा साझेदार संस्था मार्फत संचालन हुने परियोजनाको सन्दर्भमा गाउँपालिकाको प्राथमिकता अनुसार संचालन गरिनेछ।
- यस क्षेत्र भित्र परम्परागत रुपमा संचालित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन तथा स्तरोन्नती गरी गाउँपालिकाको आर्थिक विकासमा योगदान वढाईने छ ।
- अध्यक्ष, उपाध्यक्ष गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रम २०७८ लागु गरिनेछ ।
- उद्यमीहरुलाई समूह, संजालबाट उत्पादित वस्तुको प्रदर्शन, मेला, बजारीकरण गदै वार्षिक सम्मेलन गराईने छ ।

**२.४ सहकारी, गैह्र सरकारी तथा वित्तीय क्षेत्र**

- सहकारी संस्थाहरुलाई दर्ता, नियमन, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरु संग सहकार्य गरी उत्पादनमूलक कार्यक्रमको लागि लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।
- सहकारी तथा वित्तीय क्षेत्र संग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघ संस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी वनाई गाउँपालिकाको समग्र विकास प्रकृयामा सहभागी गराईनेछ।

- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको विकासमा आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।
- कोभिड-१९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालिन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था हरुलाई तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपूरक भूमिकामा परिचालन गरिने छ ।
- सहकारी संस्थाहरुको माध्यमबाट परम्परागत खेति र पशुपालन प्रणालीलाई विस्थापन गर्दै आधुनिक खेति प्रणालीबाट कृषि उत्पादन बढाउन र उन्नत पशुपालन गरी कृषकहरुको जीवनस्तर उकास्ने कार्यक्रम संचालन गर्न सहयोग गरिनेछ ।

**३. वन, वातावरण तथा विपद् व्यवस्थापन (वन तथा जैविक विविधता, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता)**

**नीति :**

**३.१. वन वातावरण तथा जलवायु परिवर्तन**

- **"सफा, सुन्दर, हरियालीयुक्त घ्याङलेख"** को अवधारणा अनुरुप यस क्षेत्रमा रहेका मुख्य मार्ग र अन्य सडकको दायाँ वायाँ सार्वजनिक बृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ ।
- जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैह्र सरकारी संस्था तथा विकास साझेदारसंग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- बालमैत्री, अपांगमैत्री, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ, हरित पालिकाको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।
- अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थासंग सहयोग तथा समन्वय गरी वन, वाताबरण, भू-संरक्षण तथा जलवायू परिवर्तन सम्वन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।

**३.२ विपद व्यवस्थापन तथा भू-संरक्षण**

- कोभिड-१९ महामारी लगायत सबै खाले महामारीको रोकथाम, नियन्त्रण र बाढी, पहिरो, आगलागी, शितलहर, चटयाङ, जंगली जनावरबाट हुने क्षति आदि जस्ता विपद्को लागि पर्यात हुने गरी कोषको व्यवस्थापन गरिनेछ ।

- विपद् व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्था संग समन्वय र सहकार्य गरिनेछ ।
- पालिकास्तरीय विपद् व्यवस्थापन कोष स्थापना गरी रकमको व्यवस्था गरिएको छ । यस कोषको अभिबृद्धिको लागि अन्य निकाय तथा गैह्र सरकारी संघ सस्था एवं शुभेच्छुकसमेतबाट साझेदारीता अभिबृद्धि गरिने छ ।
- सार्वजनिक, पर्ति तथा नदि उकास जग्गाहरुको खोजी गरी जनसहभागितामा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- विपद तथा प्रकोपबाट गाउँपालिकावासीको सुरक्षाको लागि समयमा नै प्रकोप सूचना प्रवाह तथा प्रकोपको समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाइने छ । पालिका भित्र आई पर्ने विपदको पूर्व तयारी, राहत, उद्धारका लागि प्रतिकार्य योजना तयार गरी पुनर्लाभका कार्यक्रमहरु संचालन गरिने छ ।
- विपद्का समयमा राहत वितरणका लागि न्यूनतम राहत सामाग्रीको भण्डार गर्ने व्यवस्था मिलाईनेछ ।
- अनियन्त्रित प्राकृतिक श्रोत दोहन तत्काल रोकी यसलाई प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन तथा परिक्षण गरी व्यवस्थित गर्दै लगिनेछ ।
- विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्न, वहु प्रकोप जोखिम तथा विश्लेषण तथा पार्श्वचित्र निमार्ण गरी पालिका तथा समुदाय स्तरमा विपद तथा जलवायू उत्थानशिल योजना निर्माण गरिनेछ ।
- पूर्वाधार निर्माणका विपद् जोखिम न्यूनीकरणलाई समावेश गरी कार्यान्वयन गरिनेछ ।
- खोज तथा उद्धार गर्न सक्ने, अग्नी नियन्त्रण गर्न सक्ने, प्राथमिक उपचार गर्न सक्ने, मनोसामाजिक परामर्श दिन सक्ने दक्ष जनशक्ति तयार गरिनेछ ।
- विकास निर्माणका कार्यहरु गुणस्तरिय सामाग्रीहरु प्रयोग भए नभएको, भवन आचार संहिता पालना भए नभएको, विकासका कार्य गर्दा वातावरणीय अध्ययन भए नभएको, अनुगमन गरिनेछ ।

### ३.३ फोहोरमैला व्यवस्थापन

- गाउँपालिकाको फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई समेत सहभागी गराई फोहरमैला व्यवस्थापन गरिनेछ ।

- फोहरमैलालाई स्रोतमै न्यूनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्ट्याई फोहरमैलाको व्यवस्थापन गरिनेछ ।
- फोहोरलाई उचित स्थान (Land field Side) पहिचान गरी व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।

**३.४ विपद् व्यवस्थापन**

- विपद् व्यवस्थापनको लागि विपद् पूर्वको तयारीको लागि प्रतिकार्य योजनाको तयारीको योजना निर्माण गर्ने, विपद् भएको अवस्थामा खोजतलास र उद्धार कार्य गर्ने र विपद् पश्चात प्रतिस्थापन, पुनः निर्माण र राहतको कार्यक्रम संचालन गरी ३ चरणमा विपद् व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्रमा हुने विपद्को व्यवस्थापन गर्न गाउँस्तरीय विपद् व्यवस्थापन समिति/वडास्तरीय विपद् व्यवस्थापन समिति खडा गरी सो समितिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लगाईनेछ ।
- महामारी, भूकम्प, वाढीपहिरो, हुरीवतास, चट्याङ, विद्युत सर्ट, आगलागी तथा डढेलो, जंगली जनावारबाट हुने क्षति जस्ता विपद्को बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरी चेतना अभिबृद्धि गरिनेछ ।

**४ पूर्वाधार विकास (सडक, पुल तथा यातायात व्यवस्था, झोलुंगे पुल, सिंचाई, भवन, आबास, बस्ती तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, बैकल्पिक उर्जा, सूचना तथा सञ्चार) नीतिः**

**४.१ सडक, पुल तथा यातायात व्यवस्था**

- विश्वेश्वर प्रसाद कोईराला मार्गको पिपलभन्ज्याङबाट यस गाउँपालिका जोडने मुख्य मार्गको रुपमा रहेको पिपलभन्ज्याङ- हायुटार- सोलाभन्ज्याङ सडक (२९ कि.मि.) लाई सवै पूर्वाधार भएको पक्की सडकको रुपमा विकास गर्न कमलामाई नगरपालिका समेतको सहकार्यमा पहल गर्दै सोलाभन्ज्याङ- चौकीटार बेलबोट हुदै रामपुर सम्म जाने सडक (१३ कि.मि.) लाई बाह्रै महिना विना अवरोध सवारी साधन संचालन हुने सडकको रुपमा विकास गरिनेछ।
- चालु आ.व. २०७७।०७८ मा हामीले गाउँपालिकाको गाउँ यातायात गुरुयोजना निर्माण गर्ने कार्य सम्पन्न गरी सकेका छौं। गाउँ यातायात गुरुयोजना र नेपाल सरकारको नीति अनुरुप गाउँपालिका भित्र रहेका सडकलाई "क", "ख", "ग", "घ" बर्गमा विभाजन गर्ने कार्यको

थालनी गर्दै शाखा सडकहरु ६ मिटर देखि १४ मिटर र साँघुरा सडकहरुलाई समेत कम्तीमा ४ मिटर चौडा गरिने कार्यको थालनी गरिनेछ।

- चालु आ.व. २०७७।०७८ मा प्रदेश सरकार र गाउँपालिकाको पचास पचास प्रतिशतको लागतमा खट्टार देखि अमले थलागाउँ हुदै फापरचुली सम्म सडक निर्माण (१ करोड ९६ लाख ४६ हजार लागतमा) चिलाउने पचभैया लप्से हुदै सातदोबाटो सम्म (१ करोड ९९ लाख ९८ हजार लागतमा) र रामपुर पाखुरेफेदी रामभेडे हुदै काकलिङ्ग सम्मको सडक (१ करोड ९८ लाख ८४ हजार लागतमा) सडक स्तरोन्नतीको कार्य भई रहेकोमा आगामी आ.व.२०७८।०७९ लागि समेत बागमती प्रदेश सरकारबाट सोही बमोजिम समपुरक अनुदान विनियोजन भएको र आगामी आ.व. २०७८।०७९ को लागि चन्दनपुर-सल्ले-केराबारी-गौरी-भैसे-बस्तीपुर-सातदोबाटो सम्म सडक निर्माणको लागि रु. १ करोड ३१ लाख समपुरक अनुदान प्राप्त भएकोले सोही अनुसार रकम थप गरी सडक निर्माण तथा स्तरोन्नती गरिने छ।
- चालु आ.व.मा गाउपालिका सडक यातायात गुरुयोजना (RTMP) तयार भई सकेको छ। यातायात गुरुयोजना भित्र उल्लेख भएका गाउँपालिका भित्रकासडकलाई गाउँपालिकाको बजेटपरिधि भित्र रही प्राथमिकताको आधारमा गाउँपालिकाबाट र संघ, प्रदेश र साझेदार संघ संस्थाहरु संग समन्वय गरी निर्माण, मर्मत तथा स्तरोन्नती गरिनेछ।
- आगामी आ.व.मा नेपाल सरकार र पालिकाको साझेदारीमा माटोखानी-भीमसिंहटारमा १ झोलुंगे पुल निर्माण गरिनुका साथै चालु आ.व.मा निर्माण भएका झोलुंगे पुललाई मर्मत संभार र हेरालुको व्यवस्था गरिनेछ।
- भौतिक पूर्वाधारहरु खडा गर्दा वालवालिका, महिला, अपांग र वातावरणमैत्री संरचनामा समेत विशेष जोड दिइनेछ।
- सडक क्षेत्रको विकासमा व्यापक जनसहभागिताको अपेक्षा सहित योजनाहरु संचालन गरिने छ।
- **"विकासको आधार-भौतिक पूर्वाधार"** भन्ने नारालाई मूर्त रुप दिन **लेखिने हैन, देखिने** भन्ने जनबोलीलाई यथार्थमा परिणत गर्ने उद्धेश्यका साथ आगामी ३ वर्ष भित्रमा आलोपालो सवै वडामा कम्ती १ वटा योजना पर्ने गरी छुट्टै **"गाउँ गौरब सडक योजना"** संचालन गरिनेछ।
- एकीकृत नमूना बस्तीको विकासलाई प्राथमिकतामा राखी कार्य गरिनेछ।

- निजी जग्गा जमिनमा गाउँपालिकाको लगानीमा विकास निर्माण हुने भएमा जग्गा सार्वजनिक भए गरे पछि मात्र विकासका कार्यलाई निरन्तरता दिईनेछ ।
- पालिका भित्र सवारी साधन, यातायात व्यवस्थापन कार्यक्रमलाई व्यवस्थित बनाईनेछ ।
- **"फ्रि वाईफाई जोन"** को कार्यक्रमको लागि पहल गरिनेछ ।

**४.२.सिंचाई**

- आवश्यक र संभाव्य क्षेत्र पहिचान गरी सिंचाईको व्यवस्थाको लागि योजना समावेश गरिने छ ।
- महाभारत क्षेत्रमा रहेका पानीको मुहान, झोराझोरीहरुको उचित संरक्षण तथा प्रवर्द्धन गरी सिंचाई सुविधाको प्रयोग गरिनेछ ।

**४.३ भवन तथा सहरी विकास**

- राष्ट्रिय भवन आचार संहिता तथा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन, २०७२ र चालु आ.व.मा तयार भएको गाउँपालिकाको भवन निर्माण मापदण्ड अनुसार भवन निर्माणको लागि नक्सा पास गरिने व्यवस्था मिलाईनेछ ।
- नयाँ घर निर्माणको नक्सा पास गर्दा र पुराना घरको नियमित⁄अभिलेखीकरण गर्दा कम्तीमा ***"एक घर एक विरुवा, एकघर फूल सहितको पाँच गमला"***लगाई हुर्काउनु पर्ने व्यवस्थाको थालनी गरिने छ ।
- दिगो, नतिजामूलक र दिर्घकालिन भौतिक विकासको लागि **गाउँ विकास गुरुयोजना** (Master Plan) तयार गरी आवधिक योजना बमोजिम विभिन्न क्षेत्रगत योजना तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ ।
- विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पदार्थको गाउँस्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ ।
- सडक लगायत विभिन्न भौतिक संरचनाहरुको निर्माण तथा मर्मतको संभारको लागि **मर्मत संभार कोष**को व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र संचालन हुने सबै आयोजना र कार्यक्रमहरु संचालन गर्दा स्थानीय आवश्यकता, प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप पूर्वाधार विकास हुने गरी संचालन गरिनेछ ।

- रु. ५ लाख भन्दा माथिका आयोजनाहरु संचालन गर्दा अनिवार्य रुपमा आयोजना स्थलमा योजना सम्बन्धी जानकारीमूलक सूचना पाटी राख्न लगाईनेछ । जुनसुकै आयोजनाको शुरु अवस्था, निर्माण चरणको अवस्था र निर्माण भई सके पछिको अवस्था स्पष्ट झल्कने तस्बिर र योजनाबाट लाभ लिनेहरुको उपस्थितिमा भएको योजना **सार्वजनिक परीक्षण प्रतिवेदन** (Public Audit Report) लाई भुक्तानीको अभिन्न अंग मानी त्यसैको आधारमा योजनाको भुक्तानी दिने व्यवस्था गरिनेछ ।
- खोला नाला, सार्वजनिक ऐलानी पर्ति जग्गाको अभिलेख राखी सार्वजनिक हितमा प्रयोग गरिनेछ।
- प्रत्येक बर्ष निर्माण कार्यमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने नीति लिई गुणस्तरीय विकास निर्माणमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र रहेका खानेपानी तथा सिंचाई मुहान संरक्षण गर्ने, सडकका दायाँ वायाँ वृक्षारोपण गरी सडकलाई हरित सडकको रुपमा विकास गरी गाउँपालिकालाई रमणीय तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- ढल तथा नाला निर्माणका पूर्वाधारहरुलाई स्तरोन्नति गरिने छ ।
- एकीकृत विकास योजना, आवासीय योजना, भू–उपयोग योजना तर्जुमा गरी लागू गरिने छ।
- भूकम्प प्रतिरोधात्मक घर निर्माणका लागि डकर्मीहरुलाई अनिवार्य तालिमको व्यवस्था गरिनेछ ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितात्मक विकास मार्फत गाउँपालिकाको अर्थतन्त्र सुदृढीकरण गरिनेछ ।

### ४.४. व्यवस्थित वस्ती विकास

- नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटर भन्दा कम नहुने गरी कायम गरिने छ ।
- समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गरिनुको साथै प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ । व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागु गरिनेछ ।

- एकिकृत जग्गा विकास योजना तयार गरी सो अनुसार भूमिलाई वर्गीकृत गरी आवास क्षेत्र, औद्योगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू उपयोग गर्ने नीति लिईने छ ।
- विभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचीन नामहरुको खोजी गरी तिनको पुनर्स्थापना गर्ने, आधिकारिक नामाकरण हुन वाँकी टोल, बस्ती, सडक, मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ ।
- नेपाल सरकारको सहयोगमा सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरिनेछ ।

### ४.५. संचार

- ईन्टरनेटको माध्यमबाट सबै वडा कार्यालयबाट प्रदान भएका सेवालाई गाउँपालिकासँग जोडिने छ । विद्युतीय अनुगमनको शुरुवात गरिनेछ । अनलाइन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाइने छ ।
- गाउँपालिका भित्र गाउँ पत्रकार संजाल निर्माण गर्न सहयोग गर्दै पत्रकारिता प्रशिक्षणको लागि तालिमको व्यवस्था गरिनेछ ।
- नेपाल दुरसंचार प्राधिकरणको सहयोगमा गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीहरुमा ईन्टरनेट सेवाको उपलब्धता बढाई अनलाईन सेवाको विकास गरिनेछ ।
- दुर संचार सेवा प्रदायक संस्थाहरु संग समन्वय गरी सबै वडा, गाउँबस्ती टोलहरुमा टेलिफोन, मोवाईल, ईन्टरनेट सेवाको उपलब्धता बढाउन पहल गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरुको परम्परागत रुपमा सञ्चालन भईरहेको काम कारबाहीहरुलाई चुस्त  दुरुस्त र प्रभावकारी बनाउन सूचना प्रविधिको अत्यधिक प्रयोग गर्नु पर्ने भएकाले अहिले रहेको Wireless Internet सेवालाई क्षमता बढाउन Optical Fiber जडानको लागि विशेष व्यवस्था मिलाइने छ ।
- गाउँ कार्यपालिका अर्न्तगतका शाखाहरुको सेवा प्रवाह छिटो, छरितो र गुणस्तरीय बनाउँन Software प्रणालीमा लगिने छ ।
- गाउँपालिकाले प्रयोगमा ल्याउँदै आएको बिभिन्न कम्पनीहरुको सर्भरमा रहेका Software हरुलाई गाउँपालिकामा नै सर्भर स्थापना गरेर आफ्नै स्वामित्वमा डाटा एकिकृत गरी राखिने कार्य गर्नका लागि आवश्यक व्यवस्था मिलाईने छ ।

### ४.६ विधुत तथा वैकल्पिक उर्जा

- पालिकाको सुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा प्रमुख सडक तथा चोकहरुमा बत्तीको व्यवस्था गरिनेछ ।
- वैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका सबै टोलबस्तीहरुमा राष्ट्रिय विद्युत सेवाको विस्तार गर्ने व्यवस्था मिलाइने छ ।
- एक घर एक सुधारिएको चुलो लाई अगाडि बढाइनेछ ।

**५. राष्ट्रसेवक कर्मचारी, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन(कानून, न्याय तथा सुशासन, संगठनात्मक विकास तथा मानव संशाधन, स्रोत परिचालन, तथ्यांक प्रणाली र योजना व्यवस्थापन)**

**नीतिः** स्थानीय तह गठन भएको चौथौ वर्ष पुरा गरी पाँचौ वर्ष लाग्दा हाल सम्म ऐन ९ वटा, नियमावली ३ वटा, कार्यविधि ५२ वटा, मापदण्ड ९ वटा, निर्देशिका १० वटा, आचारसंहिता ३ वटा, दिगदर्शन १ वटा समेत जम्मा ८७ वटा कानून तर्जुमा एवं स्वीकृत गरी अधिकांश राजपत्रमा प्रकाशन भई सकेका छन् भने केही प्रकाशन हुने क्रममा रहेका छन् भने संवैधानिक प्रावधान अनुरुप स्थानीय तहको एकल अधिकार र साझा अधिकारको सूचीमा रहेका विषय संग सम्वन्धित बाँकी रहेका कानूनहरु क्रमशः निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

- पालिकाको कार्य प्रकृति, कार्यबोझ र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ति आकलन सम्वन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी **"संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण"** गराई कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- नेपाल सरकारले आगामी आर्थिक वर्षमा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न निजामती, सार्वजनिक संस्थान र प्रतिष्ठानका कर्मचारीलाई १० दिनको पारिश्रमिक बराबरको रकम सहित पर्यटन काजमा उपलब्ध गराउने व्यवस्था गरे बमोजिम मापदण्ड तयार गरी पालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई पर्यटन काज उपलब्ध गराईनेछ ।
- नेपाल सरकारले व्यवस्था गरे बमोजिम गाउँपालिका मातहतमा कार्यरत कर्मचारीहरुको मनोबललाई उच्च राख्न र सार्वजनिक सेवालाई प्रभावकारी बनाउन रु. १० लाख सम्मको सामुहिक दुर्घटना वीमा र रु.१ लाख सम्मको स्वास्थ्य वीमा गरी दिने व्यवस्था मिलाईने छ ।
- राष्ट< सेवकलाई प्रदान गरिने सेवा सुविधालाई समय सापेक्ष बनाउन नेपाल सरकारले व्यवस्था गरे बमोजिम २०७८ साल श्रावण १ गते देखि लागु हुने गरी तलबमानमा मासिक रु. २ हजार थप गर्ने र हाल प्रदान गरिदै आएको महंगी भत्तालाई निरन्तरता दिईने छ।

- कार्यालयबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिने छ। नागरिक वडापत्रलाई मोवाईल एप्समार्फत हेर्न सकिने प्रविधिको विकास गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- कार्यालयको प्रशासनिक तथा भौतिक अवस्थालाई क्रमशः सुदृढ गर्दै लगिने छ ।
- वडा कार्यालयहरुको सुदृढिकरण गरी सेवा प्रवाहलाई सुदृढ गर्दै लगिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरु तथा जननिर्वाचित पदाधिकारीहरुको लागि आचार संहितालाई अद्याबधिक गर्दै व्यवहारमा नै लागु गरिने छ । सवै वडा सदस्यहरुलाई विकास निर्माण सक्रिय रुपमा सहभागी गराईनेछ ।
- सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउन टोकन प्रणाली मार्फत पहिलो प्रवेश **पहिलो सेवा प्रणाली** (First come-First service) अबलम्बन गरिनेछ ।
- पालिका अन्तर्गतका सबै कार्यालयहरु सेवाग्राही मैत्री बनाइने छ ।
- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र गलत काम गर्नेलाई कारवाहीको व्यवस्था गरिने छ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यबोझको आधारमा प्रोत्साहन भत्ता/स्थानीय भत्ताको व्यवस्था गरिनेछ ।
- पदाधिकारी एवं कर्मचारीको क्षमता विकास अभिबृद्धि र प्रोत्साहनको लागि प्रतिफल युक्त तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- पालिकाको सम्पूर्ण सेवालाई महिला, बाल र युवा मैत्री बनाउन प्रयत्न गरिने छ र सबै पालिकाबासी जनतालाई सूचनाको हक अधिकारको पुर्णरुपमा प्रत्याभुति दिलाइनेछ ।
- अन्तर गाउँ सम्वन्धको विकास गर्दै देश, विदेशका उत्कृष्ट गाउँ संग भगिनी सम्बन्ध स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।
- व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित पारदशी तथा जवाफदेहि पुर्ण बनाउन गाउँपालिका भित्र विभिन्न वस्ती/टोलहरुमा दर्ता सिविर, अभिमुखिकरण तथा गुनासो सुनुवाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता प्रक्रियालाई डिजिटलाइजेसन गर्ने कार्यको थालनी गरिनेछ ।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई बैंकिङ प्रणाली मार्फत भुक्तानी दिने गरि व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिकालाई सन २०२४ सम्म गाउँपालिका क्षेत्रभित्र दर्ता गर्नुपर्ने विभिन्न घटना विवरणहरु मध्ये जन्म र मृत्यु दर्तालाई सत प्रतिशत अभिलेखिकरण गरिनेछ ।

**६. वित्तीय व्यवस्थापन तथा सुशासन**

- राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई राजस्व वृद्धिका लागि आगामी ३ महिना भित्र राजस्व सुधार योजना तयार गरी कार्यान्वयन गरिने छ ।
- आन्तरिक स्रोतको पहिचान गरी पहिचान भएका क्षेत्र समावेश गरी आय संकलनमा बृद्धि गर्ने प्रयासको थालनी गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार, महालेखा परिक्षक, महालेखा नियन्त्रक कार्यालय तथा केन्द्रिय लेखा प्रणालीका आम्दानी तथा खर्च शिर्षकहरुमा पालिकाको आय तथा व्ययका शिर्षकहरुलाई मिलान हुने गरी योजना तथा लेखा प्रणाली संचालन गरिने छ ।
- नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार बमोजिम पालिका क्षेत्र भित्र संचालनमा रहेका व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा दस्तुर, शुल्क, कर लगाईनेछ ।
- राजस्व संकलनको प्रक्रियामा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी करको रकमलाई पारदर्शिता र विश्वसनीयताका साथ सही ठाउँमा प्रयोग गरिनेछ ।
- उत्कृष्ट करदाताहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिईनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गरिने छ । खर्चलाई नतिजासंग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिने छ ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्वयात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिबृद्धिमा जोड दिइनेछ ।
- **ॅसूचना, तपाईको अधिकार"** भन्ने नारालाई कार्यान्वयन गरी सुशासन अभिबृद्धि गरिनेछ ।
- गाउँपालिकाको सवै सूचनाहरु वेवसाईट, सामाजिक संजाल पेज, रेडियो तथा पत्र पत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाईने छ । प्रशासनिक संयन्त्रलाई चुस्तदुरुस्त र मितव्ययी बनाई क्रमशः प्रशासनिक बजेटलाई घटाउदै विकास बजेटलाई बढाउने नीति अंगिकार गरिनेछ ।

**७. बजेट निर्माण तथा कार्यान्वयन**

- गत विगत आ.व.हरुमा जस्तै आउदो आर्थिक वर्ष २०७८/०७९ को बजेट निर्माणको केन्द्र वडालाई मानिएको छ। सोही अनुसार प्रत्येक वडालाई भौगोलिक क्षेत्र र जनसंख्याको आधारमा कार्यक्रम तथा पूँजीगत बजेट विनियोजन गरिने छ भने चालु तर्फ प्रशासनिक खर्चको लागि प्रति वडा १ लाख ५० हजारका दरले बजेट विनियोजन गरिनेछ।
- जनसहभागिता अभिबृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रबर्द्धन गर्न प्राथमिकता दिइनेछ।
- गाउँबासीहरुका असिमित आवश्कता र चाहनालाई पुरा गर्नको लागि सबै वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुमा बजेट नपुग भएकोले योजनाहरुलाई एकिकृत गरी आयोजना बैंकको रुपमा राखिने र ती योजनाहरुको लागि लाग्ने थप रकम निकासाको लागि प्रदेश तथा संघीय सरकारमा माग गरिने छ।

प्रस्तुत नीति तथा कार्यक्रम लागु गर्न आगामी आर्थिक बर्ष २०७८/०७९ को लागि नेपाल सरकार, प्रदेश सरकार र विभिन्न साझेदार निकाय, संघ संस्थावाट अनुमानित बजेट रु. ३६,०७,९५,३३२।४० को बजेट सिमा प्राप्त भएको छ। यसमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व वाँफाड, सडक बोर्ड नेपाल, प्रदेश सरकारको कार्यविधि अनुसार काम गर्नु पर्ने समपुरक र विशेष अनुदान समेत समावेश गरिएकोछ। चालु आ.व. २०७७।०७८ को खर्च भई वाँकी रहने बजेटलाई छलफल पछि आ.व. २०७८।०७९को अनुमानित बजेटमा समावेश गरिनेछ। व्यय तर्फ सवै वडा कार्यालयहरु, गाउँपालिका भित्र रहेका शाखा उपशाखाहरुबाट पेश भएका र गाउँपालिका भित्र रहेका संघ संस्था एवम नागरिक समाजको माग एवं राय सल्लाह सुझावको रुपमा आएका योजना तथा कार्यक्रमहरुलाई एकिकृत योजना तर्जुमा समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुदै कार्यपालिकामा छलफल गरी प्रस्ताव गरेका योजना/कार्यक्रमहरु गाउँ सभामा विभिन्न चरणमा छलफलको लागि पेश गरिएको व्यहोरा गाउँ सभा सदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरु समक्ष जानकारी गराउदछु।

प्रस्तावित बजेटलाई गाउँपालिका, वडा कार्यालय तथा विषयगत शाखाबाट प्रभावकारी रुपमा कार्यान्वयन हुने व्यवस्था मिलाएको छु। गाउँ सभाबाट स्वीकृत भएपछि विस्तृत विवरण सहितको सर्म्पूण नीति, कार्यक्रम तथा बजेट समेटिएको गाउँ विकास योजना पुस्तिका प्रकाशन गरी सबैलाई जानकारीको लागि उपलब्ध गराइने व्यहोरा अनुरोध गर्दछु।

अन्तमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं परोक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, माननीय सांसदज्यूहरु, वडाका अध्यक्ष एवं सदस्यज्यूहरु, सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विषयगत समितिहरु, बिषयगत कार्यालय, सुरक्षा निकाय एवं सरकारी, गैर सरकारी संघ संस्थाहरु, उद्योगी

व्यवसायीहरु, नागरिक समाज, आम गाउँपालिकाबासी र गाउँसभा तयारीको लागि अहोरात्र खटिने गाउँपालिकाका सवै कर्मचारीहरु प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा समेत सवैको निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ।**

**जय घ्याङलेख ।**

दुर्गादेवी सुनुवार
उपाध्यक्ष
हायुटार, सिन्धुली

**मिति : २०७८ असार १० गते विहीबार**

# घ्याङलेख गाउँपालिकाको अनुरोध

१. शान्त, सुन्दर, सुरक्षित र सामाजिक सद्भाव युक्त घ्याङलेख गाउँपालिका निर्माणको अभियानमा सम्पूर्ण गाउँपालिकाबासी मिली सहयोग गरौं ।
२. स्वच्छ र सभ्य समाजको निर्माण गरौं ।
३. घर, आँगन, चौंक, सडक नियमित सरसफाई गर्ने बानीको विकास गरौं ।
४. घर अगाडी सडक,चौक,गल्लीमा फोहर कदापी नफालौं । घरै भित्र संकलन हुने फोहोरहरुको समेत उचित व्यवस्थापन गरौं । हरेक हप्ता आफ्नो टोलको सरसफाई गरौं ।
५. आफ्नो घर, पसल, कार्यालयबाट निस्केको फोहरलाई कुहिने र नकुहिने फोहर छुट्टयाई उचित तरिकाले व्यवस्थापन गरी गाउँपालिकालाई सहयोग गरौं ।
६. घ्याङलेख गाउँपालिकालाई पूर्ण सरसफाई युक्त बनाउन सबै एकसाथ जुटौं ।
७. सडक अनुशासन र ट्राफिक नियमको पालना गरौं ।
८. सडक र सडक पेटी अतिक्रमण गरी व्यापार व्यवशाय गर्ने, घरटहरा निर्माण गर्ने, पशु चौपाया छाडा छोड्ने र निर्माण सामाग्री थुपार्ने कार्यलाई बन्द गरी आधुनिक सभ्यताको विकास गरौं ।
९. सडकको दायाँ बायाँ वा सडक पेटीमा निर्माण सामग्री कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई निरुत्साहित गरौं ।
१०. सडक अधिकार क्षेत्रको लागि घर अगाडी छोडिएको भागमा सेफ्टी ट्याँकी लगायत कुनै संरचना निर्माण नगरौं।
११. बन्यजन्तु अवैध चोरी शिकारी नगरौं ।

# घ्याङलेख गाउँपालिकाको लोगो

## घ्याङलेख गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** घ्याङलेख गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनको निमित्त स्थानीय कर, दस्तुर, शुल्क, जरिवाना समेत सङ्कलनको प्रशासनिक गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ (१) र २२९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम घ्याङलेख गाउँपालिकाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो विद्येयक गाउँ सभाले पास गरेपछि २०७८ साल श्रावण १ गतेदेखि घ्याङलेख गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चलन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर ऱ्याफ्टिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस विद्येयक गाउँ सभाले पास गरेपछि ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो विद्येयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूचि -१**

**सम्पत्ति कर**

**आर्थिक वर्ष २०७८/०७९ को लागि सम्पत्ति मुल्याङ्कनका लागि जग्गाको मूल्याङ्कन दर रेटको सूची**

| क.स. | समुह | मूल्यांकन रु. |
|---|---|---|
| १ | अमले सिम्लेको सडक देखि १०० मिटर आसपासमा पर्ने सम्पूर्ण जग्गाहरु प्रति कठ्ठा | ८,००,०००।०० |
| २ | हायुटार, चन्दनपुर, कोल्टारको सडक देखि १०० मिटर आसपासमा पर्ने सम्पूर्ण जग्गाहरु प्रति रोपनी | १५,००,०००।०० |
| ३ | चौकीटार, बेलबोट हुदै सिम्लेखोला सम्मको सडक देखि १०० मिटर आसपासमा पर्ने सम्पूर्ण जग्गाहरु रोपनी | ८,००,०००।०० |
| ४ | रामपुर बजारको सडक देखि १०० मिटर आसपासमा पर्ने सम्पूर्ण जग्गाहरु प्रति रोपनी | १०,००,०००।०० |
| ५ | अमले क्षेत्रका सबै वडाका भित्री कच्ची सडकले छोएका जग्गाहरु प्रति कठ्ठा | ३,००,०००।०० |
| ६ | अमले क्षेत्रका कच्ची बाटोले नछोएका सबै जग्गाहरु प्रति कठ्ठा | १,००,०००।०० |
| ७ | अमले वाहेक सबै वडाका भित्री कच्ची सडकले छोएका जग्गाहरु प्रति रोपनी | ४,००,०००।०० |
| ८ | अमले क्षेत्र बाहेक अन्य क्षेत्रका कच्ची बाटोले नछोएका सबै जग्गाहरु प्रति रोपनी | १,५०,०००।०० |

## आर्थिक वर्ष २०७८/०७९ को लागि संरचना मूल्याङ्कन दर रेटको सूची

| क्र.स. | समुह | दर प्रति वर्ग फिट रु. |
|---|---|---|
| १ | सबै प्रकारका आर सि.सि. घर पक्का जोडाई छत ढलान | १५००।०० |
| २ | सबै प्रकारका पक्की, ईटा जोडाई सिमेन्टि वा टायल | ७५०।०० |
| ३ | माटोको जोडाई, सेन्टर बेराको घर, काठको घर, टिन टायल छाना | २००।०० |
| ४ | ढुङ्गा वा ईटाको पर्खाल | २००।०० |
| ५ | कच्ची घर माथिका प्रकरणमा नपरेका फुसको घरहरु प्रतिघर (एकमुष्ट) | २०,०००।०० |

### (सम्पत्ति करको लागि निर्धारण कर तालिका)

| क्र.स. | रु. देखि | रु सम्म | कर निर्धारण रु. |
|---|---|---|---|
| १ | ०१ | ४००००० | ५० |
| २ | ४००००१ | ५००००० | ७५ |
| ३ | ५००००१ | ६००००० | १०० |
| ४ | ६००००१ | ७००००० | १२५ |
| ५ | ७००००१ | ८००००० | १५० |
| ६ | ८००००१ | ९००००० | १७५ |
| ७ | ९००००१ | १०००००० | २०० |
| ८ | १००००००१ | १२००००० | २५० |
| ९ | १२०००००१ | १४००००० | ३०० |
| १० | १४०००००१ | १६००००० | ३५० |
| ११ | १६०००००१ | १८००००० | ४०० |
| १२ | १८०००००१ | २०००००० | ५०० |
| १३ | २००००००१ | २५००००० | ८०० |
| १४ | २५०००००१ | ३०००००० | ११०० |
| १५ | ३००००००१ | ३५००००० | १४०० |
| १६ | ३५०००००१ | ४०००००० | १७०० |
| १७ | ४००००००१ | ४५००००० | २१०० |
| १८ | ४५०००००१ | ५०००००० | २५०० |
| १९ | ५००००००१ | ५५००००० | ३००० |
| २० | ५५०००००१ | ६०००००० | ३५०० |
| २१ | ६००००००१ | ६५००००० | ४००० |
| २२ | ६५०००००१ | ७०००००० | ४५०० |
| २३ | ७००००००१ | ७५००००० | ५००० |
| २४ | ७५०००००१ | ८०००००० | ५५०० |
| २५ | ८००००००१ | ८५००००० | ६५०० |
| २६ | ८५०००००१ | ९०००००० | ७५०० |
| २७ | ९००००००१ | ९५००००० | ८००० |
| २८ | ९५०००००१ | १०००००००० | ८५०० |

| ५.४० | नेपाल दुर संचारको टावर निर्माण चौकीडाडां | | ३०००००।०० |
| ५.४१ | ४ नं. वडा कार्यालय भवन तल्ला थप | | ३००००००।०० |
| ५.४२ | खोलागाउं छोर्देन गुम्बा घेराबेरा | | ३०००००।०० |
| ५.४३ | बसेरी खानेपानी योजना | | ४०००००।०० |
| ५.४४ | बुद्धको मुर्ति निमाण (वडा नं १ को खट्टार ) | | ४०००००।०० |
| ५.४५ | बुद्धको मुर्ति निमाण (वडा नं २ को सात दोबाटो) | | ४०००००।०० |
| ५.४६ | बुद्धको मुर्ति निमाण (वडा नं ३ को सोलाभन्ज्यांग) | | ४०००००।०० |
| ५.४७ | बुद्धको मुर्ति निमाण (वडा नं ४ को चौकी डांडा) | | ४०००००।०० |
| ५.४८ | बुद्धको मुर्ति निमाण (वडा नं ५ को खानीखोला रमिते) | | ४०००००।०० |
| ५.४९ | एकदवार संकट व्यवस्थापन केन्द्र, सिन्धुली अस्पताल सहयोग इ=ं= | | १२५०००।०० |
| ५.५० | रामपुर बजार संरक्षण ( तारजाली ) | | २५०००००।०० |
| ५.५१ | सेफ हाउस सिन्धुली सहयोग | | ५००००।०० |
| ५.५२ | शारदा नि.मा.वि. पर्खाल निर्माण | | ५०००००।०० |
| ५.५३ | छिगी गुम्बा सिम्पाल निर्माण | | १००००००।०० |
| ५.५४ | पटबास गुम्वा स्तरोन्नती | | ५०००००।०० |
| ६ | **लक्षित वर्ग कार्यक्रम** | | |
| ६.१ | सवै जातजातिका भाषा, संस्कृति प्रवर्द्धन कार्यक्रम | | २०००००।०० |

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | खर्च व्यहोर्ने स्रोत | रकम रू. |
|---|---|---|---|
| ६.२ | आदिवासी जनजाति लक्षित कार्यक्रम | | २०००००।०० |
| ७ | **खेलकुद** | | |
| ७.१ | गाउं खेलकुद विकास समिति स्थापना सहयोग | | ५००००।०० |
| ७.२ | उत्कृष्ट खेलाडी तथा प्रशिक्षक सम्मान कार्यक्रम | | ५००००।०० |
| ८ | **तालिम गोष्ठी सेमिनार** | | |
| ८.१ | भवन निर्माण सम्वन्धि ज्यामी,डकर्मी तालिम | | ३०००००।०० |
| ८.२ | लोक सेवा तयारी कक्षा | | ३०००००।०० |
| ८.३ | महिला कानूनी अधिकार सचेतना कार्यक्रम | | ५०००००।०० |
| ८.४ | धुम्रपान, मध्यपान, लागु पदार्थ सम्वन्धी चेतनामूलक कार्यक्रम | | २५००००।०० |
| ८.५ | मेलमिलाप सहजकर्ताकर्तालाई पुनरताजगी तालिम | | २५००००।०० |
| ८.६ | योग शिविर संचालन | | १०००००।०० |
| ८.७ | सरकारी, अर्धसरकारी कार्यालय सुदृढिकरण कार्यक्रम | | ५०००००।०० |
| ९ | **स्थानीय तहको संस्थागत क्षमता मूल्यांकनको लागि गर्नु पर्ने कामका लागि** | | |
| ९.१ | ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तयारी तथा प्रकाशन | | ४०००००।०० |
| ९.२ | लैंगिक उत्तरदायी बजेट परीक्षण प्रतिवेदन | | १०००००।०० |
| ९.३ | कर्मचारी/पदाधिकारी क्षमता विकास विश्लेषण प्रतिवेदन | | १०००००।०० |
| ९.४ | जोखिम संवेदनशील भूउपयोग योजना | | ५०००००।०० |
| ९.५ | फोहरमैला व्यवस्थापन नीति | | १०००००।०० |
| ९.६ | विपद् व्यवस्थापन योजना | | ३०००००।०० |
| ९.७ | प्रदुषणस्तर मापनको लागि आवश्यक सामाग्री, प्रविधि र जनशक्ति | | १०००००।०० |
| ९.८ | वातावरण मैत्री स्थानीय नीति | | १०००००।०० |

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | खर्च व्यहोर्ने स्रोत | रकम रू. |
|---|---|---|---|
| ९.९ | स्थानीय जनसहभागिता नीति | | १०००००।०० |
| ९.१० | विभिन्न योजना/आयोजनाहरूको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय अध्ययन र विस्तृत वातावरणीय प्रतिवेदनहरू तयारी गर्ने । | | ५०००००।०० |
| ९.११ | आन्तरिक नियन्त्रण प्रणाली सर्वेक्षण तथा विश्लेषण | | १०००००।०० |
| ९.१२ | अनलाईन रजिष्ट्रेशन, विद्युतीय टोकन र कम्प्यूटर विलिङ.को लागि आवश्यक सामान खरिद गर्ने | | १०००००।०० |
| ९.१३ | शिक्षा नीति तथा योजना निर्माण | | ३०००००।०० |
| ९.१४ | स्वास्थ्य संस्थाहरूमा जनशक्ति, उपकरण र औषधि आवश्यक्ता र परिपूर्तिको अध्ययन प्रतिवेदन । | | ३०००००।०० |
| ९.१५ | गाउं कार्यपालिका कार्यालयको क्षमता विकास योजना (C D Plan)। | | ३०००००।०० |
| ९.१६ | राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन तयारी | | ३०००००।०० |
| ९.१७ | विषयगत शाखा/उपशाखा/ईकाइ एवं जनशक्तिको काम कर्तव्य, अधिकारको कार्य विवरण तयारी | | १०००००।०० |
| ९.१८ | संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण | | ३०००००।०० |
| ९.१९ | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका | | १०००००।०० |
| | **जम्मा** | | **५७७६५०००।००** |

## वडा स्तरीय योजनाहरु

**वडा नं. १**

**अनुसूची १९**

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत: आन्तरिक स्रोत | स्रोत: अन्तर सरकारी वितीय हस्तान्तरण: नेपाल सरकार | स्रोत: अन्तर सरकारी वितीय हस्तान्तरण: प्रदेश सरकार | स्रोत: राजश्व वाँडफाँट | स्रोत: अन्य निकायबाट अनुदान | स्रोत: ऋण | स्रोत: जनसहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ज्यामिरे सडक निर्माण | वडा नं. १ | | ४००००० | | | | | | | |
| २ | बाफ्रोखेत सडक निर्माण | वडा नं. १ | | ३००००० | | | | | | | |
| ३ | टुनीभन्ज्यांग गैरीटोल सडक निर्माण | वडा नं. १ | | ३००००० | | | | | | | |
| ४ | बछिउटार प्रा.वि जाने सडक निर्माण | वडा नं. १ | | ३००००० | | | | | | | |
| ५ | सुकाचुरी थलागाउं बछिउटार, डल्लु डाडां भोसे सडक मर्मत | वडा नं. १ | | १२००००० | | | | | | | |
| ६ | सुनुवार टोल सिचाई निर्माण | वडा नं. १ | | ३००००० | | | | | | | |
| ७ | फलफुल विरूवा वितरण (विभिन्न जात) | वडा नं. १ | | २५०००० | | | | | | | |
| ८ | जेहेन्दार असहाय अशक्त विद्यार्थीलाई शैक्षिक सामग्री वितरण | वडा नं. १ | | ३५०००० | | | | | | | |
| ९ | फलफुल खेतीको लागि पाईप वितरण | वडा नं. १ | | १५०००० | | | | | | | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १० | आधारभुत विद्यालय घडेरी सम्याउने टुनीभन्ज्यांग | वडा नं. १ | | ३००००० | | | | | | | |
| ११ | सुकाचुरी प्रा.वि खेलमैदान निर्माण | वडा नं. १ | | ३००००० | | | | | | | |
| १२ | खेलकुद सामग्री वितरण तथा खेलकुद कार्यक्रम संचालन | वडा नं. १ | | १००००० | | | | | | | |
| १३ | सिम्ले खानेपानी निरन्तरता | वडा नं. १ | | २००००० | | | | | | | |
| १४ | वडा कार्यालय मर्मत तथा वाईरिङ | वडा नं. १ | | २००००० | | | | | | | |
| जम्मा रू. | | | | ४६५०००० | | | | | | | |

## वडा स्तरीय योजनाहरु

**वडा नं. २**

### अनुसूची २०

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व वाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १ | बांदरे पहरा मुहान गरी केराघारी सिमल्टार सिंचाई कुलो निर्माण | | | ५००००० | | | | | | | |
| २ | घट्टामाथि सिंचाई कुलो मर्मत | | | ३००००० | | | | | | | |
| ३ | बस्तीपुर प्रा.वि घेराबेरा | | | ३००००० | | | | | | | |
| ४ | मरिण मा.वि स्टेशनरी | | | १००००० | | | | | | | |
| ५ | मुल सडक २ नं. वडा सम्मको सिंढि बाटो | | | १००००० | | | | | | | |
| ६ | चन्दनपुर फांट तल्लो कुलो मुनी खारेखोला तटबन्धन | | | ४००००० | | | | | | | |
| ७ | चालिसे बगर स्ल्याब पारिपट्टी तटबन्धन | | | ५००००० | | | | | | | |
| ८ | भैंसे देखि अंधेरी लप्से सडक मर्मत | | | ५००००० | | | | | | | |
| ९ | भैंसे बस्तीपुर थामी गाउं प्रा.विसम्म बाटो मर्मत | | | ६००००० | | | | | | | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १० | गैरी मानेभञ्ज्याङ सतल | | | ३००००० | | | | | | | |
| ११ | गैरी भञ्ज्याङ देखि गैरी मगरटोलसम्म बाटो मर्मत | | | ४००००० | | | | | | | |
| जम्मा | | | | ४०००००० | | | | | | | |

## घ्याङलेख गाउँपालिकाको अनुरोध

३१. गाउँपालिकामा तिर्नु पर्ने सर्म्पूण कर समयमै तिरेर सभ्य नागरिकको परीचय दिऊँ ।
३२. जुवा, तास खेल्ने कार्य र जांड रक्सी सेवनलाई निरुत्साहित गरौं ।
३३. २० वर्ष उमेर पुरा नभई विहाबारी नगरौं, नगराऔं ।
३४. अवैध हातहतियार(भरुवा बन्दुक) नराखौं ।
३५. अनुमति बिना रुख काट्ने, काठ र जडिबुटी ओसार पसार नगरौं ।
३६. नदिजन्य पदार्थको अवैध दोहन नगरौं .

## वडा स्तरीय योजनाहरु

**वडा नं. ३**

### अनुसूची २१

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १ | अधुरो सामुदायिक भवन निर्माण मझुवा | वडा नं. ३ | | ३५०००० | | | | | | | |
| २ | अधुरो सामुदायिक भवन निर्माण राखल | वडा नं. ३ | | ३००००० | | | | | | | |
| ३ | अधुरो रेडक्रस भवन निर्माण | वडा नं. ३ | | २५०००० | | | | | | | |
| ४ | खानेपानी पाईप तथा मोटर पम्प खरिद | वडा नं. ३ | | ४५०००० | | | | | | | |
| ५ | पेमा साङलिङ गुम्बा निर्माण | वडा नं. ३ | | ३००००० | | | | | | | |
| ६ | सोमबारे मोटरबाटो निर्माण | वडा नं. ३ | | २५०००० | | | | | | | |
| ७ | महादेवथान सिरिसे मरिणखोला सडक निर्माण | वडा नं. ३ | | २५०००० | | | | | | | |
| ८ | कत्ले सडक निर्माण | वडा नं. ३ | | २५०००० | | | | | | | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| ९ | रातु दलित वस्ती सडक निर्माण | वडा नं. ३ | | २००००० | | | | | | | |
| १० | लप्से चिहानडांडामा टस भवन निर्माण | वडा नं. ३ | | १५०००० | | | | | | | |
| ११ | वडा स्तरीय खेलकुद कार्यक्रम | वडा नं. ३ | | १००००० | | | | | | | |
| १२ | मा.वि तामाजोर तलब अनुदान | वडा नं. ३ | | ४५५००० | | | | | | | |
| १३ | प्रा.वि कोल्टार तलब अनुदान | वडा नं. ३ | | १६०००० | | | | | | | |
| १४ | सुर्योदय प्रा.वि व्यवस्थापन तथा खेलकुद कार्यक्रम | वडा नं. ३ | | ५०००० | | | | | | | |
| १५ | प्रा.वि लप्से व्यवस्थापन | वडा नं. ३ | | ५०००० | | | | | | | |
| १६ | प्रा.वि सोलाभञ्ज्याङ व्यवस्थापन | वडा नं. ३ | | ५०००० | | | | | | | |
| १७ | मा.वि तामाजोर जेहेन्दार विद्यार्थीलाई पोषाक तथा छात्रवृत्ति वितरण | वडा नं. ३ | | ७५००० | | | | | | | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १८ | तीनतले फेदीमा खेलमैदान निर्माण | वडा नं. ३ | | ३००००० | | | | | | | |
| १९ | सरस्वती प्रा.वि आरूबोट व्यवस्थापन | वडा नं. ३ | | ५०००० | | | | | | | |
| २० | केराबारी सडक निर्माण | वडा नं. ३ | | ४००००० | | | | | | | |
| २१ | अतिरिक्त हुलाक कार्यालय व्यवस्थापन | वडा नं. ३ | | ५०००० | | | | | | | |
| २२ | सिंचाई पाईप खरिद | वडा नं. ३ | | २००००० | | | | | | | |
| जम्मा | | | | ४६९०००० | | | | | | | |

## वडा स्तरीय योजनाहरु

### वडा नं. ४

### अनुसूची २२

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १ | जेहेन्दार असहाय अशक्त विद्यार्थीलाई शैक्षिक सामग्री वितरण | वडा नं. ४ | | २०००००।०० | | | | | | | |
| २ | मा.वि गोपे खेल मैदान निर्माण | वडा नं. ४ | | ३०००००।०० | | | | | | | |
| ३ | गोठडांडा खा.पा निर्माण | वडा नं. ४ | | ५०००००।०० | | | | | | | |
| ४ | वडा स्तरीय खानेपानी पाईप खरिद | वडा नं. ४ | | २०००००।०० | | | | | | | |
| ५ | नेत्रकाली सम्पूर्ण सडक मर्मत | वडा नं. ४ | | ७०००००।०० | | | | | | | |
| ६ | रामभेडा पिङभञ्ज्याङ बन्दिपुर सडक मर्मत तथा निर्माण | वडा नं. ४ | | १६०००००।०० | | | | | | | |
| ७ | कुंडुले भोटथुम स्याउरी डांडा सडक स्तरोन्नती | वडा नं. ४ | | ५०००००।०० | | | | | | | |
| ८ | डोठे पुच्छार टोल पावरहाउस सम्म सडक निर्माण | वडा नं. ४ | | ४०००००।०० | | | | | | | |
| ९ | तीनघरे मझुवा सडक मर्मत तथा निर्माण | वडा नं. ४ | | ४०००००।०० | | | | | | | |
| १० | बन्दिपुर मगर डांडा महिला भवन सम्म सडक निर्माण | वडा नं. ४ | | ५०००००।०० | | | | | | | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १२ | मा.वि गोपे देखि गोपे फेदीसम्म सडक स्तरोन्नती | वडा नं. ४ | | ७०००००।०० | | | | | | | |
| १३ | भैंसेफांट काली दोभान तटबन्धन निर्माण | वडा नं. ४ | | ५०००००।०० | | | | | | | |
| १४ | सिम ह्यूटार सिंचाई मर्मत (वडा नं. ४) | वडा नं. ४ | | ५०००००।०० | | | | | | | |
| १५ | बोक्से पम्पसेट खरिद | वडा नं. ४ | | २०००००।०० | | | | | | | |
| १६ | मा.वि. गोपे स्तुपा | वडा नं. ४ | | २०००००।०० | | | | | | | |
| १७ | भैंसे रामपुर सडक स्तरोन्नती | वडा नं. ४ | | २०००००।०० | | | | | | | |
| १८ | कमलामाई मन्दिर निर्माण, कालीखोला | वडा नं. ४ | | १०००००।०० | | | | | | | |
| १९ | भिमसेन मन्दिर निर्माण ज्यामिरेडाडा | वडा नं. ४ | | २०००००।०० | | | | | | | |
| जम्मा | | | | ७९०००००।०० | | | | | | | |

## वडा स्तरीय योजनाहरु

**वडा नं. ५**

**अनुसूची २३**

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व वाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १ | तारजाली खरिद | वडा नं. ५ | | ५००००० | | | | | | | |
| २ | भिमसेन थान मन्दिर निर्माण ठाकुर थान | | | २५०००० | | | | | | | |
| ३ | रातु राङ्चा सत्तल निर्माण | | | ४००००० | | | | | | | |
| ४ | रातु बुदुमचुली मोटरबाटो स्तरोन्नती | | | ४००००० | | | | | | | |
| ५ | सिंपाल सत्तल निर्माण | | | ३००००० | | | | | | | |
| ६ | ठाकुरथान पहरिलेख मोटरबाटो स्तरोन्नती | | | ४००००० | | | | | | | |
| ७ | रानागाउं अधुरो सडक निर्माण | | | ४००००० | | | | | | | |
| ८ | पाखुरेफेदी देविथान अधुरो सडक निर्माण | | | ३००००० | | | | | | | |
| ९ | घट्टेसौंरा बाघडांडा पाक्तुङडांडा हुँदै रामपुरडांडा अधुरो सडक निर्माण | | | ३००००० | | | | | | | |
| १० | चौतारा खानेपानी निर्माण तथा पाईप खरिद | | | १००००० | | | | | | | |
| ११ | बिमिरे सिंचाई तथा खानेपानी योजना | | | १५०००० | | | | | | | |
| १२ | पेमाछ्योइलिङ गुम्बा निर्माण | | | ४००००० | | | | | | | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| १३ | घट्टेसौरा सिंचाई योजना | | | ५0000 | | | | | | | |
| १४ | महेन्द्रोदय प्रा.वि मेसिनरिवाल तथा घेराबारा | | | ३५0000 | | | | | | | |
| १५ | गोठडांडा आधारभूत विद्यालय अधुरो मेशिनरी वाल निर्माण चैनपुर | | | ३00000 | | | | | | | |
| १६ | बेसिटोल माटो खानी बगरटोल अधुरो सडक निर्माण | | | ३00000 | | | | | | | |
| १७ | दारी गांउ मोटरबाटो निर्माण | | | ३00000 | | | | | | | |
| १८ | रातु साईटार मोटरबाटो निर्माण | | | ५00000 | | | | | | | |
| १९ | बुदुमचुली विद्यालय कार्यालय व्यवस्थापन | | | १00000 | | | | | | | |
| २० | काल्फोल्दुङ हात्तिआहाल राङ्चा अधुरो सडक निर्माण | | | ३00000 | | | | | | | |
| २१ | शान्तेश्वरी प्रा.वि अधुरो घेराबेरा | | | १00000 | | | | | | | |
| २२ | ओदाले खानेपानी ट्यांकी निर्माण | | | २00000 | | | | | | | |
| २३ | भानु प्रा. वि. मा मेशिनरी वाल निर्माण | | | ३00000 | | | | | | | |
| जम्मा | | | | ६७00000 | | | | | | | |

# घ्याङलेख गाउँपालिका

## हायुटार, सिन्धुली

## आर्थिक वर्ष २०७८।०७९ को लागि आ.व. २०७७।०७८ को सरी आउने क्रमागत योजना तथा कार्यक्रमहरू

## अनुसूची २४

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | रकम रू. |
|---|---|---|
| १ | खट्टार देखि अमले थलागाउं हुदै फापरचुली सम्म सडक निर्माण क्रमागत | १८५५३३३।०० |
| २ | चिलाउने पचभैया लप्से हुदै सातदोबाटो सम्म सडक निर्माण क्रमागत | ६००३२५०।०० |
| ३ | रामपुर पाखुरे रामभेडे हुदै काकलिङ सम्म सडक निर्माण क्रमागत | ४२२८०४२।०० |
| ४ | ३ नं. वडा कार्यालय भवन निर्माण (बहुबर्षिय योजना) | ४००००००।०० |
| ५ | ५ नं. वडा कार्यालय भवन निर्माण (बहुबर्षिय योजना) | ४३०००००।०० |
| ६ | सीताराम थापा स्मृति भवन निर्माण (वडा नं. १ क्रमागत) | ६५०००००।०० |
| ७ | देवीथान डाडां मन्दिर निर्माण (वडा नं. १ क्रमागत) | ५०००००।०० |
| ८ | डोठे, खट्टार, बन्दिपुर बुक्ती पटबास सडक मर्मत (वडा नं. १ क्रमागत) | ३०००००।०० |
| ९ | शहिद कोकिल स्याङतान स्मृति भवन निर्माण वडा नं. ४ (क्रमागत) | २०३१६९।०० |
| | जम्मा | २२०३९७९४।०० |

## घ्याङलेख गाउँपालिकाको अनुरोध

१. शान्त, सुन्दर, सुरक्षित र सामाजिक सद्भाव युक्त घ्याङलेख गाउँपालिका निर्माणको अभियानमा सम्पूर्ण गाउँपालिकाबासी मिली सहयोग गरौं ।
२. स्वच्छ र सभ्य समाजको निर्माण गरौं ।
३. घर, आँगन, चौक, सडक नियमित सरसफाई गर्ने बानीको विकास गरौं ।
४. घर अगाडी सडक,चौक,गल्लीमा फोहर कदापी नफालौं । घरै भित्र संकलन हुने फोहोरहरुको समेत उचित व्यवस्थापन गरौं । हरेक हप्ता आफ्नो टोलको सरसफाई गरौं ।
५. आफ्नो घर, पसल, कार्यालयबाट निस्केको फोहरलाई कुहिने र नकुहिने फोहर छुट्टयाई उचित तरिकाले व्यवस्थापन गरी गाउँपालिकालाई सहयोग गरौं ।
६. घ्याङलेख गाउँपालिकालाई पूर्ण सरसफाई युक्त बनाउन सबै एकसाथ जुटौं ।

# विगत ४ वर्षका उपलब्धि र अवको कार्यदिशा



✍ **राम कुमार कार्की**
प्रमुख प्रशासकीय अधिकृत

२०५९ साल पछि लामो समय स्थानीय निकायहरु जनप्रतिनिधि विहीन अवस्थामा रहे । झण्डै १५/१६ वर्ष सम्म सिमित कर्मचारीहरुबाट स्थानीय निकायहरु (गा.वि.स, नगरपालिका) र जिल्ला विकास समिति संचालन भयो जसका कारण विकास निर्माणका कामहरु सोचे अनुरुप हुन सकेन । बर्तमान नेपालको संविधान (२०७२) जारी भई राज्यको पुन: संरचना भए पश्चात २०७४ साल फाल्गुण २७ गते स्थानीय तह गठन भई २०७४ साल बैशाखमा स्थानीय तहको निर्वाचन भयो । निर्वाचन सम्पन्न भई जनप्रतिनिधि बहाल भएको पनि ४ वर्ष पुगेर ५ वर्षको पनि करिब करिब अन्तिम समयमा आई पुगेको छ । यस अबधिमा हरेक स्थानीय तहमा जनआकांक्षा अनुरुप तर्जुमा भएका योजना तथा कार्यक्रमहरु के कति भए सम्पन्न भए भनी सर्बसाधारण लगायत सरोकारवाला सबैको चासोको विषय बनेको छ जुन स्वभाविक पनि हो । यस बारे सबैलाई जानकारी दिनु सम्बन्धीत निकाय र पदाधिकारीको दायित्व हो । तसर्थ यस घ्याङलेख गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको बहाली पश्चात भएका मुख्य मुख्य उपलब्धिहरु सम्वन्धित सबैको जानकारीका यहाँ उल्लेख गरिएको छ ।

भौगोलिक कठिनाई, सिमित वित्तीय स्रोत साधन, पर्याप्त कर्मचारीको अभावका बाबजुद पनि हामीले यस अबधिमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सफल भएका छौं । यी उपब्धिहरुलाई क्षेत्रगत रुपमा संक्षेपिकरणमा तल उल्लेख गरिएको छ ।

**क) पूर्वाधार विकास (सडक, पुल तथा यातायात व्यवस्था, झोलुंगे पुल, सिंचाई, भवन,आबास, बस्ती तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, बैकल्पिक उर्जा, सूचना तथा सञ्चार) :** आर्थिक वर्ष २०७४।०७५ देखि २०७६।०७७ सम्मका ३ आ.व.हरुमा तत्काल आवश्यक सानातिना विकास निर्माणका योजना तथा कार्यक्रमहरु सम्पन्न भए बाहेक ४८७ कि.मि. नयाँ बाटोको ट्र्याक खोलिएको छ । यसैगरी ८.४८ कि.मि.ग्राभेल बाटो, २ वटा झोलुंगे पुल, १०४३ घरपरिवारलाई खानेपानी सुविधा, ३.६३ कि.मि. ढल निर्माण, ३७८० घन मिटरको तटवन्धन लगाउने कार्य, २७ वटा सिंचाई योजना, ६ वटा बैकल्पिक उर्जाका कार्यक्रम, ३० कि.मि. राष्ट्रिय विद्युत प्रसारण लाईन विस्तार, नयाँ विद्यालय भवन निर्माण, ११ वटा विद्यालयमा ३ ओटा WASH सुविधा सहितको शौचालय, २ ओटा विद्यालयमा नमूना घेरावार निर्माण, २० वटा भवन मर्मत, १३ वटा भवन निर्माणका काम सम्पन्न भएका छन् । चालु आ.व. २०७७।०७८ मा विकासका लागि महत्वपूर्ण आधार मानिएका केही सडकहरु र गाउँपालिकाको प्रशासकीय भवन, १० शैयाको अस्पतालको विस्तृत योजना प्रतिवेदन (DPR) तयारी, गाउँपालिकाको बस्तुगत विबरण (Digital Profile), गाउँ यातायात गुरुयोजना (RTMP), पंच बर्षिय आबधिक योजना तथा मध्यमकालीन खर्च संरचना प्रतिवेदन तयार भएका छन् । गत आ.व. २०७७।०७८ मा सडक निर्माण तर्फ आर. सि. सि. ढलान बाटो ९० मिटर, सडक चौडाई गर्ने काम १८.४२ कि.मि., सडक सोलिङ गर्ने कार्य ३.४७ कि.मि., सडकमा मेशिनरी वाल लगाउने कार्य १.३१ कि.मि., सडक ग्राबेल गर्ने कार्य २.२२ कि.मि., पक्की नाला ३३५५ मिटर, कच्ची नाला २२७४७ मिटर, नयाँ सडक निर्माण २०.८६ कि.मि., सडक मर्मत ५०.६२ कि.मि., तार जाली लगाउने कार्य ३९७५.१२ घनमिटर, खानेपानी सिंचाईका लागि पाईप जोड्ने काम १३४६५ मिटर, २३ वटा भवन निर्माण, ५ ठाउँमा भवनका कम्पाउण्डवालहरु जस्ता भौतिक पूर्वाधारका निर्माण कार्य सम्पन्न भएका छन् । साथै यस पालिकामा पहिलो पटक **सडक बोर्ड, नेपाल** र गाउँपालिकाको अनुदान समेतबाट स्वास्थ्य चौकी देखि गाउँ कार्यपालिका जाने बाटो र हायुटार चोक देखि एस वि आई हुँदै च्युरीबास जाने बाटोको स्तरोन्नतीको कार्य समेत भएको छ । यसै गरी संघीय सरकार र बागमती प्रदेश सरकारको समपुरक र विषेश अनुदान र गाउँपालिकाको समपुरक कोषबाट योजना कार्यान्वयन हुने गरी ४ वटा दुई करोड र सो माथि लागत अनुमान भएका ठुला सडक योजनाहरु समेत आर्थिक वर्ष २०७७।०७८ देखि निरन्तर रुपमा ३ आ.व. मा निर्माण गर्ने गरी योजना कार्यान्वयन भई रहेका छन् भने चालु आ.व.मा संघीय सरकारको विषेश अनुदानमा हायुटारमा नागरिक हेरचाह केन्द्र (सेफ हाउस) र बस्तीपुर स्वास्थ्य चौकीको कम्पाउण्ड भित्र बर्थिङ सेन्टर निर्माण कार्य अगाडी बढेको छ ।

**ख) सामाजिक विकास : ( शिक्षा, स्वास्थ्य तथा पोषण, विज्ञान तथा प्रविधि, युवा, खेलकुद, खानेपानी तथा सरसफाई, सांस्कृतिक प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशिकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक) :** संघीय सरकारका सशर्त कार्यक्रम बाहेक गाउँपालिकाको सिमित स्रोत साधनबाट शिक्षक अभावलाई गाउँपालिका अनुदान मार्फत (शिक्षक) व्यवस्थापन र विद्यालयको आवश्यकतालाई मध्यनजर गरी गुणस्तरीय शिक्षाको प्रतिस्पर्धा रहेको वर्तमान युगमा आधारभूत शिक्षा समेतबाट वञ्चित रहेको अवस्थालाई मनन गरी २ ओटा विद्यालय स्थापना साथै केही विद्यालयहरुमा शिक्षकको थप व्यवस्थापन गरी अध्ययन अध्यापन व्यवस्थापन गरिएको छ । सवै विद्यालयमा स्थानीय खानेकुरा प्रवर्द्धन गर्दै स्थानीय परिवेशमा पाईने दिवा खाजाको रुपमा सवै विद्यालयले दिवा खाजा को सुनिश्चिता गरी व्यवस्थापन गरेका छन् ।

स्वास्थ्य सेवा तर्फ पहिले रहेका ५ वटा स्वास्थ्य चौकीहरुबाट दिईने स्वास्थ सेवा बाहेक भौगोलिक हिसाबले कठिन बस्तीहरुमा स्वास्थ्य सेवा सहज रुपमा प्राप्त होस भन्ने उद्धेश्यका साथ प्रत्येक वडामा १/१ गरी ५ ठाउँमा गाउँ स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ सेवा प्रदान भई रहेको छ । नेपाल सरकारले कोभिड संक्रमणको समयमा ३ महिनाको लागि मात्र रकम उपलब्ध गराएर संचालन गरिएको ५ शैयाको डाक्टर, स्टाफ नर्स सहितको अस्थायी अस्पताललाई गाउँपालिकाको सिमित स्रोत साधनका बाबजुद पनि निरन्तर रुपमा संचालन गरी रहेका छौ । स्वास्थ्य जाँचका लागि ल्याबको स्थापना गरिएको छ भने महिला स्वास्थ्य स्वयम सेविकाको प्रोत्साहन भत्तालाई साविकको रकममा बृद्धि गरी रु. ३०००।- उपलब्ध गराउने व्यवस्था मिलाईएको छ। यसै गरी गाउँपालिकाले गर्भबती सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउदै आएको छ ।

खानेपानी तथा सरसफाईका क्षेत्रमा नेपाल स्वास्थ्यका लागि पानी (नेवा) जस्ता संस्थाको सहकार्य र गाउँपालिकाको आफ्नै लगानीबाट खानेपानी सेवा विस्तार गरिएको छ। यसै गरी भाषा, संस्कृतिको विकास, लैंगिक समानता तथा समावेशीकरण, युवा तथा खेलकुदका क्षेत्रमा विभिन्न तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया गोष्ठी  तथा भुगोल सुहाउँदो खेलकुदहरु संचालन गरी सुदृढिकरण तर्फ लैजाने प्रयासको थालनी गरिएको छ । सामाजिक सुरक्षा तथा संरक्षण तर्फ सिमान्तकृत तथा अपांगता भएका व्यक्तिहरुका लागि स्थानीय स्तरमा नै शिविर व्यवस्थापन गरी सहज तरिकाले परिचय पत्र वितरणको व्यवस्था गरी सामाजिक सुरक्षा भत्ता  उपलब्ध गराईने व्यवस्था मिलाईएको छ भने गत आ.व. २०७६।०७७ सम्म सामाजिक सरक्षा भत्ता नगदमा वितरण गरिदै आएकोमा नेपाल सरकारको नीति अनुरुप आ. व. २०७७।०७८ को शुरु चौमासिक देखि नै बैकिङ प्रणालीबाट मात्र वितरण हुने व्यवस्था मिलाईएको छ ।

**ग) आर्थिक विकास (कृषि तथा पशुपन्छी, सिंचाइ, उद्योग तथा वाणिज्य,संस्कृति तथा पर्यटन,श्रम तथा रोजगारी, सहकारी र वित्तीय क्षेत्र):** यस गाउँपालिका भित्रको खेति प्रणाली परम्परागत खेती प्रणालीमा आधारित रहेकोमा हाल आएर आधुनिक खेति तर्फ उन्मुख हुदै गई रहेको छ  भने उन्नत जातका पशुपालन तर्फ किसानहरु आकर्षित भई रहेका छन् । सिंचाई सुबिधाको लागि कुलोहरुको निर्माण भएको छ । कृषि विकास र पशु सेवाका लागि कृषि प्रसार कार्यक्रम अन्तर्गत समय समयमा तालिम गोष्ठी, एकिकृत शत्रुजिव व्यवस्थापन (आई.पि.एम कृषक पाठशाला) आयोजना, उन्नत खेतिपातीका लागि किटनाशक औषधि, हाते टयाक्टर, प्लास्टिक टनेला, उन्नत विउँविजन वितरण, उन्नत जातको घाँसको वीउ वितरण, पशु उपचार सेवा, पशु औषधि वितरण, कुखुराका चल्ला, सुगुंरका पाठा वितरण गरिएको छ । त्यस्तै पशुपालन गरी रहेका किसानहरुलाई चप कटर वितरण र समय समयमा घुम्ती सेवाको आयोजना गरी सहयोगका कार्यक्रम संचालन गरिएको छ । आ.व २०७८/०७९ देखि किसान सूचिकरण कार्यको थलानी गरी किसान वर्गीकरणको आधारमा संघ, प्रदेश तथा स्थानीय तहबाट विनियोजित कृषि तथा पशू शाखा तर्फको कार्यक्रमहरु संचालन गर्ने रणनीति अंगालेको छ। यसै गरी समय समयमा अमेरिकन फौजी किरा, सलह किरा र विभिन्न महामारीजन्य रोगहरुले गर्दा किसानहरुले समस्या भ्फेली रहेको अवस्थालाई मध्यनजर गर्दै यसै आ.व. देखि आकस्मिक बाली संरक्षण कार्यक्रम संग संगै प्रत्येक वडामा बाली उपचार शिविर संचालन गर्ने कार्यक्रम रहेको छ । त्यसै गरी माटोको उर्वर शक्ति वृद्धि गर्ने कार्यक्रम अन्तर्गत माटो परीक्षण गरी आवश्यकत्ता अनुसार माटोको पि.एच लेबल उत्पादकत्वयूक्त बनाउन यसै आ.व देखि कृषि चुन सिफारिस गरी किसानहरुलाई उत्पादनमुखी, आत्मनिर्भर र स्वरोजगार बन्न तर्फ अभिप्रेरित गर्ने लक्ष्य लिएको छ ।

गाउँपालिका भित्र बढ्दै गईरहेको सानातिना व्यापार व्यवसाय र साना उद्योगको स्थापनाले उद्योग बाणिज्यको क्षेत्रमा दिन प्रति दिन बढोत्तरी हुदै गएको छ । गत आ.व. २०७७।०७८ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु संचालन गरी युवा स्वरोजगार कार्यक्रमको थालनी पूर्वाधारका रुपमा रहेको बाटोघाटोको स्तरोन्नती गरिएको छ । गत आ.व.मा नै डिभिजन

सहकारी कार्यालयमा दर्ता भई अभिलेखमा नरहेका सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापन गरी सूचीकृतको कार्य थालनी गरी सहकारी संस्थालाई सुदृढिकरण गर्ने कार्यको थालनी गरिएको छ।

यसै गरी पर्यटन विकासका लागि फापरचुलीमा भ्यू टावरको निर्माण यसै वर्ष सम्पन्न हुने गरी कार्य अगाडी बढाईएको छ भने सास्कृतिक, धार्मिक र भौगोलिक रुपले पर्यटनको महत्पूर्ण मानिएका क्षेत्रहरु पहिचान गरी आन्तरिक तथा वाहय पर्यटनको विकासका लागि प्रचार प्रसार गरी पर्यटन विकासको पूर्वाधार तयार गर्ने कार्यको थालनी गरिएको छ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन (वन तथा जैविक विविधता, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता):** महाभारतको काखमा रहेको यो गाउँपालिका भौ गोलिक हिसाबले प्रकृतिको बरदान कै रुपमा रहेको छ। हराभरा प्रकृतिले सुन्दर मनमोहक, पर्याप्त वन क्षेत्र रहेको यस क्षेत्रमा रहेका सामुदायिक वन तथा कबुलियती वनहरुको संरक्षणले वातावरण संरक्षणमा उल्लेखनीय योगदान पुगेको छ । विश्वभर फै लिएको कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रणको लागि विगत २०७६ चैत्र ११ गते देखि भएका निषेधाज्ञ (बन्दाबन्दी) लाई गाउँपालिकाले पूर्ण रुपले पालन गरी कोरोना रोकथामका लागि संचार माध्यमबाट जनचेतना जगाउने सन्देशहरुको प्रसारण, विद्यालय मार्फत विपत्त न्यूनीकरणका लागि सचेत पार्ने, पि सि आर, एन्टिजिन प्रविधिबाट कोरोना परीक्षण, मास्क, सेनिटाईजर, साबुन वितरण, सबै वडा २०।२० बेडको क्वारेन्टन्टाईन निर्माण तथा संचालन, कोरोना भाईरसको महामारीका कारण रोजगारी गुमाएका परिबारहरुको पहिचान गरी राहत वितरण गर्ने कार्य समेत गरिएको छ । दोस्रो पटक फैलिएको नोवेल कोरोना भाईरस संक्रमण समय अवधि भर नागरिकको स्वास्थ सेवालाई सहज रुपमा उपलब्ध होस भनी गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष्यज्यूले प्रयोग गर्ने सवारी साधन (जीप) सर्बसाधारणको स्वास्थ्य उपचारको आवत जावतलाई उपलब्ध गराई नमूनाको रुपमा नै कार्य भएको थियो । अन्य विपद व्यवस्थापन तर्फ आगलागी, पहिरो, हावाहुरी, चटयांङ, जंगली जनावरबाट क्षति पुगेका पीडितहरुलाई कार्यविधि अनुसार नियमित रुपमा राहत वितरण कार्य गरिएको छ । फोहरमैला व्यवस्थापनको लागि समयमा स्थानीय नागरिक, टोल विकास संस्था, शिक्षक, कर्मचारी र स्थानीय संघ, संस्था, राजनीतिक दलका प्रतिनिधि समेतको सहयोगमा गाउँ टोल सरसफाईको थालनी गरिएको छ । विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलताको लागि भई रहेका कार्य बाहेक पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी सोही अनुसार गर्ने कार्यको थालनी गरिएको छ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन (कानून, न्याय तथा सुशासन, संगठनात्मक विकास तथा मानव संशाधन, स्रोत परिचालन, तथ्यांक प्रणाली र योजना व्यवस्थापन) :** गाउँपालिका र मातहतका कार्यालयहरुमा अधिकतम मितव्ययित अपनाउँदै वित्तीय अनुशासन कायम गर्ने कार्यको थालनी गरिएको छ । सुशासनको लागि पारदर्शिता अपनाई समय समयमा गाउँपालिकाबाट भएका गतिविधिहरुको बारेमा पत्रपत्रिका, रेडियो तथा सामाजिक संजालहरु, वेवसाईट र सार्वजनिक सुनुवाईका माध्यमबाट सवैमा जानकारीको लागि प्रकाशन, प्रशारण तथा सम्प्रेषण गरिएको छ । पालिकाका ५ वटै वडाहरुमा कार्यालय व्यवस्थापन गरी वडाहरुबाट सबै प्रकारका सेवा प्रवाह भई रहेको छ भने केही सेवालाई अनलाईनमा आवद्ध गरिएको छ । ५ वटै वडाहरुको ईन्टरनेटलाई भरपर्दो बनाई अनलाईन सेवा र जुम बैठकको थालनी गरिएको छ । सवै विषयगत कार्यालयहरुको व्यवस्थापन समेत गरी कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिबृद्धि गरिएको र आगामी दिनमा समेत यी कार्यहरुलाई निरन्तरता दिईने कार्यक्रम रहेको छ। छिटो, छरितो र अनुभूतियोग्य सेवा प्रवाहको लागि टोकन प्रणालीको व्यवस्था गरिएको छ। जनसमुदायलाई न्यायको पहुँच पुऱ्याउन न्यायिक समितिको इजलासको स्थापना, प्रत्येक वडामा मेलमिलाप केन्द्र र मेलमिलाप कर्ताको व्यवस्था गरिएको छ। न्यायिक समिति तर्फ पर्न आएका उजुरीका निवेदन तोकिएको समय भित्र नै छलफल तथा मेलमिलापको माध्यमबाट शत प्रतिशत विवाद समाधान गरिएको छ।

## अबको कार्यदिशा

निर्वाचन भएको चौथो वर्षसम्म भए गरेका संक्षिप्त क्षेत्रगत उपलब्धिहरु माथि उल्लेख गरिएको छ भने चालु पाँचौ आर्थिक वर्षका लागि तय भएको आ.व.को नीति, कार्यक्रम र बार्षिक बजेटको सफल कार्यान्वयन नै अबको मुख्य कार्यभार रहेको छ । जसबाट पाँचै वर्षको उपलब्धिको यथार्थ विवरण आउने नै छ । यसबाट घ्यालेखको मौलिक पहिचान अन्तर्गत रहेर महाभारतलाई पदमार्गको रुपमा विकास गरी पर्यटकीय क्षेत्रको रुपमा संस्थागत विकास, भौतिक पूर्वाधार, आर्थिक, सामाविजक विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनमा थप सुदृढिकरण हुने छ भने मुख्य गरी गाउँपालिका भरी सडक विस्तार, स्तरोन्नती भई सम्पूर्ण गाउँपालिका क्षेत्र भित्र सडक सन्जाल विस्तार भई सबै टोल, बस्तीबस्तीहरुमा समेत सडक सुविधा पुगेको हुनेछ ।

सामाजिक विकास तर्फ सवै विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि हुने नेपाल दुरसंचार प्राधिकरण संग ईन्टरनेट विस्तारका लागि सम्झौता भई सकेको हुँदा गाउँपालिका कार्यालय, वडा कार्यालयहरु र सबै सामुदायिक विद्यालयहरुमा निकट भविष्यमा सोको विस्तार हुने छ । प्राविधिक तथा वहुमुखी क्याम्पसको स्थापना भइ यस क्षेत्रमा विविध विधाको ज्ञान र सीप भएका नागरिक उत्पादन भई स्थानीय तथा राष्ट्रिय स्तरमा योग्दान पुऱ्याउनुका साथै स्वास्थ्य, कृषि विकास, पशु विकास लगायत विविध क्रियाकलापको सुदृढिकरण समेत हुनेछ । माथि उल्लेखित सबै विषयगत क्षेत्रको मात्रात्मक तथा गुणात्मक विकास गरी यहाँका नागरिकहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण सहित दिगोपन सुनिश्चित गर्नु अव हाम्रो मुल कार्यसूची अन्तर्गत राखी चालु आर्थिक वर्ष भित्रै नेपाल सरकार र बागमती प्रदेश सरकारको सहयोग र सहकार्यमा पिपलभन्ज्यांग-हायुटार सोलाभन्ज्याङ सडकको स्तरोन्नती गरी सहज रुपमा यातायात संचालन हुनेछ । पालिका भित्र नेपाल विद्युत प्राधिकरणको सहकार्यमा संचालन भई रहेका राष्ट्रिय विद्युतिकरण प्रशारणका योजनाहरु यसै वर्ष शत प्रतिशत सम्पन्न भई उज्यालो घ्याङलेख हुने अपेक्षा राखिएको छ । निकट भविष्यमा नै नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको समेत सहकार्यमा विस्तृत योजना प्रतिवेदन (DPR) अनुसार १० शैयाको अस्पताल र गाउँपालिकाको मुख्य प्रशासनिक भवन समेतको निर्माण, सबै वडाको पक्की वडा कार्यालय भवन समेत निर्माण भई सेवा प्रवाहमा सुगमता आउने समेत लक्ष्य लिईएको छ । यी अपेक्षाको सफल कार्यान्वयन भई चालु आ.व.लागि लिईएका नीति कार्यक्रममा उल्लेख भएको **दीर्घकालिन सोच : स्वास्थ्य समाज, गुणस्तरीय शिक्षा, कृषि र दिगो पूर्वाधारको विकास गरी शान्त, सुन्दर र सम्वृद्ध गाउँपालिकाको निर्माण गर्ने, लक्ष्यहरु :** शिक्षा, स्वास्थ्यको विकास, कृषि उत्पादनमा आत्मनिर्भरता, रोजगारी अवसरको सिर्जना र दिगो पूर्वाधारको विकास गरी नागरिकको जीवनस्तर बढाउने र नीति कार्यक्रममा उल्लेखित उद्धेश्य पुरा भई **"शान्त, सुन्दर, सम्बृद्ध घ्याङलेख"** को लक्ष्य प्राप्तीको अपेक्षा गर्न सकिन्छ ।

## घ्याङलेख गाउँपालिकाको अनुरोध

७. सडक अनुशासन र ट्राफिक नियमको पालना गरौं ।
८. सडक र सडक पेटी अतिक्रमण गरी व्यापार व्यवशाय गर्ने, घरटहरा निर्माण गर्ने, पशु चौपाया छाडा छोड्ने र निर्माण सामाग्री थुपार्ने कार्यलाई बन्द गरी आधुनिक सभ्यताको विकास गरौं ।
९. सडकको दायाँ बायाँ वा सडक पेटीमा निर्माण सामग्री कदापि नराखौं । मापदण्ड मिचेर गरिने निर्माण कार्यलाई निरुत्साहित गरौं ।
१०. सडक अधिकार क्षेत्रको लागि घर अगाडी छोडिएको भागमा सेफ्टी ट्याँकी लगायत कुनै संरचना निर्माण नगरौं।
११. बन्यजन्तु अवैध चोरी शिकारी नगरौं ।
१२. करेन्ट र विषादी प्रयोग गरी जलचर र माछा मार्नु कानूनी रुपमा दण्डणीय छ। यसरी माछा मार्ने कार्य वन्द गर्न गराउन सबैले सहयोग गरौं ।
१३. लागु औषध प्रयोग नियन्त्रण गर्न सबै मिली सहयोग गरौं ।
१४. सुन्दर भविष्यका कर्णधार हाम्रा छात्रछात्राहरुलाई दुर्व्यसनी हुन र कुलतमा लाग्नबाट बचाऔं ।
१५. कानून विपरित कार्य गर्ने जो कोहीलाई कानूनी कठघरामा उभ्याउन सबैले सहयोग गरौं ।
१६. सबैखाले सामाजिक बिकृति विसंगती विरुद्धको अभियानमा सबैले सहकार्य गरौं ।
१७. जथाभावी पशु चौपाया छाडा नछाडौं ।

# घ्याङलेखमा सूचना प्रविधिको विकास र भविष्य



✍ **किशोर कुमार वाइबा**
सूचना प्रविधि अधिकृत
घ्याङलेख गाउँपालिका, सिन्धुली

नेपालको संविधान २०७२ बमोजिम स्थानीय तह लागु गर्ने नेपाल सरकारको २०७३ फागुन २७ गतेको निर्णय अनुरुप मुलुकमा हाल ७५३ वटा स्थानीय तहहरु रहेका छन् । यी नै मध्ये बागमती प्रदेशको सिन्धुली जिल्ला अन्तर्गतका ९ वटा स्थानीय तहहरु भित्र घ्याङलेख गाउँपालिका पनि पर्दछ । सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीमाढीबाट मात्र ३५ कि.मि. को दुरीमा रहे पनि सिन्धुलीको कर्णालीको रुपमा चिनिने यस गाउँपालिका स्थानीय तह लागु भए पश्चात पनि सूचना प्रविधिको पहुँच बाहिर नै रहेको थियो । त्यस ताका केहि चिट्ठी पत्रहरु कम्प्यूटराईज गरिएता पनि कार्यालयको सेवा प्रवाह परम्परागत रुपमा नै चल्दै आएको थियो । भौगोलिक विकटताका कारण सूचना प्रविधिको विकासको लागि अति महत्वपूर्ण इन्टरनेट सेवा प्रायः कल्पना बाहिरकै विषय थियो भन्दा अत्युक्ति नहोला ।

विस्तारै समय परिवर्तन हुँदै गयो । अनि डिजिटल नेपालको एउटा सपना बोकेर सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) आयो । उक्त कार्यक्रम अन्तर्गत सबै स्थानीय तहहरुमा सूचना प्रविधिको विकासको निम्ति १ जना सूचना प्रविधि अधिकृत नियुक्त गर्ने प्रावधान राखियो । सोहि अनुरुप मुग्लान भासिएर सूचना प्रविधिकै क्षेत्रमा ३ वर्षको कार्यानुभव बटुलिसकेको एउटा ठीटो वि.स. २०७४ साल फागुन १० गते आफ्नो गाउँ आफैँ बनाऔँ भन्ने भावना बोकेर घ्याङलेख गाउँपालिकामा सूचना प्रविधि अधिकृतको रुपमा नियुक्त हुन आईपुग्यो । त्यस पछि चुनौतिका पहाडहरु उक्लिनु त थियो नै । साथै बिलकुलै नौलो विषय सूचना प्रविधि क्षेत्रको जीरो लेभेल देखिको विकासको निम्ति यस बारे त्यति जानकार नरहेका जनप्रतिनिधिज्यूहरुसँग तादम्यता मिलाउनु सजिलो भने पक्कै थिएन । यद्यपी "It always seems impossible until it's done." भन्ने भनाईलाई आत्मसाथ गर्दै विस्तारै अवस्था बदलिदै गयो । घ्याङलेख गाउँपालिकाको तात्कालीन प्रमुख प्रशासकीय अधिकृत श्री सन्तोष नेपाली सरको पहलमा घ्याङलेखको इतिहासमै पहिलो चोटी वडा नं. १ को डोँठे र वडा नं. ४ को गोठ डाँडामा वायरलेस रिपिटर टावर सेटअप गरी हायुटार स्थित गाउँपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुमा इन्टरनेट जडानको काम सफलतापूर्वक सम्पन्न भयो । त्यस यता घ्याङलेख गाउँपालिकाले सूचना प्रविधिको विकासको निम्ति योजना तर्जुमा गर्न सकेन र बजेट बिनियोजन प्रायः सून्य नै रह्यो । “स्वास्थ्य, शिक्षा, कृषि र दिगो पूर्वाधार ! घ्याङलेखको सम्वृद्धिको आधार !!” भन्ने मूल नारामा केन्द्रित रहेर गाउँपालिकाले हरेक वर्ष यिनै क्षेत्रमा लगानि गरिरह्यो । तथापी नेपाल सरकारको e-Governance र Paperless सेवा प्रवाहको अवधारणालाई मध्यनजर गर्दै सिमित श्रोत र साधनका बाबजुध सूचना प्रविधिको क्षेत्रले बामे सर्दै गयो ।

विगत ३/४ बर्षको कालखण्डमा विभिन्न आरोह र अवरोह पार गरी आजसम्म आईपुग्दा घ्याङलेख गाउँपालिकाले सूचना प्रविधिको क्षेत्रमा बजेट अभावका कारण सोँचे अनुसार फड्को मार्न नसकेता पनि पहिले भन्दा निक्कै नै सुधार भएको मान्न सकिन्छ । हाल यस गाउँपालिकाको नाममा डोमेन नाम दर्ता भइ विद्युतीय प्रमाणपत्र (डिजिटल सर्टिफिकेट) सहित वेबसाइट सञ्चालनमा रहेको छ । यस वेबसाइटमा घ्याङलेख गाउँपालिकाको सम्पूर्ण सूचनाहरु बर्गीकरण गरी अनि नियमित रुपमा अध्यावधिक गरी राखिएको छ । साथै गाउँपालिकाले प्रवाह गर्ने सेवा, सुविधा, सोका लागि आवश्यक पर्ने कागजात, लाग्ने शुल्क तथा दस्तुर, आवश्यक पर्ने समय एवं प्रक्रियाहरु पनि विस्तृत रुपमा वेबसाईट मार्फत एक ल्किकमा हेर्न सकिन्छ । शुल्क, कर तथा राजस्वको व्यवस्थापन र सिफारिसमा एकरुपताको लागि सूचना प्रविधिमा आधारित अनलाईन (सफ्टवेयर) प्रणालीमा ल्याईएको छ । दैनिक आम्दानी र खर्चको विवरण, सञ्चित कोषमा रहेको रकम, तिर्नु पर्ने दायित्व, प्राप्त हुनु पर्ने आम्दानी लगायतका विवरण राजस्व तथा लेखा प्रणाली (SuTRA) बाट तत्कालै प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । गाउँपालिकाको कार्यालयमा डिजिटल सूचनापाटी र डिजिटल डिस्प्ले बोर्डको पनि स्थापना गरिएको छ । गाउँपालिका वरीपरीका महत्वपूर्ण बजार र चोक अनि न्यायिक इजलासमा सीसीटीभी क्यामेरा जडान गरिएको छ । विगतमा विद्युतीय हाजिरी प्रयोगमा ल्याईएता पनि कोरोना महामारीका कारण हाललाई सो सेवा स्थगित गरिएको छ । पहिले जस्तो सेवाग्राहीको सरोकारको विषयमा जानकारी लिन मात्रै पनि गाउँपालिकाको कार्यालय र वडा कार्यालय नै पुग्नु पर्ने बाध्यात्मक परिस्थितिलाई सुधार्न र नागरिकको सूचनाको हकलाई स्थापित गर्न मोबाईल फोन सेवा, गाउँपालिकाको मोबाईल एप, फेसबुक पेज, टुईटर र युट्युब एकाउन्ट हाल

सञ्चालनमा रहेका छन् । साथै विद्युतीय पत्राचारको लागि यस गाउँपालिकाको नाममा इमेल आईडी निर्माण गरिएको छ । अनि जनताको चासो/गुनासो र प्रतिक्रियाहरु पनि सामाजिक सञ्जाल, वेबसाइट, इमेल, टुईटर, युट्युब र हेल्लो सरकार मार्फत राख्न सकिने व्यवस्था गरिएको छ ।

दैनिक कार्यसम्पादनमा सूचना प्रविधिको प्रयोगलाई बढाउँदै डिजिटल नेपालको अवधारणालाई सार्थक तुल्याउँन वर्तमान अवस्थामा ड्रोन प्रयोगमा ल्याउँने घ्याङलेख गाउँपालिका सिन्धुली जिल्लाकै पहिलो स्थानीय तह हो । यसको अलवा गाउँपालिकाले स्पेशल भिडियो इडिटिङ कम्प्यूटर र DSLR क्यामेरा पनि प्रयोग गर्दै आईरहेको छ । हाल सालै मात्र प्रमुख प्रशासकीय अधिकृत श्री राम कुमार कार्की सरको अगुवाईमा घ्याङलेख गाउँपालिकाले वडा र गाउँपालिकाको कार्यालयबाट प्रवाह हुने सेवा सुविधा चुस्त दुरुस्त राख्न अति आवश्यक रहेको (High Speed Internet) अप्टिकल फाइबर केवल विस्तार जस्तो अत्यन्तै महत्वपूर्ण काम सम्पन्न गरेको छ । साथै, डिजिटल भिलेज प्रोफाईल निर्माण जस्तो जटिल तर महत्वपूर्ण काम पनि यसै आर्थिक वर्षमा सम्पन्न गरिएको छ । तसर्थ, यसै वस्तुगत पार्श्वचित्रको माध्यमबाट यस गाउँपालिकाको वर्तमान अवस्था विभिन्न कोण र आयामबाट हेर्न र विश्लेषण गर्न सकिने छ ।

सूचना प्रविधिको अधिकतम र उच्चतम प्रयोग अनि यस क्षेत्रको खोज, अनुसन्धान र नयाँ टेक्नोलोजीको आविष्कारका कारण आजको युगमा विश्वका शक्तिशाली राष्ट्रहरु शक्ति केन्द्रको अग्रपंक्तिमा स्थापित छन् । कल्पनाको विषयलाई यर्थाथमा परिणत गर्न र ठूला-ठूला सरकारी तथा गैरसरकारी संगठनात्मक काम अनि योजनाहरुलाई छिटो छरितो, व्यवस्थित र बैज्ञानिक ढंगबाट गर्न सूचना प्रविधिको प्रयोगको बिकल्प रहँदैन । यसको प्रयोगले थोरै समयमा धेरै कार्यहरु गर्न अनि कम लगानिमा उच्च प्रतिफल हासिल गर्न सकिने हुँदा जुनसुकै कार्यलाई आर्थिक रुपमा मितव्ययी बनाउन मदत गर्दछ । त्यति मात्र नभई जटिल कामहरु पनि सजिलै गर्न सकिन्छ अनि कार्यालयका कामकाजलाई पारदर्शी बनाउन सहयोग पुऱ्याउँछ । नागरिकको चेतनास्तर बृद्धि गराउन, विभिन्न तथ्याङ्क लामो समयसम्म सुरक्षित राख्न र विकास निर्माणका कामलाई तीव्रता दिन सूचना प्रविधिलाई विशेष महत्व दिनु आवश्यक छ । पारदर्शिता, जवाफदेहिता अभिवृद्धि गर्नुका साथै असल शासनको संस्कार स्थापित गर्न पनि सूचना प्रविधिले अहम भूमिका खेल्द छ । तसर्थ, असल शासन स्थापनाको लागि घ्याङलेख गाउँपालिकामा पनि अझै धेरै गर्न बाँकी छ । कार्यालय सञ्चालनका सबै संयन्त्रहरुलाई सूचना प्रविधिमैत्री बनाउनुका साथै प्राईभेट नेटवर्क स्थापना गरेर आफ्नो डाटा आफ्नै स्वामित्वमा राख्न वेब सरभर, फाइल सरभर, मेल सरभर, डोमेन सरभर आदि सेटअप गर्न जरुरी छ । यसरी डाटा सेन्टर सेटअप गर्न सकिए घ्याङलेख गाउँपालिकालाई मात्र नभइ Server Virtualization को माध्यमबाट सिन्धुली जिल्ला भरीका सबै स्थानीय तहहरुलाई स्पेश दिन सकिने छ । बजेट अभावका कारण अधुरै रहेको यस महत्कांक्षी कामले सबैको हित गर्नेमा दुई मत छैन । त्यसैले सूचना प्रविधि नै विकासको मेरुदन्ड हो भन्ने दृष्टान्त पेश गरेका स्याङजाको वालिङ नगरपालिका र भक्तपुरको चाँगुनारायण नगरपालिकाबाट हामीले पाठ सिक्न अत्यन्त जरुरी छ । त्यसको लागि यी दुई नगरपालिकाहरुले गरेका लगानी, योजना र योगदानको पनि शुक्ष्म ढंगले अध्ययन गर्नु आवश्यक छ । यसरी समयको माग अनुसारको सूचना प्रविधिको विकासमा युगान्तकारी परिवर्तनको लागि घ्याङलेख गाउँपालिकामा पनि शैक्षिक, राजनैतिक, सामाजिक अनि बैचारिक बिचार विमर्षहरु हुन जरुरी छ । अन्त्यमा, सकारात्मक निष्कर्ष निकालेर मन, बचन र कर्मले जनप्रतिनिधि र कर्मचारी एकसाथ अगाढी बढेको खण्डमा घ्याङलेख गाउँपालिकालाई सूचना प्रविधिको क्षेत्रमा नेपालकै नमुना गाउँपालिका बन्नबाट कसैले रोक्न सक्दैन ।

# नवौं गाउँ सभाका तस्वीरहरू














## गाउँपालिकाद्वारा आर्थिक सहयोग गर्दाका तस्वीरहरू





















दर्ता शिविर अभिमुखिकरण कार्यक्रम





घ्याङलेख गाउँपालिकाको सहयोगमा रेडक्रस सिन्धुलीद्वारा तामाजोर उपशाखा घ्याङलेखलाई एम्बुलेन्स हस्तान्त्रण कार्यक्रमका तस्वीरहरू






घ्याङलेख गाउँपालिकाको सहयोगमा रेडक्रस सिन्धुलीद्वारा तामाजोर उपशाखा घ्याङलेखलाई एम्बुलेन्स हस्तान्त्रण




ड्रोनबाट खिचिएको अमले मा.वि. को तस्वीरहरू




अमले मा.वि. को शिक्षक शिक्षिकाको सामूहिक तस्वीरहरू



अमले मा.वि. नजिकैको जंगलमा अवस्थित मन्दिर



वडा स्तरीय भलिवल प्रतियोगिताका कप र मेडलहरू - अमले

# निजामती सेवा दिवसको अवसरमा आयोजित ब्याडमिन्टन प्रतियोगिताका तस्वीरहरू




















श्री शारदा मा. वि. भैंसेका विद्यार्थीहरू





भूकम्प मापन केन्द्र, सातदोबाटो/नाङ्गेडाँडा




भूमि सम्बन्धी समस्या समाधान आयोगको अभिमुखिकरण कार्यक्रम





भूमि सम्बन्धी समस्या समाधान आयोगको अभिमुखिकरण कार्यक्रम




निजामती सेवा दिवसमा सम्पन्न बृक्षारोपण कार्यक्रम






किशोर किशोरी आधारभूत कम्प्यूटर तालिम







किशोर किशोरी आधारभूत कम्प्यूटर तालिम





धान दिवसमा आयोजित रोपाइँ कार्यक्रम







डिजिटल सूचना पाटी



फाईबरको झोला निर्माण सम्बन्धी तालिम




ई. प्र. का. बस्तिपुरलाई गाउँपालिकाद्वारा विपदका सामाग्रीहरू वितरण







ई. प्र. का. बस्तिपुरलाई गाउँपालिकाद्वारा विपदका सामाग्रीहरू वितरण





गाउँपालिका परिसरका फूलहरू



गाउँपालिका परिसरको गुलावको फूल



हाल गाउँपालिकाको कार्यालय रहेको अस्थाई भवन





सीप विकास तालिम




होजियारी सम्बन्धी तालिम



सीप विकास तालिम





५ बेडको अस्थायी कोभिड अस्पताल (आइसोलेसन सेन्टर)




कार्यपालिकाका महिला सदस्यज्यूहरू
उपाध्यक्षज्यूको साथमा




क्रमशः पाँचै वडाका वडा अध्यक्षज्यूहरू







कर्मचारीहरूको सामूहिक तस्वीर

## गाउँपालिकाको ब्याक हो लोडरद्वारा सडक मर्मत गरिएका झलकहरू















सेमताङ झरना, अमले



कुलिङ्ग झरना, अमले



डुम्री गाउँ क्षेत्र



कोल्टार गाउँ क्षेत्र






अनुदानमा कृषकलाई कृषि औजार वितरण






लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान





लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान






लोकसेवा तयारी कक्षा





अन्तराष्ट्रिय महिला दिवस





आधारभूत पत्रकारिता तालिम





बहुक्षेत्रीय पोषण कार्यक्रम






ईलाका प्रहरी कार्यालय, बस्तिपुर, सिन्धुली





पूर्ण खोप गाउँपालिका घोषणा कार्यक्रम



रामपुर बजार



रामपुर बजार स्थित बन्दै गरेको विद्यालयको भवनहरू



रामपुर खोलाको झोलुङ्गे पुल



रामपुर बजारमा अवस्थित मन्दिर



संविधान दिवसको व्यानर



संविधान दिवसमा बनाईएको नेपालको नक्सा


संविधान दिवसमा कार्यालयमा दीप प्रज्वलन


सिम्ले खोलाको पक्की पुल


सिम्ले खोलाको पक्की पुल


सडक सोलिङ


सडक सोलिङ


ड्रेन निर्माण

# सार्वजनिक सुनुवाई कार्यक्रमका झलकहरू














# ७५ वर्ष माथिका वृद्ध वृद्धालाई सिरक डस्ना वितरण

















सुंगुरको पाठा वितरण कार्यक्रम





सुंगुरको पाठा वितरण कार्यक्रम




स्वास्थ्य कार्यक्रमहरूको वार्षिक समिक्षा



स्वास्थ्य कार्यक्रमहरूको वार्षिक समिक्षा



बृद्धा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सम्मानजनक विदाई कार्यक्रम



बृद्धा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सम्मानजनक विदाई कार्यक्रम


टोल विकास संस्था गठन


टोल विकास संस्था गठन


महिलाको नेतृत्वमा टोल विकास संस्था गठन




अपाङ्गता भएका व्यक्तिलाई व्हीलचेयर वितरण



किसानलाई अनुदानमा कागतीको बिरूवा वितरण



नक्सा पास सम्बन्धी सेवा लिन आउनुभएको पहिलो सेवाग्राही



मरिण खोला



हायुटार



घट्टमाथि र चन्दनपुर तिरको दृश्य



स्वास्थ्य चौकी, विद्यालय र गाउँपालिका क्षेत्र



सातदोबाटो (नाङ्गेडाँडा) स्थित छ्योर्तेन



सातदोबाटो (नाङ्गेडाँडा) स्थित नारायनथान मन्दिरको प्रवेशद्वार



सातदोबाटो (नाङ्गेडाँडा) स्थित नारायनथान मन्दिर



घ्याङलेख गाउँपालिकाको घ्याङडाँडामा निर्माण भईरहेको गुम्बा



अमलेको लघुराम डाँडाको जंगलमा आफै उम्रिएका प्राकृतिक बोजो



चन्दनपुर स्थित मरिण बराजु थानको मन्दिर



अमलेको जंगलमा पाईने अनौठो प्रजातिको बन केरा



अमले स्थित फलाम खानीको ढुंगा



हायुटार बजारको दृश्य






टोकन प्रणाली






स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी अनुशिक्षण कार्यक्रम






उपभोक्ता समितिको क्षमता अभिवृद्धि तालिम



वडा सचिवज्यूहरूलाई राजस्व सम्बन्धी अनलाईन सफ्टवेयरको तालिम



वडा सचिवज्यूहरूलाई राजस्व सम्बन्धी अनलाईन सफ्टवेयरको तालिम




फापरचुली पशुपति मन्दिर




गाउँपालिकाको भवन निर्माणको लागि माटो परीक्षण




प्रयोगशाला उद्घाटन समारोह, स्वास्थ्य चौकी, बस्तीपुर




सिन्धुली बहुमुखी क्याम्पसका सरहरूसँगको सामुहिक तस्वीर



गाउँपालिका आउनुभएका पाहुनाहरूसँगको फोटो




गाउँपालिका आउनुभएका अन्य पाहुनाहरूसँगको फोटो



सिम्ले खोलाको झोलुङ्गे पुल उद्घाटन कार्यक्रम



सिम्ले खोलाको झोलुङ्गे पुल उद्घाटन कार्यक्रम






लघु उद्यमीहरुका लागि लघु कर्जा सम्बन्धी कार्यक्रम




वडा नं. २ को वडा सचिव श्री कमल लामा सरको विदाई कार्यक्रमको सामुहिक तस्वीर

# सरसफाई अभियानका झलकहरू














# सिलाई कटाई सम्बन्धी सिप विकास तालिम


















इन्जिनियर श्री दिपेश न्यौपाने सरको विदाई कार्यक्रमको सामुहिक तस्वीर




सातौं गाउँ सभाको तस्वीर संघीय माननीय श्री हरिबोल गजुरेल र प्रदेश माननीय श्री बुद्धिमान माझी (बसन्त) को साथमा




पूर्व प्रमुख प्रशासकीय अधिकृत श्री सन्तोष नेपाली र लेखा सहायक श्री हेम चौहान सरको विदाई कार्यक्रम





जिल्लाबाट पाल्नुभएका विशिष्ट व्यक्तिहरूसँगको भेटघाट कार्यक्रम







कोभिड-१९ को महामारी पश्चात पहिलो पटक अनलाईन जुम बैठमा अध्यक्षज्यू र उपाध्यक्षज्यू, प्रदेश मुख्य मन्त्री श्री डोरमणी पौडेलज्यूसँग




फापरचुली

# निर्माणाधिन फापरचुली भ्यु टावर

